पोखरेली युवा सांस्कृतिक परिवार, पोखरा

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल, पोखरा सहयोगी समूह



# उत्खनन

# उत्खनन

(सामयिक सङ्कलन)

संयोजक

भोजबहादुर जि.सी.

सम्पादन

| | |
|---|---|
| लक्ष्मण थापा | तीर्थ श्रेष्ठ |
| कृष्ण उदासी | प्रकट पगेनी 'शिव' |
| दीपक समीप | कौशलचन्द्र जि.सी. |

प्रकाशक

पोखरेली युवा साँस्कृतिक परिवार, पोखरा (आयोजक)

ट्रान्सपरेन्सी इन्टरनेशनल, पोखरा सहयोगी समूह (सहकार्य)

सुशासनको पक्षमा तथा भ्रष्टाचारविरुद्ध साहित्यिक अभियान

२०६१, पोखरा

(२०६१ भाद्र ४ देखि आश्विन १ सम्म)

## आभार

- डा. विमलप्रसाद कोइराला, मुख्य सचिव, श्री ५ को सरकार
- क्षेत्रीय प्रशासन कार्यालय
- जिल्ला प्रशासन कार्यालय, कास्की
- जिल्ला विकास समिति, कास्की
- पोखरा उद्योग वाणिज्य संघ, पोखरा
- नेपाल बाल संगठन, कास्की
- मालपोत कार्यालय, कास्की
- नापी शाखा, कास्की
- नेपाल विद्युत प्राधिकरण, पोखरा
- पोखरा उपमहानगरपालिका, पोखरा
- गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालय, पोखरा
- नेपाल टेलिकम, पोखरा
- खानेपानी संस्थान, पोखरा
- पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा
- आन्तरिक राजस्व कार्यालय, पोखरा
- नेपाल बैंक लिमिटेड, पृथ्वीचोक, पोखरा
- जिल्ला प्रहरी कार्यालय, कास्की
- ८ नं. नापी गोश्वरा, कास्की
- बेगनास युवा क्लब, ले.न.पा., कास्की (स्थानीय आयोजक)
- सिद्धार्थ क्लब, पोखरा (स्थानीय आयोजक)
- नवनीत साहित्य सागर, छोरेपाटन, पोखरा (स्थानीय आयोजक)
- हेमजा साहित्य प्रतिष्ठान, हेमजा, कास्की (स्थानीय आयोजक)
- शुक्ला साहित्य प्रतिष्ठान, बाटुलेचौर, पोखरा (स्थानीय आयोजक)
- अमृत कम्प्युटर सर्भिस, न्यूरोड, पोखरा (कम्प्युर सेटिङ)
- एकता कम्प्युटर, गैह्रापाटन, पोखरा
- गोरखाली अफसेट प्रेस, सिर्जनाचोक, पोखरा (मुद्रण)
- रमेश श्रेष्ठ, पोखरा (आवरण)
- पगेनी आर्ट मिडिया, वी.पी. मार्ग, पोखरा
- रविन्द्रप्रसाद मैनाली, नयाँबजार, पोखरा

*यस सङ्ग्रहका सिर्जना तथा अभिव्यक्तिहरु लेखकका आफ्ना निजी विचार हुन्। जसको जिम्मेवारी लेखक स्वयम् हुनेछ।*

# संयोजकको कलम

विश्वको बदलिँदो परिस्थितिले मुलुकको राष्ट्रियताको सोच पनि परिवर्तन उन्मुख छ । मुलुकको आवश्कयताअनुरूप राजनीतिक तथा प्रशासनिक क्षेत्र पनि सशक्तरूपमा स्थापित हुनुपर्ने टड्कारो आवश्यकता देखिँदै आएको छ । आफ्नो पेशा व्यवसायको गरिमा कायम राख्न, प्रतिष्ठायुक्त बनाउन र उच्च छवि कायम राख्न रानजीतिक तथा प्रशासनिक क्षेत्रले अझ बढी चासो लिनुपर्ने बेला भएको सन्दर्भमा मुलुकले भोग्दै आएको राजनीतिक अस्थिरताका कारण देशको समग्र क्षेत्रमा भ्रष्टाचारले जरो गाड्ने अवसर पाई हाल राष्ट्रिय चुनौतिको रूपमा रहेको र त्यसलाई नियन्त्रण गर्नका लागि संस्थागत रूपमा व्यापक जनचेतना जगाई देशका विभिन्न तह र तप्काका व्यक्तिहरूमा सजगता ल्याउनुपर्ने कुरालाई मनन गर्दै साहित्यिक मनहरूले सिर्जना गरेका अभिव्यक्तिहरूबाट नै सजगता तुल्याउने कार्यमा प्रभावकारी भूमिका खेल्न सक्ने र सो कार्य सर्वप्रथम स्थानीयस्तरबाट नै सुरुआत गर्न सकेको खण्डमा प्रभावकारी हुने अभिप्रायबाट पोखरेली युवा साँस्कृतिक परिवारको आयोजनामा तथा ट्रान्सपरेनसी इन्टरनेशनल, पोखरा सहयोगी समूहको तत्वावधानमा २०६० भाद्र ५ गतेदेखि आश्विन १ गतेसम्म १ महिनाव्यापी सुशासनको पक्षमा तथा भ्रष्टाचारविरुद्ध साहित्यिक अभियान २०६१ को आरम्भ गरिएको थियो ।

भ्रष्टाचार एक प्रकारको गहन सामाजिक अपराध हो । यसलाई नियन्त्रण गर्नु मुलुकको लागि एक चुनौतिपूर्ण कार्य हुन पुगेको छ । यदि मुलुकमा साँच्चै नै भ्रष्टाचारको नियन्त्रण गर्ने हो भने भ्रष्टाचारको स्रोतकेन्द्रका रूपमा देखिएका राज्य केन्द्रिकृत निकायहरू गाउँ र नगर नै हुन् । गाउँ र नगरमा भ्रष्टाचारविरुद्धको कामहरू हुन सकेमा त्यसको सकारात्मक असर केन्द्रीयस्तरमा पनि पर्न जाने हुँदा स्थानीय निकायबाटै यस्तो अभियानको थालनी हुनु आवश्यक छ । अर्को प्रतीकात्मक दृष्टिबाट हेर्दा केन्द्रीय नेतृत्व भन्नु नै स्थानीय नेतृत्वको प्रतिविम्ब हुने हुँदा भ्रष्टाचार निवारणको काम स्थानीयस्तरमा प्रतीकात्मक ढंगमा सञ्चालन गर्न सकेको खण्डमा प्रजातन्त्रको जगलाई बलियो तुल्याउन सहयोग पुग्न जाने विश्वासका साथ सञ्चालन गरिएको प्रस्तुत अभियानको दीर्घकालीन असर कस्तो हुने भन्ने बारेमा भविष्यले नै बताउला तर हामीले सञ्चालन गरेको अभियानमा संलग्न भएका सहभागी साहित्यकार एवं सहभागी नभएका

कवि कवयत्रीहरूले अनपेक्षित ढंगबाट सुशासनको पक्षमा तथा भ्रष्टाचारविरुद्धका जुन साहित्यिक रचनाहरू तत्काल सिर्जना गरेका छन्, त्यो प्रत्यक्ष देख्न पाउँदा हाम्रो अभियानले लिएको लक्षित उद्देश्य पूरा भएको हामीलाई लागेको छ ।

साहित्य समाजको ऐना हो र यसले समाजमा देखा परेका विकृतिहरूलाई यथास्थितिमा चित्रण गर्न सक्दछ भन्ने मान्यतालाई अभियानमा संलग्न रहनुभएका कवि एवं साहित्यकारहरूका रचना हेर्दा सो कुराको पुष्टि हुन जान्दछ । असल समाज निर्माणको लागि समाजको सबै वर्गको उत्तिकै भूमिका हुने कुरालाई मनन गर्दै हाल देशमा देखिएको व्याप्त भ्रष्टाचारको विरुद्धमा राज्यद्वारा व्यवहारत: अनुत्पादक क्षेत्रको रूपमा लिइएको साहित्यिक क्षेत्रका स्रष्टाहरूद्वारा राज्यकै मेरुदण्डलाई बलियो तुल्याउने उद्देश्यबाट अभिप्रेरीत भएर अभियानमा संलग्न रहनुभएका पोखरेली साहित्यकार एवं कविकवयत्रीहरूको लामो संलग्नता र प्रयासको उपज प्रस्तुत पुस्तक हो भन्ने हामीलाई लागेको छ ।

भ्रष्टाचार हुनु, अनियमितता हुनु, एक पक्ष हुन् भने त्यसलाई विस्तारै नियन्त्रण गर्नका लागि आत्मदृढता राख्नु अर्को सकारात्मक पक्ष हो । अभियानलाई मूर्त रूप दिनका लागि प्रशासनिक क्षेत्रबाट पनि त्यत्तिकै उदाररूपमा आफ्नो मातहतका १४ वटा कार्यालयहरूमा स्थानीय कवि एवं साहित्यकारहरूलाई अवलोकनको लागि अनुमति प्रदान गर्नुहुने नि. प्रमुख जिल्ला अधिकारीज्यू, १४ वटै कार्यालयका प्रमुखज्यूहरूप्रति हामी आभारी छौं ।

अभियानले लिएको उद्देश्यलाई मूर्त रूप दिनका लागि सहयोग प्रदान गर्नुहुने नेपाल बाल संगठन, बेगानस युवा क्लब, सिद्धार्थ क्लब, नवनीत साहित्य सागर, हेमजा साहित्य प्रतिष्ठान, शुक्ला साहित्य समिति, पगेनी आर्ट मिडिया र अभियानमा संलग्न रहनुभएका सहभागी एवं अतिथि सहभागी कवि तथा साहित्यकारहरूप्रति आभार व्यक्त गर्न चाहन्छौं ।

अभियानलाई मूर्त रूप दिनका लागि ट्रान्सपरेन्सी इन्टरनेशनल, पोखरा सहयोगी समूहद्वारा उदारतापूर्वक प्राप्त सहयोग र हौसलाको फलस्वरूप नै अभियानको प्रारूप कोरिएको हो भन्ने हामीलाई लागेको छ । अन्त्यमा, पोखरेली युवा साँस्कृतिक परिवारका सदस्य एवम् पदाधिकारीहरू विशेषत: अध्यक्ष ईश्वरमणि अधिकारी, सचिव ध्रुव श्रेष्ठ, सल्लाहकारद्वय तीर्थ श्रेष्ठ र सरुभक्त, ट्रान्सपरेन्सी इन्टरनेशनलका सुपरभाइजर श्री रविन्द्र मैनाली र यो उत्खनन सम्पादनमण्डलप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छौं ।

भोजबहादुर जि.सी.
संयोजक
सुशासनको पक्षमा तथा भ्रष्टाचारविरुद्ध
साहित्यिक अभियान- २०६१

# अध्यक्षको कलम

भ्रष्टाचार भन्ने शब्दले सामान्यतः पतीत आचरण अथवा दूषित मर्यादा भन्ने जनाउँछ, त्यसो त प्रचलित नियमकानुन विरुद्ध आफ्नो नैतिकता समेत बन्धकी राखेर अनुचित आर्थिक लाभ लिई गरिने दुराचरणलाई भ्रष्टाचार भन्ने गरिन्छ । साँच्चै, आचार र भ्रष्टाचारमा कुन पहिला जन्म्यो होला, वर्णमालाकै क्रममा जस्तै 'अ' अगाडि आएकै कारणले आचार जेठो होला कि आचारको अगाडि भ्रष्ट थपिएर (या, भ्रष्टको पछाडि आचार जोडिएर) भ्रष्टाचार भएकोले भ्रष्टाचार जेठो होला, जुन जसरी जन्मेको/बढेको भए पनि सृष्टिको सुरुवातदेखि नै भ्रष्टाचारको महत्ता छ, चर्चा छ, चाहे त्यो दैविक भ्रष्टाचार होस् अथवा आसुरी ।

सुरमुनिदेखि भुसुनासम्म र राजादेखि रैतिसम्मलाई जकडेको यो भ्रष्टाचार र कुशासनको अस्तित्व जबसम्म चन्द्रसूर्य आकाशमा रहन्छन् तबसम्म यो धर्तीमा कुनै न कुनै रुपमा रहिरहन्छ र पनि यसको प्रभाव, क्षेत्र र असर न्यूनीकरण गर्नमा सम्पूर्ण नागरिक समाजको अहम् भूमिका रहेको हुन्छ । कवि, लेखक, कलाकारहरू समाजलाई अत्यन्त नजिकबाट नियालेर आफ्ना अनुभूतिहरूमा समाजको चित्र उतार्न सक्ने प्रबुद्ध वर्गहरू हुन् र यिनीहरूको कलम समाजको स्वच्छ तथा स्वस्थ रुपान्तरणका लागि कृयाशील हुनुपर्छ । समाजमा व्याप्त विकृति र विसंगतिलाई नियाल्दै मानवीय मूल्य र मान्यताहरूलाई स्थापित गराई समतामूलक समाजको निर्माणका खातिर चेतनाको दियालो सल्काउने यात्रामा युगौंदेखि लाग्दै आएका कवि/लेखकहरूलाई "साहित्य, कला र संगीतको उत्थान-हाम्रो प्रण" भन्ने मूल मन्त्रका साथ वाङ्मयिक सेवामा समर्पित यस संस्थामार्फत् वर्तमान समयको जल्दोबल्दो विषय भ्रष्टाचार र सुशासन/कुशासनका बारेमा आफ्ना सृजनाहरूको माध्यमले एकत्रित रुपमा बोलाउने प्रयास टी.आई.नेपाल, पोखरा सहयोगी समूहको सहकार्यमा गर्न पाएकोमा पोखरेली युवा सांस्कृतिक परिवार गर्वको महसुस गर्दछ । यस

कार्यले कविहरू आफैंलाई पनि सदाचार र सुशासनको पक्षमा उभिन झनै प्रेरीत गर्ने छ र समाजको नमूनाको रुपमा साहित्यकारहरू स्थापित हुनेछन् भन्ने हाम्रो अभिष्ट रहिआएको छ ।

यस क्षण, म "भ्रष्टाचारको विरुद्धमा तथा सुशासनको पक्षमा साहित्यिक अभियान २०६१" मा संलग्न सम्पूर्ण अभियन्ता कवि/लेखकहरू, पो.यु.सा.प.का आदरणीय अग्रज अभिभावक एवं सहकार्य मित्रहरू, अभियानका संयोजक एवं परिवारका निवर्तमान अध्यक्षमित्र श्री भोजबहादुर जि.सी., टी.आई. नेपाल, पोखरा सहयोगी समूहका सम्पूर्ण आदरणीय मित्रहरू, विभिन्न सरकारी कार्यालयका कार्यालय प्रमुख तथा कर्मचारी साथीहरू, अभियानको शुरुवात र समापन गरिने स्थल उपलब्ध गराउने बालमन्दिर विद्यालय परिवारलगायत यस अभियानलाई सफल पार्न प्रत्यक्ष तथा अप्रत्यक्ष तबरले हामीलाई सहयोग र समर्थन जुटाइदिनु हुने सबै सदाचार र सुशासन प्रेमीहरूप्रति पोखरेली युवा सांस्कृतिक परिवारको तर्फबाट हार्दिक आभार र कृतज्ञता ज्ञापन गर्दछु ।

**ईश्वरमणि अधिकारी**
अध्यक्ष
पोखरेली युवा सांस्कृतिक परिवार, पोखरा

# मन्तव्य

प्रत्येक नागरिक एउटा सुन्दर र सफल राज्यको परिकल्पना गर्दछ किनभने सफल राज्यको नागरिकले नै आफूलाई स्वाभिमानी महशुस गर्छ ।

आम जनतालाई सहज र सरल रूपमा सेवा पुऱ्याउने जिम्मेवारी सरकारको हो । सरकारको यस कार्यमा प्रभावकारीता सुशासनबाट मात्र सम्भव हुन्छ । सुशासन कायम राख्न सकिएन भने अनुशासनहीनता र दण्डविहीनताको स्थिति सिर्जना हुन्छ । भ्रष्टाचारको दबदबाले सबै वर्गलाई आक्रान्त तुल्याएको छ । आम नागरिकको चासो भ्रष्टाचारविहीन समाजको परिकल्पनामा, भ्रष्टाचारीहरूलाई छिटोभन्दा छिटो दण्डित गर्नुपर्नेमा बढेको छ । अन्याय, अत्याचार र नाजायज कुराको प्रतिरोध गर्न नागरिक समाज सशक्त र सबल हुनुपर्ने सबैले महशुस गरेका छन् । यिनै परिवेशमा यिनै कुरालाई ध्यानमा राखेर भ्रष्टाचार विरुद्ध आन्दोलनमा सबैको सहभागिता, भ्रष्टाचार अन्त गर्नुपर्ने मुद्दालाई आम जनताको एजेण्डा बनाउन हाम्रो ट्रान्सपरेन्सी इन्टरनेशनल, नेपाल सहयोगी समूह विगत् केही वर्षदेखि संलग्न छ । यस आन्दोलनमा सबैको सहकार्य हुनुपर्छ भन्ने उद्देश्यका साथ अगाडि बढिरहेको सहयोगी समूह पोखराले विगत वर्षदेखि शिक्षक, विद्यार्थी, आमा समूह, कलाकार, पत्रकार, कर्मचारीसँग संयुक्तरुपमा कार्यक्रम संचालन गर्दै आएको छ । भिन्दाभिन्दै पेशा व्यवसायमा संलग्न हामी सबैको सहकार्यले एउटा सबल राष्ट्र बनाउन मद्दत गर्नेछ, सुशासन कायम गर्न उन्मुख गराउन सक्नेछ भन्ने हाम्रो धारणा रहेको छ ।

आज यही सन्दर्भमा पोखरेली युवा सांस्कृतिक परिवार र साहित्यकर्मीहरूसँग सहकार्य गर्ने अवसर प्राप्त भएकोमा हामीले गौरवान्वित हुने मौका पाएका छौं । साहित्यिकर्मीको सशक्त रचनाबाट आम जनतालाई भ्रष्टाचार विरुद्ध लाग्न उत्साहित गर्ने छ । आम नागरिकलाई यस आन्दोलनमा सरिक हुन प्रेरीत गर्नेछ भन्ने विश्वास लिएका छौं ।

हामी सबैले सुशासनको पक्षमा भ्रष्टाचारको विरुद्धको आन्दोलनमा सक्रियता देखाएर भ्रष्टाचारीहरूलाई सामाजिक रुपमा बहिष्कृत तिरस्कृत गर्ने परम्पराको थालनी आजैबाट शुरु गरौं यही अनुरोध गर्न चाहन्छौं ।

पोखरेली युवा सांस्कृतिक परिवारले भ्रष्टाचार विरुद्ध एउटा सार्थक प्रयासको थालनी गरेकोमा हामी आभार व्यक्त गर्दछौं । साहित्य रचनाहरूको सङ्ग्रह यो कृतिले प्रत्येकलाई जिम्मेवारी बोध गराउन, आफ्नो दायित्व निर्वाह गर्न अठोटका साथ अगाडि बढ्न प्रेरीत गर्ने विश्वासका साथ यो भ्रष्टाचार विरुद्ध साहित्यिक अभियानमा संलग्न सबै मित्रहरूलाई पुनः एकपटक धन्यवाद व्यक्त गर्दछौं ।

**आनन्दराज मुल्मी**
अध्यक्ष
ट्रान्सपरेन्सी इन्टरनेशनल, पोखरा
सहयोगी समूह परिवार

श्री ५ को सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र सं.
चलानी नं.

मिति: २०६१।५।२३

# शुभकामना

मुलुकको सर्वाङ्गीण विकासका निम्ति नेपाली साहित्य, कला र संस्कृतिको विकास हुनु जरुरी हुन्छ । राष्ट्रिय जीवनको यथार्थ तस्वीर साहित्यका विभिन्न विधाहरू नै हुन् । यिनै आवश्यकताहरूको अनुभव भएर नै करिब तीन दशकअघि पोखरेली युवा साँस्कृतिक परिवारको जन्म भएको हो भन्ने मलाई लाग्छ ।

हालसालै यस परिवारले ट्रान्सपरेन्सी इन्टरनेशनल पोखरा सहयोगी समूहको सहयोगमा सुशासनको पक्षमा तथा भ्रष्टाचारविरुद्धमा आयोजना गरेको सर्वथा नवीन कविता गोष्ठीमा मैले भाग लिने अवसर पाएकोमा आयोजक संघ-संस्था एवम् सहयोगीहरूप्रति आभारी पनि छु ।

उक्त कार्यक्रममा अभिव्यक्त काव्यिक-विचारहरूलाई एकत्रित गरी पोखरास्थित १४ वटा कार्यालयका प्रमुखहरूद्वारा सुशासनको पक्षमा तथा भ्रष्टाचारको विरोधमा व्यक्त प्रतिबद्धतासहितको सङ्ग्रह पुस्तकाकारको रूपमा प्रकाशन गर्न लागेको थाहा पाउँदा खुशी लागेको छ । यस कार्यसँग सम्बन्धित सबैप्रति साधुवाद व्यक्त गर्दै म यो प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु ।

(डा. विमलप्रसाद कोइराला)
मुख्य सचिव

टेलिफोन: ४२२८८००, ४२२८३५५, ४२२८२४२, ४२२८८०५, ४२४७८८०

# सम्पादकीय

भ्रष्टाचार आजको नेपालको सबैभन्दा भयावह समस्या हो । आज देशमा देखापरेका सबै समस्याहरूको जरामा भ्रष्टाचारको मल परेको छ । हाम्रो देश विश्वभर 'भ्रष्टहरूको देश' भनेर चिनियो भने निश्चय नै दुर्भाग्यपूर्ण कुरा हुनेछ । हुन त भ्रष्टाचार आजको मात्र नौलो समस्या होइन । जब मानिसको सामाजिक जीवनको प्रारम्भ भयो, त्यतिबेलादेखि नै भ्रष्टाचारको विषवृक्ष फैलिएको हुनुपर्छ । नेपालमा लिच्छवीहरूले शासन गरिरहेको समयमा लुम्बिनीमा आएका प्रसिद्ध चिनियाँ यात्री हु एन साङ्ले आफ्नो यात्रा वृत्तान्तमा 'नेपालीहरूमा सत्यनिष्ठाको कमी छ' भनी उल्लेख गरेकाले त्यतिबेला पनि समाजमा भ्रष्टाचारको बोलबाला भएको अनुमान गर्न सकिन्छ । यद्यपि लिच्छविकाललाई नेपालको इतिहासकै स्वर्णकाल मानिन्छ । मध्यकालमा पनि भ्रष्टाचारको बटवृक्ष घना रूपमा फैलिएका दृष्टान्तहरू पाइन्छन् । तत्कालीन राजा, रानी, राजरिवारका सदस्यहरू, काजी र भारदारहरू भ्रष्ट कृत्यमा लिप्त रहन्थे । पृथ्वीनारायण शाह त भ्रष्टाचारका कट्टर विरोधी थिए । उनले घुस खाने र घुस दिने दुवैथरीलाई देशद्रोही घोषित गरी धन र ज्यान दुवै लिए पनि पाप नलाग्ने बताएका थिए । आधुनिक नेपाली संस्कृतिमा भ्रष्टाचार दूधमा पानी मिसिएझैं मिसिएको छ । अथवा भ्रष्टाचार हाम्रो संस्कृतिको अङ्ग बनेको छ । त्यसैले भ्रष्टाचार र घुसखोरीलाई पुरुषार्थ मान्ने, आर्थिक अपराधलाई अपराधै नमान्ने र आर्थिक अपराधीहरूलाई समाजमा उच्च स्थान दिने कुरा सामान्य भएका छन् । देशको बागडोर सम्हाल्ने अत्यन्तै जिम्मेवार र जनताको विश्वासका केन्द्र मानिएका नेताहरू, उच्च पदस्थ कर्मचारीहरू सेना, प्रहरी र न्याय क्षेत्रका जिम्मेवार व्यक्तिहरू भ्रष्टाचारमा चुर्लुम्मै डुबेका समाचारहरूले अखबारहरू रंगिएका पाइन्छन् ।

कलमको सामर्थ्यको बारेमा विश्व नै परिचित छ । हेर्दा सानो आकृति भएको, केही थोपा मसी अटाउने कलमबाट निस्केका अक्षर, शब्द र वाक्यहरूको प्रभाव भने विश्वव्यापी हुन सक्छ । रुसोको 'सामाजिक अनुबन्ध' भोल्तेयरको

'जादुई व्यङ्ग्यलेखन', मन्टेस्क्युको 'शक्ति पृथकीकरणको सिद्धान्त' ले फ्रान्सेली जनतालाई आन्दोलित बनाएको इतिहास साक्षी छ । विश्वभर भएका क्रान्तिको नेतृत्व बौद्धिक वर्गले लिएका छन् र बौद्धिक वर्गको धारिलो हतियार 'कलम' नै हो । यसै सन्दर्भमा नेपालका साहित्यकारहरूले देशमा प्रजातन्त्र स्थापनाका अवसरमा अथवा अन्य विविध किसिमका आन्दोलन सञ्चालन गरेका छन् । पोखरेली साहित्यकारहरूले पनि राजनीतिक पृष्ठपोषणका लागि मात्र नभई विविध विषयमा आन्दोलन अगाडि बढाएका छन् । ती आन्दोलनहरूमध्ये 'सडक कविता क्रान्ति', 'ग्रामिण कविता यात्रा', 'संरक्षण कविता यात्रा' महत्त्वपूर्ण छन् । यी यात्राहरूमा पोखरेली युवा साँस्कृतिक परिवारको संलग्नता तथा नेतृत्व रहेको छ र यस पटक समाजकै कोढको रूपमा रहेको भ्रष्टाचारको विरुद्ध ट्रान्सपरेन्सी इन्टरनेशनल पोखरा सहयोगी समूहको सहकार्यमा र पाखेरेली युवा साँस्कृतिक परिवारको आयोजनामा सञ्चालित 'सुशासनको पक्षमा तथा भ्रष्टाचारविरुद्ध साहित्यिक अभियान-२०६१' नामक एक महिने साहित्यिक अभियानको थालनी भएको छ । यस अभियानले हाम्रो समाजमा भ्रष्टाचारविरोधी भावना जगाउन सक्यो भने अवश्य पनि साहित्यकारका कलमले सार्थकता पाउनेछ भन्ने विश्वास लिन सकिन्छ ।

# क्रमबद्धता


| क्रमाङ्क | नाम | पृष्ठ |
|---|---|---|
| १. | अदिति शर्मा | १ |
| २. | अशोक शेरचन | ३ |
| ३. | ईश्वरमणि अधिकारी | ५ |
| ४. | इन्द्र राना 'प्रतीक' | ९ |
| ५. | कुलबहादुर के.सी. | ११ |
| ६. | केशु शर्मा | १६ |
| ७. | कौशलचन्द्र जि.सी. | १९ |
| ८. | कृष्ण उदासी | २१ |
| ९. | कृष्ण भण्डारी 'मुमुक्षु' | २५ |
| १०. | गणेश शर्मा | २८ |
| ११. | जीवन 'सागर' भण्डारी | ३२ |
| १२. | तीर्थराज अधिकारी | ३६ |
| १३. | तीर्थ श्रेष्ठ | ३९ |
| १४. | तीर्थ गुरुङ | ४२ |
| १५. | तेजनाथ घिमिरे | ४५ |
| १६. | दीपक समीप | ४९ |
| १७. | धनप्रसाद तामाङ | ५३ |
| १८. | ध्रुव श्रेष्ठ | ५७ |
| १९. | नारायण मरासिनी | ६१ |
| २०. | प्रकट पगेनी 'शिव' | ६५ |
| २१. | विष्णु अल्पविराम | ७० |
| २२. | विष्णु घिमिरे | ७६ |
| २३. | भवसागर घिमिरे 'माइलो' | ७९ |
| २४. | भोजराज न्यौपाने | ८२ |
| २५. | माधवराज पौडेल | ८७ |
| २६. | रमेश श्रेष्ठ | ९० |
| २७. | रुद्रबहादुर थापा | ९६ |
| २८. | लक्ष्मण थापा | ९८ |
| २९. | सरुभक्त | १०३ |
| ३०. | सर्वज्ञ श्रेष्ठ | १०८ |
| ३१. | सुमन 'श्रापित' | ११३ |
| ३२. | सूर्यचन्द्र बस्नेत 'ज्योत्स्ना' | ११५ |
| ३३. | स्ट्रगल राना | ११७ |
| ३४. | हरिलाल तिम्सिना | १२० |
| ३५. | हेमराज पहारी | १२३ |
| ३६. | प्रतिबद्धताहरू | १२६ |
| ३७. | सुशासनको पक्षमा तथा भ्रष्टाचारविरुद्धको ..... | १५६ |
| ३८. | अभियान अन्तर्गतका गतिविधिहरू | १५८ |
| ३९. | पोखरेली युवा सांस्कृतिक परिवारको सम्बन्धमा | १६३ |
| ४०. | समाचारभित्रका समाचारहरू | १६५ |

**अदिति शर्मा**



**जन्ममिति** : वि.सं. २०३८, चैत १५ गते

**जन्म-स्थान** : नदीपुर, पोखरा-३

**शिक्षा** : स्नातक अध्ययनरत

**लेखन विधा** : कविता, गीत, गजल

**ठेगाना** : नदीपुर, पोखरा-३

फोन ५२७२७२, ५२०२९१

## अनुभूति

*एउटा छुट्टै अनुभव, नयाँ उद्देश्य र निश्चित दायराभित्र रहेर कार्यक्रम सम्पन्न गर्नुपर्दा केही नौलो अनुभवका साथसाथै केही बोझिलो महशुस पनि हुँदो रहेछ । हुन त कविहरूले परिवर्तनका लागि आफ्ना आवाजहरू कवितामार्फत् धेरै उठाएका छन् । तर पनि एउटा अभियानकै रुपमा अगाडि बढेर यसरी सुशासनको पक्षमा र भ्रष्टाचारविरुद्ध कविता यात्रा गरी विभिन्न कार्यालयमा गएर कार्यालयका कार्यहरूको अवलोकन गरी त्यहींको परिवेशमा कविता लेख्नु हाम्रा लागि नितान्त नौलो कार्य थियो ।*

## गजल

एकै मुठ्ठी पानी पनि फाल्नुहुन्न विना अर्थ
घामै छँदा दिउँसै बत्ती बाल्नुहुन्न विना अर्थ

खाल्टा पनि हुन सक्छन् ठेस लाग्ने ढुङ्गा हुन्छन्
अन्धकारमा पाइलाहरू चाल्नुहुन्न विना अर्थ

हिंड्न धेरै सजिलो छ बनाउन गाह्रो हुन्छ
प्रगतिका भऱ्याङ्गहरू ढाल्नुहुन्न विना अर्थ

कहाँ के-को खाँचो थियो थाहै नपाइकन त्यसै
नचाहिँदा कामहरू थाल्नुहुन्न विना अर्थ

दूध खाए'नि विष मात्रै ओकल्नेछन् सर्पहरू
आँफैलाई डस्ने सर्प पाल्नुहुन्न विना अर्थ ।

□□□

## गजल

नहुने भए हुँदैन भन हुने त गरिदेऊ
पसिना सोस्न चर्किने घाम ओझेल परिदेऊ

मल र जल गरेर हामी हुर्काउँला बढाउँला
शोषण हैन यो माटोभरि सिर्जना छरिदेऊ

काँडाकै बीच गुलाफ हाँस्छ छरेर सुवास
उत्साह बोकी फुल्दैनौं भने कोपिलै झरिदेऊ

निराशा बनी निभ्दै छ दियो हरेक मनको
बाल्नलाई दीयो सबैका मन्मा विश्वास भरिदेऊ

अर्पेर जीवन कसैका लागि मर्नु त भाग्य हो
अमर हुन्छौ धर्तीका लागि हाँसेरै मरिदेऊ ।

## अशोक शेरचन



**जन्म मिति** : वि.सं. २०२९, जेठ ५ गते

**जन्म-स्थान** : बागलुङ

**शिक्षा** : स्नातक

**लेखन विधा** : हाइकु, कविता, गीत

**ठेगाना** : एन.सी.सी. बैंक, पोखरा शाखा, न्यूरोड, पोखरा

फोन नं. ५२७८६२

मोवाइल नं. ९८५६०-२४६८१

# केही टुक्राहरू

### समय
दिदी आइन्
लुखुरलुखुर
दशतीस बजे अफिसमा ।

### दु:खेसो
निवेदन लेख्नुपर्ने
नक्सा लिनलाई
अनपढले के गर्ने खै ?

### क्षेत्रफल
फिल्डमा एउटा
नक्सामा अर्कै
पुर्जामा छुट्टै ।

### विडम्बना
कम्प्युटर टेबुलभरि
सफ्टवेयरको अभाव
कम बजेटको प्रभाव ।

### नियति
बल्लबल्ल जग्गा किनी
कित्ता काट्न आ'को
असत्ती घाम आजै गा'को ।

### नमिल्दो
सरदर असी जना
आउँछन् अड्डामा
बीस जना छन् सेवामा ।

### अमल
अमिनदाइ
गफ हान्दै कुर्चीमा
नचाउँदै औला सुर्तिमा ।

### ओल्ड इज गोल्ड
राणाकालीन
प्रविधि गजबको
विद्युतीय डम्पिङ्ग भो ।

### सुरक्षा
थोत्राथोत्रा फिल्डबुक
काठको दराजमा
कमाइ हाम्रो धरापमा ।

### पियन
पियन हाम्रा
चल्तापुर्जा छन्
दर्ताफाँटै चलाइदिन्छन् ।

## ईश्वरमणि अधिकारी




जन्म मिति : वि.सं. २०२६, जेठ ३ गते

जन्म-स्थान : देउराली, लमजुङ

शिक्षा : एम.एस्सी. (गणित)

लेखन विधा : कविता, आख्यान

प्रकाशित कृति : • सगरमाथा आरोही अरविन

• समयको तस्वीर (कविता सङ्ग्रह)

ठेगाना : कुमुदिनी होम्स्, गैह्रापाटन, पोखरा

फोन नं. ५३४२९५

मोवाइल नं. ९८४६०-२१६००

भ्रष्टाचार विरोधी अभियानमा
कविता लेख्दै र सुनाउँदै गर्ने कविलाई
एका बिहानै सानी छोरीले सोधी-
बाबा ! बाबा !
कविता भनेको के हो ?
छोरीको कपाल सुम्सुम्याउँदै कवि बोल्यो
नानू, कविता भनेको त तिमीजस्तै राम्रो मान्छे हो ।
छोरीले फेरि थपी-
भ्रष्टाचार भनेको के नि बाबा ?
कपाल कन्याउँदै कवि बोल्यो
भ्रष्टाचार भनेको नराम्रो बानी भएको मान्छे हो ।

ए बुझें-
सानी छोरी तत्काल बोली
आश्चर्य मान्दै कवि बोल्यो-
के बुझ्यौ छोरी ?
हाँस्दै-हाँस्दै छोरी बोली-
दिनभरि कवितासित डुल्ने
राति अबेर घर फर्कने
अर्केअर्के हिंड्ने
भिन्दैभिन्दै बोल्ने
आफैं निहूँ खोजीखोजी
मेरी आमासँग झगडा गर्ने
भ्रष्टाचार त हजुर रै'छ, राम्रैसँग चिनें
तर, कविता ..... ?

□□□

# तिमीले मन पराएका मान्छेहरू

तिमीले मन पराएका मान्छेहरू
जहाज खान सक्छन्
मल खान सक्छन्
ढल खान सक्छन्
नैतिकता बन्धकी राखेर
आमा बेच्न तम्सिएका दलालहरू
अंक खान सक्छन्
अक्षर खान सक्छन्
शब्दजीवी आकृतिहरू
सुत्केरीको औषधिदेखि
छोराछोरीको स्वप्न खान सक्छन्
रड, सिमेन्ट र बालुवादेखि
बाटो, घर र पुल खान सक्छन्
के खान सक्दैनन् र उनीहरू
जब तिमीले खाने लाइसेन्स थमाइदिएका छौ
त्यही लाइसेन्स भजाएर
तिम्रो स्वाभिमान खान सक्छन्
हाम्रो स्वाभिमान खान सक्छन्
खानैका लागि बाँचेका-तिमीले मनपराएका मान्छेहरू
तिम्रो अस्मिता खाइँदासमेत
मौन खान सक्छन्
तिम्रो हाम्रो बस्तीमा
अँधेरो छरेर-उज्यालो खान सक्छन्
हाम्रा खेतबारीहरूमा भाँजो पल्टाएर
नदीनाला र मुहान खान सक्छन्
कालो अनुहारमा लालिमा पोतेर

स्वर्णिम घामको बिहान खान सक्छन्
के खान सक्दैनन् र उनीहरू-
इतिहास खान सक्छन्
वर्तमान खान सक्छन्
भविष्यसमेत खान उद्धत जल्लादहरू
आफ्नालाई पनि खान सक्छन्
आफूलाई पनि खान सक्छन् ।

तिमीले मन पराएका मान्छेहरू
तिमीलाई खान सक्छन्
हामीलाई खान सक्छन्
सबैलाई खान सक्छन् ।

# तीन टुक्रा

## भ्रष्ट

ईश्वर भ्रष्ट, दृष्टि भ्रष्ट सारा सृष्टि भ्रष्ट
दुनियाँ सब भ्रष्टाचारी नैतिकवान् नै भ्रष्ट
मात्र फरक, रुप फरक, सबले आफू चिने हुन्छ
के को आयोग/अख्तियार खै भ्रष्टाचारी चिन्न
बरु सबले यौटा यौटा ऐना किने हुन्छ ।

## शासन

सफा देखिए पनि आकाश, बादलको घेरा बस्न सक्छ
जङ्गलमा लागेको आगो, चुपचाप बस्ती पस्न सक्छ
सर्पलाई नाग ठानेर, दूध खुवाएर पाले पनि
आखिर त्यो सर्प नै हो, जसले कुनै बेला डस्न सक्छ ।

## पानीमरुवा कविहरू

विचरा कविहरू
भ्रष्टाचारको नाभीमा अक्षर चढाएर
भ्रष्टाचारको विरुद्ध अभियान छेडिरहेछन्
उनीहरूलाई स्पष्ट थाहा छ
सदाचारमा कहाँ-कसले, के मिलाएको छ
सुशासनको चापी लिएर को निदाएको छ
तर, पानीमरुवा कविहरू
त्यता संकेतसम्म गर्न नसकेर
अन्त कतै हेरिरहेछन्
अरु नै केही लेखिरहेछन् ।

**इन्द्र राना "प्रतीक"**

# अनुभूति

*कविहरू अनुभूति गर्छन्, भावनाहरू बटुल्छन् र विचारको उब्जनीमा चिन्तनको सुन फलाउँछन् । यही सुन फलाउने क्रममा मैले पनि सुनौलो यात्रा गरें । यात्रामा- अन द स्पोट कविता यात्राको स्वाद अर्कै हुँदोरहेछ, अभिव्यञ्जनात्मक परिकारहरू पनि अर्कै हुँदोरहेछ-साँच्चैको मज्जा आउँदो रहेछ । यो पोखरा सहयोगी समूह, ट्रान्सपरेन्सी इन्टरनेशनल र पोखरेली युवा सांस्कृतिक परिवारले सुशासनको पक्षमा भ्रष्टाचार विरुद्धको आन्दोलनलाई कविता यात्राको रुप दिएर जुन अभियानमूलक काम गरेको छ, यसले अवश्य पनि कालो कृत्य गर्ने प्रत्येक भ्रष्टाचारी पतीत आत्माहरूलाई केही हदसम्म भए पनि सुधारात्मक पथतिर दिशा निर्देश गर्नेछ ।*

# नवागन्तुक शब्दास्त्रहरू

फत्र्या-फत्र्या परेको बेला, बिरामी आत्तिएको बेला
उपचारिकाहरू, नर्सहरू ढिलो नगर्नू
चिकित्सा-विज्ञानका डाक्टरहरू ढिलो नगर्नू
हतारमा कुनै निर्णय पनि नगर्नू
अपरेशन क्रियालाई, शल्यक्रियालाई
हेलचक्रयाइँ पनि नगर्नू
एउटा खुट्टा काट्नु पर्नेमा
अर्को खुट्टा काट्ने पनि नगर्नू
समय बलियो भएको छ
निर्दयी, खतरनाक र डरमर्दो भएको छ
दुःखित, पीडित आत्माहरू जितेर
मानवताको लामो डोरी बाट्ने गर्नू
बाँचुन्जेलभरिको यो अनमोल जिन्दगीमा
चोखो माया साट्ने गर्नू
बिरामीलाई हप्काउने, धम्काउने पनि नगर्नू
कवै ! चिकित्सा-विज्ञानको जग हल्लाउने पनि नगर्नू
म शब्दको लाग्ने हतियार बोकेर
शब्दकै पतीत दुराचारीहरूको
शब्दकै पतीत भ्रष्टाचारीहरूको
यस्तै-यस्तै, त्यस्तै अपराधीहरूको
सकेसम्म छाला तार्न चाहन्छु
सकेसम्म त्यसको सेखी झार्न चाहन्छु
सकेसम्म त्यसलाई मार्न चाहन्छु
अनि भावनाको अपरेशन थिएटरमा लगेर
चिरफार गर्न चाहन्छु
र जन्माउन चाहन्छु यो मनको प्रसूति गृहमा
सफलीभूत नवनीत शब्दास्त्रहरू बोकेको
सत्यता नाम गरेको बालकलाई
यथार्थतामा नाम गरेको बालकलाई
नवागन्तुक अत्याधुनिक बालकलाई
नवागन्तुक अत्याधुनिक बालकलाई ।

□□□

## कुलबहादुर के.सी.



**जन्म मिति** : वि.सं. २००३ असार १४ गते

**जन्म-स्थान** : पोखरा-१६, बाटुलेचौर

**शिक्षा** : एस.एल.सी.

**लेखन विधा** : कविता, लेख

**पुरस्कार** :
- अम्बा प्रतिभा पुरस्कार
- गण्डकी साहित्य पुरस्कार
- विभिन्न प्रतियोगितामा पुरस्कृत
- विभिन्न संघसंस्थाबाट सम्मान प्राप्त

**प्रकाशित कृति** :
- मुटुका झिल्का (कविता सङ्ग्रह), २०३९
- गरीब उस्तै छ (खण्डकाव्य र गीत), २०४०
- गाउँले (कविता सङ्ग्रह), २०५२

**ठेगाना** : पोखरा-१६, बाटुलेचौर
फोन नं. ५२६५८१

# अनुभूति

*श्री पोखरेली युवा साँस्कृतिक परिवार तथा टी.आई. पोखराको संयुक्त अगुवाइमा सुशासनको पक्षमा तथा भ्रष्टाचारविरुद्धको साहित्यिक अभियान विषयलाई लिएर २०६१ भाद्र ६ गते बिहान ७ बजे बालमन्दिर नदीपुरको हाताभित्र ३५/३६ जना कविकवयत्रीका साथ म आफै पनि त्यहाँ समावेश भएको थिएँ । भ्रष्टाचार तथा कुशासनले देश पूरै अँठ्िएको बेला त्यस किसिमको साहित्यिक अभियान आफैमा निकै महत्त्वपूर्ण त छँदै थियो, त्यसमा पनि श्री ५ को सरकारका मुख्य सचिव डा. विमल कोइरालाले निधारभरि रातो अक्षताको टीका लगाइदिएर हाम्रो अभियान सार्थक बनोस् भन्ने कामना व्यक्त गर्नुभएकोमा म हर्ष विभोर भएको थिएँ । सँगसँगै हाम्रा माझ क्षेत्रीय प्रशासक श्री उमेश मैनालीलगायत सम्पूर्ण प्रशासनिक अङ्गका प्रमुखहरूको गहन उपस्थितिले गर्दा हामीले सुरु गर्न लागेको साहित्यिक अभियान झन् सुशोभित एवम् प्रोत्साहित भएको मैले महसुस गरें ।*

# आमाको आशय

आमा पूज्यवती स्वजन्म-जननी धर्ती रुवाईकन
छोडी धीत स्वनाम, मातृ-ममता बेचेर कालो धन ।
जो लिन्छन् छल-छामले मुलुकमा कुम्ल्याउँछन् सम्पत्ति
ती हुन् दानवतूल्य मानव महाँपापी, महाघातकी ॥

भोकै बस्न परोस् स्वआर्जन नभै खानै नपाए पनि
लाएका कपडा शरीर भरका भुत्रा भएता पनि ।
साँच्चै मानवता भए हृदयमा अन्याय गर्दैन त्यो
मान्छेकै व्यवहार गर्छ उसले सत्धर्म छाड्दैन त्यो ॥

जो मान्छे पदमा रहेर पदको दायित्व चिन्दैन त्यो
सेवाले जनता रिझाउन कुनै कर्तव्य ठान्दैन त्यो ।
त्यस्तो उल्झन राष्ट्र-सेवक बनी के देश बन्ला भन ?
किर्नातूल्य चुसेर रक्त अरुको सिध्याउँछन् जीवन ॥

पुग्दा शासनमा कुशासन दिने विद्रोह जन्माउने
थुप्रै द्रव्य कमाउने मुलुकको भण्डार रित्याउने ।
ढाँट्ने बात बनाउने कपटका झुट्टा कुरा सिर्जने
त्यो हो देश कलंक शत्रु सबको 'गद्दार नेता' हुने ॥

बुझ्दैनन् जनता-जनार्दनहरू जो कर्मचारी बनी
जो कार्यालयको सदा समयमा बस्दैन आफै पनि ।
त्यो मान्छे अभिशाप हुन्छ सबको धोका सबै पाउँछन्
हुन्छन् क्रुद्ध तुरुन्त काम नबने जो जो त्यहाँ आउँछन् ॥

माटो हुन्छ अशान्त, शान्त र रहमा ढुंगा खसाले सरि
यी सङ्ला मनभित्र उठ्छ धमिलो, मैलो अनेकौं थरि
त्यो मैलो धमिलो विषाक्त मनको उद्वेगले आउँछ
आफन्तैहरूमा विभाजन गरी हिंसा कडा ल्याउँछ ॥

जस्को क्षेत्र जहाँ छ शुद्ध मनले गर्दैन सेवा भने
नातावाद सिवाय अन्य जनता मान्दैन आफ्नो भने
त्यस्तो क्षेत्र विवादग्रस्त हुन गै आक्रोस निम्त्याउँछ
मान्छेका मनभित्र देशभरिको आस्था धमिल्याउँछ ॥

सेवा जीवन हो जुगान्त रहने फुल्ने सदा फक्रने
सेवा हो समुदायभित्र सबले माया गरी सम्झने
सेवा सूचक हो वरिष्ठ जनको सेवा महाधर्म हो
सेवाको फल हुन्छ कालविजयी आस्वादले पूर्ण त्यो ॥

## मलाई शान्ति र सुशासन चाहिन्छ

कतैबाट कालो धन हात पऱ्यो भने
भ्रष्टाचारीसित मेरो नाता पऱ्यो भने
त्यतिखेर हुन्छ मेरो जीवनको हार ।
सम्झने छु आफैलाई पृथ्वीको भार ॥

कर्मचारी कुशासन गर्ने मान्छेसित
कैल्यै पनि भेट नहोस् भ्रष्टाचारीसित
मैले तिन्को सहारामा बाँच्नु पऱ्यो भने
अर्को जन्म पाऊँ भनी छैन फेरि रुने ॥

भयो मलाई चाहिँदैन देश मारी धन
कोटीकोटी मानिसका रुवाएर मन
मर्दाखेरि पोको पारी के पो लानु छ र ?
पछि लाग्छ आखिरमा पाप भयंकर ॥

आफ्नो छैन शरीर नै छोड्नुपर्छ यहाँ
छुट्टिएर हंस मात्र पुग्नुपर्छ कहाँ ?
आफ्नो पछि जान्न कुनै धन, परिवार
केको निम्ति गर्नुपऱ्यो तुच्छ भ्रष्टाचार ?

आफ्नो ज्यान आफै काटी चढाउँथे भेटी
यो देशले शान्तिसित बाँच्न पाएदेखि
सेवा गर्थे रातदिन मैले मरीमेटी
सधैं सुत्ने मेरो देश उठ्ने भएदेखि ॥

मलाई मेरै पसिनामा फुल्न पाए पुग्छ
फूलजस्तै निस्कलङ्क बन्न पाए हुन्छ
दुःख, सुख शान्तिसित बाँच्न पाए हुन्छ
जताजतै सुशासन देख्न पाए हुन्छ ॥

# आमा-छोरा

छोरा-

अत्याचार, अन्यायले कमाएर धन
भन्न थाल्यो आमालाई छोरा आइकन
काठमाडौंमा चार तले घर भयो पाको
फूर्सदले गाउँघर आमा लिन आको
आमा जाऊँ शहरमा गाउँघर त्यागी
हामीलाई दुःख छैन खान बस्नलाई

आमा-

बाबु ! तिमी सानोसानो जागीर खाँदै थ्यौ नि
के गरेर यति धेरै पैसा कमायौ नि ?

छोरा-

नेताजीलाई अघि सारी काठमाण्डू गएँ
भ्रष्टाचारी मन्त्रीजीको दाइने हात भएँ
मन्त्रीजीको आदेशले घुम्न-फिर्न लाएँ
रोजीरोजी अफिसमा काम गर्न पाएँ ।
काम परी अफिसमा आका जनतालाई
पैसा ठग्न सिकाउथे हाकिमले मलाई
मैले ठग्न सकेजति ठग्थें जनतालाई
आधा पैसा हाकिमलाई आधा पैसा मलाई

दुःख पाउने जनतालाई दिनु धोका दिएँ
दशै वर्ष नबित्दैमा करोडपति भएँ ॥

आमा-

दुःख पाउने जनताको आँसु बटुलेर
किनिस् घर काठमाडौमा देश डुबाएर
तेरो कुरा सुन्दा पनि दिक्क लाग्यो ऐले
जन्मिएको गाउँ-घर छोड्न आँटिस् तैंले
भञ्ज्याङका चौतारी र वर-पीपल छायाँ
ढुंगेधारा देउराली र साथीभाइको माया
सबै कुरा भुलिस् बाबै ! पैसा कमाएर
माया मारिस् भ्रष्टाचारी बाटो समाएर
आमा भन्न नआइज भ्रष्टाचारी मोरा ॥
मेरा लेखी तँ बाँचेको छैन केही सार
यै कोखमा बास बस्ने रैछस् कुलङ्गार
हुर्काएथें यो देशको सेवा गर्न तँलाई
मुखै हेर्न पनि घृणा लाग्यो आज मलाई ॥

छोरा-

विन्ति गर्छु आमासित घृणा नगर न
पाउपर्छु आमा तिम्रो माया नमार न ।
अञ्जानमा दुःखाएछु आमा तिम्रो मन
सेवा गर्छु गाउँ-घरको कमाएको धन
भ्रष्टाचार गर्ने छैन आमा कैल्यै पनि
मै हुँला नि आमा तिम्रो ममताको धनी ।
आमा तिम्रो अर्ति-बुद्धि उपदेश पाएँ
आजैदेखि भ्रष्टाचार विरुद्धमा लाएँ ॥

◆◆◆



**केशु शर्मा**

**जन्म मिति** : वि.सं. २०३६, वैशाख १८ गते

**जन्म-स्थान** : पोखरा-३, नदीपुर

**शिक्षा** : बी.एड.

**लेखन विधा** : कविता, गीत

**क) ठेगाना** : मासवार, पोखरा-७

फोन नं. ५३५२५६

मोवाइल नं. ९८५६०-२०२५६

# अनुभूति

रातो टीका र निलो डायरी अनि साथमा कलम र ठूलो चुनौती बोकेर बिहान ठीक १०:०० बजे जि.प्र.का. (कास्की)को परिसरमा पसेपछि मनभरि जिम्मेवारी बोकेर हरेक कोठा अवलोकन गऱ्यौं । कतै स्वागत र सम्मानका शब्दसुमन, कतै बन्द कोठाभित्र याचनाको हात फैलाइरहेका पीडित मुहारहरू त कतै धनीमानीले पैसाको प्रलोभन देखाई आफ्नो पाप छिपाएर सहाराविहीन बनेका र न्याय खोज्ने चेलीका आवाजहरूले मलाई धेरै संवेदित बनायो । समाजका यस्ता घातप्रतिघातहरूलाई जरैदेखि निर्मूल पार्नका निम्ति हरेक मानव-मन भ्रष्टाचारका विरुद्धमा र सुशासनका पक्षमा समर्पित हुनुपर्छ भन्ने मलाई लागेको छ ।

# कस्तो रै'छ रुप तिम्रो

कस्तो रै'छ रुप तिम्रो ऐना हेर तिमी
भ्रष्टाचारी अति भयौ रुप फेर तिमी ॥

जति नयाँ पिंढी आयो उति पीडा भा'छ
लागूसेवन, बलात्कार झनै बढिरा'छ
कतै घरहिंसा भन्छन् कतै चोरी भा'छ
अशान्तिको अँध्यारोले देशै छोपिरा'छ

मनैभरि देश उत्थानको बाटो केर तिमी
भ्रष्टाचारी अति भयौ रुप फेर तिमी ॥

धनीमानी भनाउँदाको अपराधलाई छोप्छौ
पीडित, दलित जनतामाथि चोटको तीर रोप्छौ
पैसासँग किनिएर अहिले फूर्ति लाउँछौ
मरिजाँदा लानु छैन आखिर के नै पाउँछौ

नैतिकताको बरियोले नाडी बेर तिमी
भ्रष्टाचारी अति भयौ रुप फेर तिमी ॥

कुर्चीबाटै कुशासनको ठूलो भऱ्याङ टेक्दा
छक्क पर्छु देश डुबाउने तिम्रो चाला देख्दा
तिम्रो यस्तो अन्यायले कति आत्मा रोलान्
तिमी यस्ता तिम्रा पुस्ता सोच कस्ता होलान्

यो राष्ट्रको हित हुने आँखा हेर तिमी
भ्रष्टाचारी अति भयौ रुप फेर तिमी ॥

□□□

# गीत

बाहिरी आँखा जूनजस्तो भित्री मन त रात रै'छ ।
त्यही रातमा सपना खोस्ने भ्रष्टाचारी जात रै'छ ॥

पराइलाई दोष दिई आफू तर्की हिंड्छौ ।
निमुखाले हात जोड्दा उता फर्की हिंड्छौ ।
जनताको भाग्य खोसी मस्त भयौ किन ?
पसिनाको श्राप लाग्छ भ्रष्ट भयौ किन ?

पाइलै पिच्छे कठै ! तिम्लाई कालो धनको मात रै'छ ।
त्यही मातले घात गर्ने भ्रष्टाचारी जात रै'छ ॥

नेपालीको खुसी लुट्दा तिम्रो शिर उठ्यो ।
जनतालाई साँझ-बिहान, रात-दिन दुःख्यो ।
आँसु कुल्ची शिखर चढ्दा ठूला-बडा ठान्छौ ।
देशै डुब्यो कुशासनले कहिले सच्चा हुन्छौ ?

कस्ले होला भन्थें आखिर बैगुनीको हात रै'छ ।
त्यही हातले आँखा छोप्ने भ्रष्टाचारी जात रै'छ ॥

□□□

"कसैले भ्रष्टाचार यथार्थता हो या जीवनको एउटा अपरिवर्तनीय पाटो हो भन्छन् । तर त्यो मूर्खता मात्र हो । यर्थाता त त्यो हो जे हामीले निर्माण गर्छौं ।"

*- सुवा रीमोनि ए छोड, पूर्व निर्देशक सामोआ तथा टी.आई. ईन्टिग्रेटि मिशन*

**कौशलचन्द्र जि.सी.**



**जन्म मिति** : वि.सं. २०३०, असार १४ गते

**जन्म-स्थान** : पोखरा-८, नयाँसडक

**शिक्षा** : बी.एस्सी. / बि.ई.

**लेखन विधा** : कविता, गीत

**पुरस्कार** : प्रथम, राष्ट्रिय गद्य साहित्य प्रतियोगिता

(नेपाल बालसंगठन, २०४२)

**ठेगाना** : पोखरा-८, नयाँसडक

फोन नं. ५३९७८३/५३६०९९

## अनुभूति

*साहित्यकार र सिर्जनकर्मीहरूलाई समाजले एउटा विशिष्ट स्थान दिँदोरहेछ- उनीहरूका सिर्जनाको कदर स्वरूप । अनि अर्को कुरा साहित्यकारहरू साँच्चै स्वच्छन्द र निर्भिक हुनुपर्दो रहेछ समाजका हरेक पक्षहरूका बारेमा लेख्न र सुसुचित गराउन । हामीलाई यो गर्व र अनुभूति गर्ने अवसर प्रदान गर्‍यो पोयुसाँपको आयोजना तथा टी.आई. नेपाल, पोखरा शाखाको सहकार्यमा आयोजित "सुशासनको पक्षमा तथा भ्रष्टाचारको विरुद्ध सहित्यिक अभियान२०६१" ले स्थापित र नवोदित सिर्जनकर्मीहरूलाई समाज हैसियतका साथ एउटै मञ्च प्रदान गरेर पनि यो यात्रा यो कार्यक्रमले नौलो मान्यता स्थापित गरेको छ । समग्रमा भन्नुपर्दा सृजनशिलतामा नयाँ उत्साह र कवि हुन पाउनुको मिठो उमङ्ग पस्किएर दिएको छ, यस यात्राले ।*

# ठाउँमा सरकारी जागिर छ

दिनहुँ आकासिने महङ्गीले छुँदैन उसलाई
दिनदिनैको अभावले पनि सताउँदैन उसलाई
सखारै गीतापाठबाट शुरु भएको दैनिकीलाई
अफिस हुँदै साँझमा महङ्गो रेष्टुरेण्टमा बिसाउँछ ऊ
किनकि ठाउँमा उसको सरकारी जागिर छ ।

माटो बन्धकी राखेर, गुजारा किन्नुपर्ने परिवेशमा
राजपत्र अनंकित कर्मचारी ऊ
बजारमै दोहोरो घडेरी किन्न भ्याएको छ
मरेपछि स्वर्ग जाने आशमा छोरा कुर्दाकुर्दै
चार छोरीको पिता बनेको ऊ
निस्फिक्री छ, निश्चिन्त छ
किनकि ठाउँमा उसको सरकारी जागिर छ ।

हाँसको बीचमा बकुल्लो हुँदा पो अप्ठेरो
सबै उस्तै हुन्, सबै आफूजस्तै हुन्
तलब, मान र भत्ताका हिसाबकिताबसँग
जीवनस्तरको समीकरण किन खोज्नु
अहँ मिल्दैन कसैको मिल्दैन
टाउको देखि पुछारसम्मै मिल्दैन
बरु उनीहरू आफै मिल्छन् मिलाउँछन्
र पो उसको ठाउँमा सरकारी जागिर छ ।

थुप्रै सुशासनका सेमिनारहरू भ्याएको छ उसले
थुप्रै भ्रष्टाचार विरुद्धका आलेख पनि तयार गरेको छ उसले
लोकसेवा आयोगको परीक्षामा अब्बल ठहरिएको छ
पञ्चतन्त्रका नीतिकथा राम्रैसँग जान्दछ
शाकाहारी बूढोबाघको अभिनय राम्रैसँग गर्दछ
र त ऊ हाकिम साप'को प्यारो छ
त्यसैले सधैं ठाउँमै सरकारी जागिर छ ।

उत्सव...

**कृष्ण उदासी**

**जन्म मिति** : वि.सं. २०२५, कार्तिक ६ गते

**जन्म-स्थान** : हेमजा-८, पोखरा

**शिक्षा** : एम.ए. (नेपाली)

**लेखन विधा** : कविता, नाटक, कथा
उपन्यास, गीत, गजल आदि





**पुरस्कार तथा सम्मान** :
- हरफ साहित्यिक अभियान तनहूँद्वारा अभिनन्दित-२०६०
- जिल्ला शिक्षा पुरस्कार-२०६०
- विभिन्न प्रतियोगितामा क्षेत्रीय तथा राष्ट्रियस्तरमा पुरस्कृत

**प्रकाशित कृति** :
- परविन्दा (उपन्यास), २०४७
- अन्तिम संहार (एकाङ्की सङ्ग्रह), २०५८
- अग्निकुण्ड (एकाङ्की सङ्ग्रह), २०५९
- अंशुमाली र अक्षरजीवी (कविता सङ्ग्रह), २०५९
- एक हूल कन्याङकुरुङ (कविता सङ्ग्रह), २०६०
- मैयाँमाला (गीति काव्य), २०६०

**सम्पादन** :
- श्री गीताञ्जली
- माछापुच्छ्रे तरङ्ग
- कुमुदिनी स्मारिका

**ठेगाना** : माछापुच्छ्रे एफ.एम. ९१ मेगाहर्ज, गैह्रापाटन, पोखरा
फोन नं. ५३२८८३, ५३२८९३
मोवाइल नं.९८४६०-२०१५१


# अनुभूति

*मान्छे स्वभावैले असन्तोषी छ । यही असन्तोषीपनले एकातिर विकासको अत्याधुनिक श्रेणी पार गर्न सक्षम भएको छ भने अर्कोतिर समाजका विविध क्षेत्रमा विकृत र विसंगतिजन्य क्रियाकलाप गर्न पनि उद्यत रहेको छ । भ्रष्टाचार मानवीय विकाससँगै विकसित हुँदै आएको विकृत मानवीय संस्कृति हो । आज यो विश्वका साना-ठूला सबै देशहरूमा कुनै न कुनै रुपमा व्याप्त छ । जसले मानवीय जीवनलाई जटिल, संकीर्ण र जिर्ण बनाएको छ ।*

*भ्रष्टाचारमुक्त राज्यको स्थापना गर्नु भनेको रामराज्यको कल्पना गर्नु हो । तर यो त्यो बेलासम्म सम्भव छैन जुन बेलासम्म प्राकृत मानवीय अवगुणहरू अथवा रिस, राग, लोभ, लालचा, ईर्ष्या, द्वेष, प्रेम, घृणाजस्ता कल्मषहरूलाई अभ्यन्तरबाटै नियन्त्रण गर्न सकिदैन । र, यो मानवीय अस्तित्व रहेसम्म पूर्णरुपेण सम्भव छैन । तर मात्रात्मक रुपमा भ्रष्टाचारको न्यूनिकरण गर्न भने नसकिने कदापि होइन । सामन्तवादी संस्कार, पुँजीवादी संस्कारबाट राज्यलाई मुक्ति दिलाई अन्याय र अत्याचारको जञ्जीर तोड्न सके र कानुनी राजमा कानुनलाई शक्तिशाली बनाउन सके निश्चय नै भ्रष्टाचार नियन्त्रण हुन सक्छ । जसका लागि चेतना र जागरणको खाँचो छ । चेतना र जागरण सुशासनका लागि महत्वपूर्ण दुई आधारशिला हुन् ।*

# न्याय-अन्याय

आमा भन्छिन् हर बखत त्यो काल झैं लुक्छ, बस्छ ।
बाबा भन्छन् मनखुश गरी माद, उन्मादमा छ ॥
सारा सोच्छन् सरल, सहजै भेटिने त्यो कहाँ छ ?
भ्रष्टाचारी यदि छ त कहीं न्यायको मूर्तिमा छ ॥

ठूलाठूला घरभवनको मत्त त्यो साजमा छ ।
निर्धा, दुब्ला धुरुधुरु रुने कानुनी राजमा छ ॥
कस्ले खोज्ने मन वचनले राज्यको शक्तिमा छ ।
भ्रष्टाचारी यदि छ त कहीं न्यायको मूर्तिमा छ ॥

दोस्रो आँखा धनधवलको दानवी चालमा छ ।
तेस्रो आँखा जगतभरको जाल संजालमा छ ॥
मीठो बोल्दै विष वमनको मन्द मुस्कानमा छ ।
भ्रष्टाचारी यदि छ त कहीं न्यायको मूर्तिमा छ ॥

नेता हो त्यो गरिब जनको मुक्ति नारा उराल्छ ।
व्यापारी हो ढकढकनीले अर्थखेती बराल्छ ॥
आमा बेची दलबल जसै न्याय, सत्ता उ किन्छ ।
भ्रष्टाचारी यदि छ त कहीं न्यायको मूर्तिमा छ ॥

दूराचारी जन, जनमुखी कर्मचारी हुँ भन्छ ।
जालीझेली शकुनि शठ त्यो बुद्धिजीवी कहिन्छ ॥
सोझो सेवी वह धरणीको व्यग्रताले रुँदो छ ।
भ्रष्टाचारी यदि छ त कहीं न्यायको मूर्तिमा ॥

पानी हो त्यो सतह तलको बालुवामा रहन्छ ।
हावाजस्तै कणकण चुनी छिद्राछिद्रै बहन्छ ॥
यौटा सानो कवि कलमले लेखिने त्यो कहाँ छ ?
भ्रष्टाचारी यदि छ त कहीं न्यायको मूर्तिमा छ ॥

# हामी उठे, देश उठ्छ

सर्वत्र हाम्रो सब लस्त भो'रे
आलस्य साह्रै निद मस्त भो रे ।
उठौं न जागौं अब हे सखा हो
चिराग बाल्दै नव चेतनाको ॥

जागे उठे रे पर-देशवासी
लागे, पुगे ती अति उच्चमाथि ।
छौं त्रस्त हामी मनको दशाले
छौं भ्रष्ट उस्तै धनको नशाले ॥

पाखण्ड तोडौं मन चट्ट गोडौं
आडम्बरीको पन झट्ट छोडौं ।
कर्तव्य जानी निचता लतारौं
मिलेर सारा घर यो सपारौं ॥

छ रक्तधारा खुकुरी पखालौं
दासत्वको यो विषमन्द झारौं ।
हामी उठे पो हिमशैल उठ्ला
हामी जुटे पो सुखचैन जुट्ला ॥

इमान ठूलो अनि मान ठूलो
सम्मान ठूलो जब शान ठूलो ।
छ बास ठूलो तब गास ठूलो
स्वदेशभन्दा भन के छ ठूलो ?

जागौं जगाऔं धरती उठाऔं
सुशासनैको युग एक ल्याऔं ।
हाँसौं हसाऔं अनि प्रीत लाऔं
सद्भावनाको शुभ गीत गाऔं ॥

# नागरिक बडा-पत्र

मान्छेको मन जाँच्दैन, जाँचेरै छेकवार त्यो
गर्दैन तनले सत्य, साँचोको रखवार त्यो ॥

त्यो मित्थ्या देवताजस्तो, आक्षरी अनुहारले
भित्तामै याचना गर्दै, माग्छ आफ्नै गुहार हे ॥

नीति हो रे विधानको, हेर्दा लाग्ने वडा सुरो ।
घुसखोरी चले हाँस्ने, लाटो हो कि लठेउरो ॥

टाढा हुँदा न ता बोल्छ, न ता नजिकमै बसे ।
भ्रष्टाचारी उही हो कि, हो कि मालिकको सखे ॥

रातो अक्षरको खेती, कालो खेत गराभरि ।
गोडमेल न ता केही, छैन सार कठैबरी ॥

त्यो शीला पूजने ज्ञान, प्रज्ञानको अचेतले ।
पुजिँदैन विना शिक्षा, व्यर्थ दुःख्छ विचेतले ॥

मान्छे यन्त्र चलेजस्तै, सारा हतासमै हुने ।
दुब्ला, मोटा सबै उस्तै, मर्म बुझ्ने छ को रुने ?

हेरी मानिसको चाल, हाँसिदिन्छ मजासित ।
यत्रतत्र छ सर्वत्र, नागरिक बडा-प(त्र) ॥

भ्रष्टाचारविरुद्ध आजैदेखि नै कदम बढाऔं
सुन्दर शान्त नेपालको स्पष्ट भाग्यरेखा कोरौं ।

## कृष्ण भण्डारी 'मुमुक्ष'



**जन्म मिति** : वि.सं. २०१८, साउन १० गते

**जन्म-स्थान** : जोहाङ-४, गुल्मी

**शिक्षा** : एम.ए.

**लेखन विधा** : कविता, गीत, कथा, नाटक, निबन्ध, समालोचना आदि

**प्रकाशित कृति** :
- सिर्जनाका फूलहरू (कविता सङ्ग्रह)
- विभिन्न पत्रपत्रिकामा लेख, रचना प्रकाशित
- समाधान पत्रिकामा दैनिक कविता स्तम्भ
- पोखरा प्रतिनिधि- हाम्रो पुरुषार्थ, साहित्यिक पत्रिका माछापुच्छ्रे तरङ्ग, प्राज्ञमञ्च ।

**सम्पादन** : श्रीगीताञ्जली

**ठेगाना** : चिकित्साशास्त्र अध्ययन संस्थान, पोखरा क्याम्पस, पोखरा

फोन नं. ५३७४५७ (नि.), ५२०४८५ (का.)

## अनुभूति

*सुशासन जनआवाज हो । कुशासकहरू सुशासनको मुकुट लगाएर कुशासन चलाउन चाहन्छन् । जनतामा चेतना नआएसम्म ठगी खानेहरू पण्डित पुरोहित भई टोपल्छन् । सर्वत्र गन्हाएका चेहराहरू सभामा आसीन भई तर चाट्न खप्पिस हुन्छन् । समयले कोल्टो फेर्ने बेलामा हुतिहाराहरूले फाइल सच्याएर हर्कत देखाउन सक्छन् । निर्दोष मन र स्वच्छ मुटुहरूको सभामा आस्था खुइलिएका अबुझहरूले प्रवेश नपाई राष्ट्रप्रेमको निष्ठा देखाउन सिकून् ।*

*सुशासन पवित्र भावना पनि हो । जीवनको गतिशील यात्रामा मैले यस प्रकारको साहित्यिक अभियानसँग हिँड्दा सत्कर्म र सद्विचारलाई सम्मान दिन साहित्यकारहरूको अपेक्षा समाजले गरेको अनुभव गरें । संकीर्ण र हिंस्रक विचारमाथि सत्य र स्वाभिमानी विचारको झण्डा फहराओस् ।*

# भ्रष्टाचारी चिन

भ्रष्टाचारी नचिनि कसरी भ्रष्ट आचार जाला
पापाचारी नचिनि कसरी पापसंस्कार जाला।
काखी च्यापी अलिकति छुरा युद्ध निःशस्त्र होला ?
हिंसा गर्छौ मन, वचनले शान्ति खोजी नमिल्ला ॥

माया मारी गरीब जनको आँसु, को प्यूँछ होला
लालाबाला हक थिचिमिची रक्सी, को प्यूँछ होला।
नातागोता जन लुटिलुटी बन्धु, को बन्छ होला
भ्रष्टाचारी वरपर घुमे भेट्न गाह्रो नपर्ला ॥

आफू नेता अरु त जनता ठान्नु दुर्बुद्धि होला
पैसा धुत्ने छलकपटले व्यक्ति निर्बुद्धि होला।
आशा बाँडी पर मुलुकको खेत जस्ले हसुर्ला
भ्रष्टाचारी शकुनि दिलको मृत्यु राम्रो नहोला ॥

देशै निल्ने ऋण असुल है राष्ट्रको नाम जाला
भेषै बेच्ने विकृति भुल है राज्यको साख जाला
मार्ने, मर्ने मन बदल है वीरको मान जाला
भ्रष्टाचारी निरमुल नभै एकता हुन्न होला ॥

ताके अर्कै मुलुक जतिले देश ठानी पराइ
माटो बिर्सी हिमशिखर यो बिर्स नै हुन्न भाइ।
रोई बस्छन् कति विरहले, द्वन्द्वले प्राण खाई
गोली ताक्छौ कति दिन अझै रोक आफै लडाइँ ॥

आऊ योद्धा भन हृदयको द्वन्द्व के हो बुझाई
आऊ प्यारा कलम दिल हो द्वन्द्व यो रोक्नलाई।
घाऊ बल्झ्यो मन मुटु गल्यो हुन्न के यो निदान
भ्रष्टाचारी मुलुकभरिका हेर आफ्नो चिहान ॥

जो हौ नेता विजय नहुने युद्धको हाँक रोक
सक्छौ सत्ता लिन पनि तिमी भोटमा देऊ जोड।
धम्क्याएरै नघुम न त्यसै जो मऱ्यो रुन्छ देश
भित्री आत्मासँग गर कुरा वैरी मासौं मिलेर ॥

# दूरसचारको स्वर

शुद्ध संस्कारको खोजी देखेर लेखनू कति
लेखा प्रमाण भेटिन्न हेर्दामा छ सफा अति ।
सूचना यन्त्रको हाल छ यस्तै भन्नु के गरी
इशाराबाट सम्वाद दुरुस्त हुन्नथ्यो कहीं ॥

पंक्तिवद्ध भई पैसा तिर्नेको हुल नै छ है
ढिला भो दुःख भो भन्ने आवाज सुनियो त्यतै ।
भरोसा राज्यको राम्रो बनाउँ भन्दथे कुनै
कसैले त ठिकै भा'छ भन्दथे मुस्कुराउँदै ॥

ठुला पहुँचवालाको छिटो काम भयो अरे
सोझाको काममा सुस्ती हुन्छ रे कतिले भने ।
नटेर्ने पनि छन् कोही कुराले अल्मल्याउने
जनता भन्दथे यस्तो सोझा नै च्यापिए अरे ॥

निजी संस्थानमा क्याँट कमाए हुन्न क्यै अरे
सरकारी सबै क्षेत्र तारो भो किन लौ अरे ।
समस्या के छ त्यो बुझ्दा धुरीदेखि धरातक
छ अरे माकुरेजालो भन्दथे जनता सब ॥

नहुँदा मूल व्यक्ति नै गाह्रो भो बुझ्न केही त
निमित्तबाट जे माग्यौं पाइयो हेर्न त्यो सब ।
छोटो समयको छोटै अभिलेख बनाउँदा
दूरसंचारको सेवा सुस्तै छ कि कताकता ॥

**भ्रष्टाचार धेरै दिन टिक्दैन यसको अन्त्य डरलाग्दो हुन्छ ।**

## गणेश शर्मा



**जन्म मिति** : वि.सं. २०३६, वैशाख १५ गते

**जन्म-स्थान** : कार्कीनेटा-१, पर्वत

**शिक्षा** : स्नातक

**लेखन विधा** : गजल, कथा, कविता

**ठेगाना** : बगर-१, पोखरा

फोन नं. ५२७३००

मोवाईल नं. ९८४६०-२१९८७

# अनुभूति

*भ्रष्टाचार विरुद्ध तथा सुशासनको पक्षमा साहित्यिक अभियानलाई एक नयाँ र नौलो अनुभूतिको महसुस मैले गरेको छु । यस अभियानले साहित्यलाई निश्चित घेरामा राख्नेहरूका लागि साहित्य सर्वव्यापी हुन्छ भन्ने कुरा दर्शाएको छ । यही कुरालाई हृदयङ्गम गर्दै टी.आई. पोखराको सहकार्य र पो.यु.सां.प.को आयोजनामा कार्यालयमा भए-गरेका क्रियाकलापलाई अनुगमन गरी सोही ठाउँमै साहित्य सृजना गर्नु पक्कै पनि सराहनीय कार्य हो । अझ यसले साहित्यकारहरू परिवर्तनका सूचकहरू मात्र हैनन् परिवर्तनका वाहक पनि हुन् भन्ने कुरासमेत दर्शाएको छ । आगामी दिनहरूमा हरेक क्षेत्रका भ्रष्टाचार चिरफार गर्नका लागि यस्तै कार्यक्रमहरू संचालन गर्दै जान सकेमा सुशासन पक्कै आउने छ भन्ने विश्वास लिएको छु ।*

## गजल

बन्नु हुन्न भ्रष्टाचारी, आमा दिन्छिन् श्राप सधैं
मरे पनि नर्कै भर्ने, मेटिन्न है पाप सधैं ।

अन्याय र अत्याचारको, अँध्यारोमा थिचिनेलाई
सेवा गर्‍यौं भने पनि, हुन्छ फलिफाप सधैं ।

आफू मात्र हैन तिमी, छोरा नाती सबैलाई
दाग बस्छ युगौंभरि, भ्रष्टाचारको छाप सधैं ।

सानो ठूलो हुन्न दोष, जत्रै भूल गरे पनि
भोग्नुपर्छ तिम्ले आफै, पश्चातापको राप सधैं ।

जाऊ माफी मागिहाल, पाउ पर अख्तियारको
नत्र पछि खानुपर्ला, ईश्वरको झाप सधैं ॥

## ऊ अशोभ्र

ऊ त्यो बेडमा हेर !
बर्बराइरहेको मृत्युको दोसाँधमा
थर्थराइरहेको छट्पटी र पश्चातापमा
चिन्छौ ? के उसलाई तिमी
अहँ ! चिन्न सक्दैनौ
उसमा भ्रष्टाचारको कुनै दाग छैन
शोषणको कुनै पसिना छैन ।

ऊ त्यो बेडमा हेर ! ऊ अशोभ्र
ऊ, अ = अत्याचारी !
सयौंका आशाका मुनाहरू भाच्यो
कैयौंका आस्थाका भरोसाहरू ढाल्यो
प्रगतिका पाइला लगाउने भर्‍याङ्गहरू भाँच्यो

ऊ त्यो बेडमा हेर
ऊ त्यो - शोषक
विना ज्यालाका रगतहरू पसिना बनायो
खेलौना सुरा र सुन्दरीहरू बनायो
धेरै-धेरै तरुनीहरू बेश्या बनायो

ऊ त्यो बेडमा हेर !
ऊ भ्र-भ्रष्टाचारी
प्रत्येक वस्तुमा मोलतोल गर्छ
कालो धनका लागि
कहलिन्छ समाजसेवक
गोरे, वीरेजस्ता बेखबर, घरबारविहीन बनाइन्छ ।

ऊ हेर ! जिउँदैजिउँदै जलिरहेको
पापको तापले पोलिरहेको
एक्लो ! एक्लो ! एक्लो !
ऊ त्यो बेडमा हेर
पश्चातापको आगोमा बलिरहेको
एक्लो ! एक्लो ! एक्लो !

# ए, वीरेदाइ !

ए, वीरे दाइ !
तँ बोल्नु हुन्न रे
तँ सानोले
मन पनि खोल्नु हुन्न रे
तँ आफै बाटोमा हिंड्नु हुन्न रे
किनकि
यो बाटो तेरो हैन
यो माटो तेरो हैन ।

बाटो र माटोहरूमा
पसिना बगाए पनि
अड्कलिनुपर्छ तँ ज्यालाहरूमा
रोवोट मानवहरू जस्तै
तँ रिमोटमा चल्नुपर्छ
जहाँ पनि दब्न सक्छस्
तँ ब्याट्री रिमोटभित्रको
पावर छन्जेल थिचिरहन्छन्
शोषक, सामन्ती मानवहरू
दु:ख, पीडा, रोग र भोगको
संवेदनाविहीन मानवहरू

ओह ! वीरे तँ पक्कै
दु:ख र पीडाका थकानहरूमा
रोग र भोकका चुलीहरूमा
दिनदिन थपिनुपर्छ
घट्नु हुँदैन, तल हट्नु हुँदैन
एकमुठी सास, एक क्यालोरी शक्ति हुँदासम्म
निरन्तर तँ बाटो र माटोहरूमा
सिंचिएर पसिनादाना फलाउनुपर्छ
किनकि,
पशु झैं बन्धित गोठघरका
चेतहीन पशुलाई दाना ख्वाउनुपर्छ
त्यसैले,
घट्नु हुँदैन, तल, हट्नु हुँदैन पछि
एक मुठी सास, एक क्यालोरी शक्ति हुँदासम्म ।

भ्रष्टाचार धेरै दिन टिक्दैन यसको अन्त्य
डरलाग्दो हुन्छ ।

## जीवन "सागर" भण्डारी



**जन्म मिति** : वि.सं. २०३७ ,भाद्र ८ गते

**जन्म-स्थान** : भरतपोखरी-४, कास्की

**शिक्षा** : बी.ए. (अध्ययनरत)

**लेखन विधा** : गीत, गजल, कविता

**ठेगाना** : माछापुच्छ्रे एफ.एम. ९१ मेगाहर्ज, पोखरा

फोन नं. ५३२८८३, ५३२८९३

मोवाइल नं. ९८४६०-२०९८७

### अनुभूति

*विषय नै चाख लाग्दो । भ्रष्टाचार विरोधी कार्यमा नैतिकवान् व्यक्ति जो कोही पनि उत्साही हुनु अनौठो नहोला । नेपालीको छातीमा भ्रष्टाचारको काँडाले खिल पारिसकेको वर्तमान स्थितिमा अनुभवभन्दा अनुमान छ मसँग । यदि सुशासनको पक्षमा र भ्रष्टाचारको विरुद्धमा यसरी नै समाजका हरेक पक्ष चनाखो भएर लाग्ने हो भने भ्रष्ट आचार भएकाहरूका निम्ति बाँदरलाई टिन ठटाएभन्दा कम हुने छैन । तर सबैले कानमा तेल हालेर बस्ने हो भने हात्तीलाई नाङ्लो ठटाएझै हुनेछ । यसर्थ संस्कृतिको जगेर्ना गर्न र विकृतिलाई परास्त गर्न ट्रान्सपरेन्सी इन्टरनेशनल, पोखरा सहयोगी समूहको सहकार्यमा पोखरेली युवा सांस्कृतिक परिवारको पहल अत्यन्त जायज र सान्दर्भिक भएको अनुभव गरेको छु ।*

# गीत

लेख्या छु यही एउटा गीत
अरु त के छ र मसित ?
नेपालीले चाहेका छन् विधिको शासन
काम गरौं चाहिँदैन चर्का ती भाषण
सच्चा कर्म गर्नु नै हो जन्मिएको सार
आत्मासाक्षी राख्यौं भने हुन्न भ्रष्टाचार

काम गर गतिलो पाराले
बल्ल पो मान्ने छ साराले

जस्ले गर्छ भष्टाचार उसको भलो हुन्न
संसार आफ्नो बनाउँला नाच्ने थलो हुन्न
अति तुच्छ जन भनी थुक्छ तिम्रै मनले
हेर्दै जाऊ एक चोटि त पिर्छ कालो धनले

कालो धन मुख पनि कालो
जनताले समाउँछन् कठालो
श्रमको फल खुब मीठो हुन्छ
खाऊ बरु बनेर खेतालो

भ्रष्टचार र ढिलोसुस्तीले हुन्न फलिफाप
आशिक होइन पाउँछौ तिम्ले मुरीमुरी श्राप
देखिन्छ कि कालो कर्तुत हुन्छ मनमा ताप
मन्दिर धाऊ, गंगा न्वाऊ पखालिन्न पाप

जन्मदै भइदैन ठूलो
कर्मले बनाउँछ महान्
धुरीमा चढ्ने छ पाप
जत्ति नै बनाउन वहाना ॥

# गीत

हरायो सुशासन पनि
गाह्रो भो गरीबलाई बाँच्न नि ।

जुध्नुपर्छ पहाडसँग टन्टलापुर घाम
ज्यानको बाजी थापीथापी गर्नुपर्छ काम
काम गरे नि गरेजस्तो छैन कतै पनि
चाहेजस्तो सुशासन कहिले आउँछ त नि ?

भै'राछ भ्रष्टकै जीत
सुशासन भाषणमै सीमित ।

जसले गर्छ सबको भलो जस्ले गर्छ धर्म
तर आज उसैको नै फुटिरा'छ कर्म
जस्ले गर्छ घुसखोरी ज़स्ले गर्छ पाप
तर पनि उसैलाई नै हुन्छ फलिफाप ।

ठूलालाई मस्ती र चैन
गरीबको पक्षमा कोही छैन

जनताको अबिर फेता पहिरिएका पनि
भ्रष्टाचार गरीगरी बने धनीधनी
जनताको पसिना त कति खाएखाए
भ्रष्ट बने तल्लोदेखि माथिल्लो निकाय ।

आउला नि सुशासन भनी
जनताले कतिन्जेल सहनी

खाएका छन् कर्मचारी सरकारको नून
आतुर हुन्छौ कालो धनको सगरमाथा छुन
जुटौं बरु यो देशमा सुशासन ल्याउन
जानुपर्‍यो अख्तियारको ढोका घच्घच्याउन

धेरै छन् जनताका जुका
हुँदैन यसरी सहेर
पर्‍या छ घुस्याहा खेद्न
हामी सब एक जुट भएर ।

# तिमी उसको छोरा

तिमीले त्यसो गर्दैनौ
किनकि
तिमी उसको छोरा
ऊ फेरि अनौठो मान्छे
सुशासनको पक्षमा वकालत गर्दा
भ्रष्टाचारको विरुद्धमा कलम चलाउँदा
धेरै शत्रु कमायो उसले
उसमा
राम लेखिएको खास्टो थियो
रावणको व्यवहार थिएन
कृष्णको पगरी थियो
कंसको मुहार थिएन
बरु
कहिलेकाही
आँसु पिउँथ्यो र हाँसो डकार्थ्यो
मानवताको प्रेसरकुकरमा
पानी उमाल्थ्यो र चोइला पस्कन्थ्यो
कहिले खाएर बाँच्थ्यो
कहिले नखाई बाँच्थ्यो
तर बाँच्ने क्रममा
द्रव्यप्रसाद बन्न आतुर पिशाचको
कालो धन स्वीकार गरेन उसले
आफ्नै जननीको कोमल छातीमा
तीखो छुरा धसेन उसले
न त खुवायो कत्ति
न त खायो कत्ति

बरु अन्यत्र हाँसिदिन्थ्यो
एकान्तमा रुन्थ्यो
दुब्लो शरीर र भोको पेट
भ्रष्टाचारको विरोध गर्थ्यो
त्यसैले
तिमी त्यसो गर्दैनौ
तिमीलाई स्वार्थका मांसपिण्डले बनेको
द्रव्यप्रसाद बन्नु छैन होला
किनकि तिमी उसको छोरा
तिमीमा उसको रगत छ
आर्दश होला, व्यवहार होला
यसर्थ तिमीले त्यसो गर्दैनौ
किनकि तिमी उसको छोरा।

> "कसैले भ्रष्टाचार यथार्थता हो या जीवनको एउटा अपरिवर्तनीय पाटो हो भन्छन्। तर त्यो मूर्खता मात्र हो। यर्थाता त त्यो हो जे हामीले निर्माण गर्छौं।"
>
> *- सुवा रीमोनि ए छोड, पूर्व निर्देशक सामोआ तथा टी.आई. ईन्टिग्रेटि मिसन*

## तीर्थराज अधिकारी



**जन्म मिति** : वि.सं. २००३, कार्तिक ३० गते

**जन्म-स्थान** : चन्द्रेश्वर-७, लमजुङ

**शिक्षा** : एम.ए.

**लेखन विधा** : कविता, आख्यान

**पुरस्कार** : प्रवल गोरखा दक्षिबाहु (चौथा)

**प्रकाशित कृति** :
- जुनकिरी
- ऐना
- तीन लय तेह्र गीत

**ठेगाना** : रामघाट, पोखरा-१०, अधिकारी निवास

फोन नं. ५२०९५२

## अनुभूति

*वास्तवमा सुशासन भनेको भ्रष्टाचाररहित समाज, शान्ति व्यवस्था सुदृढ, मुलुकको जनधनको सुरक्षा, अभावग्रस्त स्थानमा अत्यावश्यकीय वस्तुको आवश्यकता पूरा, राष्ट्रिय सम्पदाको संरक्षण, राष्ट्रिय स्रोतको यथोचित परिचालन, वैदेशिक निर्भरतामा यथासक्य कमी, खर्चको व्यवस्थापन र आर्थिक अनुशासनमा जोड दिने हो । प्रशासकीय कार्य कुशलतामा वृद्धि ल्याउनु, राष्ट्र जनता र व्यवस्था सुहाउँदो परराष्ट्र नीति अवलम्वन गर्नपट्टि लागेको लगन नै सुशासन हो ।*

*साहित्यिक क्षेत्रको यो अभियान सम्भवतः इतिहासमै पहिलो र प्रभावकारी भएको छ । सुललीत तथा सरल साहित्यिक माध्यमबाट भ्रष्टाचार विरुद्धको अनुग्रह अवश्यमेव फलदायी हुनेछ । समग्रमा भन्नुपर्दा यात्रा आशादायी मान्नुपर्छ ।*

# भ्रष्टाचार

अवसरको दुरुपयोग,
बन्द निर्णय
कुविचार र दुराचार
सँगै आउँछ भ्रष्टाचार ।
खेतमा पानी लाउँदा
झैझगडाको तारिख धाउँदा
फेला पऱ्यो भने तारवार
देखापर्छ भ्रष्टाचार ।
कैले आउँछ यो कराइकराई
विद्यार्थीहरूलाई संलग्न गराई
सडकभरि छरपष्ट वारपार
घुँडा टेक्न लगाउँछ भ्रष्टाचार ।
अस्पतालको अगाडि हर्न बजाएर,
पर्व, उत्सव र विवाहमा घर सजाएर
वैशिष्ट्यको अगाडि बिर्सिएर सदाचार
प्रतिष्ठाको रुपमा स्थापित हुन्छ भ्रष्टाचार ।
विडम्वना मर्यादाको छ,
उही समाजको ठूलो वडा र ठालु छ,
जो ग्यारेजमा राख्छ कार
अनि बढ्छ भ्रष्टाचार ।
फूल फुल्ने कुरो फुलिरहेछ,
पानी बग्ने कुरो बगिरहेछ,
नबिग्रिएपछि आफ्नो सार
प्रकृतिमा कहाँ छ भ्रष्टाचार ?
हेर्दाखेरि रंग छुट्टै छ
काम गर्दाको ढंग छुट्टै छ,

## तीर्थ श्रेष्ठ



**जन्म मिति** : वि.सं. २०१६ कार्तिक १६ गते

**जन्म-स्थान** : बागबजार, पोखरा

**शिक्षा** : आई.ए.

**लेखन विधा** : कविता, गीत, लेख आदि

**पुरस्कार** :
- राष्ट्रिय प्रतिभा पुरस्कार
- पोयुसाँप
- गद्दी आरोहण रजतमहोत्सव पदक
- युवा वर्ष मोती पुरस्कार

**प्रकाशित कृति** :
- तीर्थ श्रेष्ठका कविताहरू
- जीवनको कुरुक्षेत्रबाट
- पाइलाका नीवहरू (सहलेखन)

**ठेगाना** : सिद्धार्थ ट्रेडिङ, सिर्जनाचोक, पोखरा
फोन नं. ५२०७१४ (निवास), ५२५२१४ (कार्यालय)
मोवाइल नं.९८४६०-२३४८५

## तिनीहरू

तिनीहरू डसिरहन्छन्
विषालु सर्पहरूले झैं डसिरहन्छन्
विद्यालयका कालोपाटीदेखि
योजना आयोगका फाइलहरूसम्म
तिनीहरू फणा उठाएर कुण्डली मारेर बसिरहन्छन् ।

आमाका सपना देख्ने आँखाहरू
खेतका गराहरू
पुलका लट्ठाहरू
सन्तानका भविष्यहरू
कहीं पनि तिनीहरू डस्न सक्छन्
मान्छेको मनको विश्वास
घरको छानो
हिँड्ने सडक
उड्ने आकाश
जहाँतहाँ तिनीहरू बस्न सक्छन्
जुनसुकै बेला डस्न सक्छन्
बेरोजगारीका कारण
स्वनिर्वासनका यात्राहरू
राष्ट्रबैंकले छाप्ने मुद्राहरू
सुरक्षाका बन्दोबस्तहरू
न्यायका तराजुहरू
विश्वासका मुदुसहरू निलाम्य छन्
तिनीहरूले डसेर ती निलाम्य भएकाछन् ।

विषाक्त तिनका दन्तलहरहरू
देशको आकाशमाथि
मेघमाला सदृश सुशोभित छन्
र त्यसमुनि देश र सारा जनता भयभित छन् ।

# पाँच मुक्तक

**आदेश**

माथिको
अझमाथिको
झन्‌माथिको
आदेश छ
सकेजति रगत बटुल्नू
अलिकता आफू राख्नू
बाँकी सबै माथि पठाउनू ।

**हथकण्डा**

टेबुलमाथि राष्ट्रिय झण्डा छ
टेबुलमा भयभीत पार्ने डण्डा छ
जुनसुकै बेला पनि लाखौं लुट चलाउने
हामीसँग कानूनी हथकण्डा छ ।

**नेता**

तिम्रै नोटले तिम्रै भोट किनेको छु
चुनाव जित्ने धन्दा मैले चिनेको छु
ओह मेरा मालिक भनाउँदा दासहरू
तिमीलाई मैले आश्वासनको जाँतोमा पिनेको छु ।

**सूचना**

उहाँ गैंडा बाघ र हात्ती खानुहुन्छ
घुस पटक्कै खानुहुन्न
उहाँको अफिसमा भ्रष्टाचार छँदै छैन
किनभने खाने चिज उहाँ आफ्नो हातले छुनुहुन्न ।

**भ्रष्टाचार**

आँखा चिम्लेपछि लाज हराउँछ भन्छन्
मासिन पनि कुकुर झैं कराउँछ भन्छन्
यति बढिसक्यो भ्रष्टाचार कि अब
भ्रष्टाचारसँग भष्मासुर पनि डराउँछ भन्छन् ।

## तीर्थ गुरुङ



**जन्म मिति** : वि.सं. २०२९, असार १३ गते

**जन्म-स्थान** : सिकलेस, पार्चे-७, कास्की

**शिक्षा** : स्नातक

**लेखन विधा** : कविता, आख्यान

**ठेगाना** : श्री लोटस् एकेडेमिक स्कूल, नयाँबजार, पोखरा

फोन नं. ५२१९१९

# अनुभूति

*कविहरूले भरिएको माइक्रोबसले ८ नं. नापी गोश्वाराको आदि कवि धनप्रसाद तामाङ र मलाई ओकलिदिन्छ । धनप्रसादले आगन्तुक पुस्तिकामा केके भरेपछि हाकिम सा'बको कोठा देखाउने क्रममा त्यो कर्मचारी अलि असभ्य तरिकाले हामीलाई निर्देशन दिन्छ ।*

*कार्यालय प्रमुख श्रीमान् बामदेव दीप लगभग लेक्चर दिने शैलीमा नै प्रस्तुत भैदिनुहुन्छ । त्यहाँ सुन्ने कुराहरू मेरा लागि नौला हुन्छन् । बीचमा मेरो सहयात्री हाकिम साहबको टेबलमाथिको फोनबाट दुई कल फोन गरिहाल्छन् । आचारसंहिता राम्ररी पढ्न नभ्याएर होला अन्जानमा भ्रष्टाचार भैहाल्छ ।*

*जुनजुन कोठामा हामी हाकिम साहबलाई पछ्याउँदै जान्छौं, त्यहाँका कर्मचारीहरू जन्याकजुरुक उठ्छन् । सब काममा व्यस्त । लाग्छ नेपाली कर्मचारीहरूले सधैं यसरी काम गरिदिए कविहरूलाई भ्रष्टाचार विरोधी कविता लेख्ने अभिशाप त लाग्ने थिएन ।*

*हाम्रो लागि छुट्याएर राखिएको कोठामा कविता लेख्न जाने क्रममा अघिको जस्तो चहलपहल हुँदैन । अघि व्यस्त भएर काम गरिरहेका कर्मचारीहरू आधाजसो त अहिले मस्त गफ गरिरहेका हुन्छन् । त्यसैले नेपालमा यस्तो अस्तव्यस्त छ, लाग्छ ।*

# एउटा भ्रष्टाचारीको चिन्ता

क्या झ्याउ छ यार
समाउन आउने हो कि अख्तियार ।
मारे पाप पाले पुण्य एउटा जिम्मेवारी
अर्काकी छोरी आफ्नो अर्धाङ्गिनी
सुरुकी त सोझी, पछिकी डंकिनी ।
सीमित आय, असीमित फर्माइस्
'प्रेरणा' कुर्ता 'कोमलिका' साडी,
चढ्छु मात्र भन्ने चिल्ला गाडी ।
शहरशहरमा बडेबडे महल
महलमहलमा नोकरचाकर
ठाँटिनुपर्ने लगाइ हिराको हार ।
अनि त गर्नैपर्ने भ्रष्टाचार ।

खानै नपुग्ने जागिरमा को टिक्छ ?
नेपालको शिक्षित कहाँ पो बिक्छ ।
छोरालाई पठाएँ सात समुद्रपार
त्यसै हुन्छ र नगरी भ्रष्टाचार ?

सामाजिक प्रतिष्ठा धाक र रवाफ
छोरीको विहेमा दिएँ मजाले जवाफ ।
अलिकिति लुकाएँ
ज्वाइँसाहबको खातामा
जेठानको नाममा केही शेयर किने
अकुत सम्पत्ति, भएपनि थोरै तलब
लगाएँ पैतृक सम्पत्तिको राम्रो जलप
हे भगवान ! निद्रा पर्दैन ।
बढी भएर स्लिपिङ ट्याबलेट, मरिन्छ कि ?
आजभोलि गिरफ्तारीमा परिन्छ कि ?
क्या झ्याउ छ यार
धाउनु पो पर्ने हो कि अख्तियार ?

# विभाजित देश

देश भत्काए
टेबल मुन्तिरका लामालामा हातहरूले ।

देश खोक्रो बनाए
बाहिर कतै कुनामा खासखुस गर्ने मुखहरूले ।

देश खर्लप्प खाए,
स-साना काममा पनि चिया खाने जिब्राहरूले ।

बनेका छन् त देशमा एकातिर
आलिशानआलिशान गौंथुलीका गुँडहरू
चिल्लाचिल्ला बि.एम. डब्ल्युहरू ।

बाँकी हुन् त देशमा अर्कातिर
स्याउलाले छाएका झुपडीहरू
भोकले कट्कटिएका ओठहरू ।
उफ् ! मेरो देश सधैंसधैं अभिशप्त छ
लामालामा हातहरूद्वारा चियासँगै खाइन
अदृश्य एउटा अजङ्गको पर्खाल उभ्याउन
हुने खाने र नहुने नखाने बीचमा ।

भ्रष्टाचारविरुद्ध आजैदेखि नै साहित्यिक
कलम चलाऔं
सुन्दर शान्त नेपालको स्पष्ट भाग्यरेखा
कोरौं ।

## तेजनाथ घिमिरे



**जन्म मिति** : वि.सं. १९९६, असोज १ गते

**जन्म-स्थान** : नदीपुर, पोखरा

**शिक्षा** : शास्त्री (संस्कृत साहित्य, व्याकरण)

**लेखन विधा** : कविता, मुक्तक, गजल

**सम्पादन** : वेणी, हिमदूत, भूपी स्मृतिग्रन्थ, शिक्षाज्योति, नानी, सारस्वत, डि. श्रीप्रसाद स्मृतिग्रन्थ इत्यादि ।

**पुरस्कार** :
- गण्डकी वृहत् साहित्य सम्मेलन- प्रथम, स्वर्ण पदक, वि.स. २०२२, हंसपुर, कास्की
- राष्ट्रिय निबन्ध प्रतियोगिता- नगद
- जिल्ला शिक्षा समिति कास्की- नगद
- राष्ट्रिय शिक्षा समिति कास्की- नगद/स्वर्णपदक

**कदर सम्मान** :
- पोखरेली युवा साँस्कृतिक परिवारबाट सम्मानित
- दयाशंकर स्मृति पत्रकारिता पुरस्कारबाट सम्मानित ।

**अभिनन्दन** :
- नेपाल शिक्षक संघ, कास्की - २०५४
- कन्या मा.वि., पोखरा- २०५८
- माछापुच्छ्रे एफ.एम.- २०५९

**पदक विभूषण** :
- गद्दी आरोहण रजत महोत्सव- २०५३
- प्रबल गोरखा दक्षिणबाहु - २०५५

**प्रकाशित कृति** : अनावरण (मुक्तकमाला), दर्जनौं पत्रिपत्रिकामा २०१७ सालदेखि कविता, निबन्ध, आलेख आदि हजारौं रचना प्रकाशित

**ठेगाना** : नदीपुर, पोखरा
फोन नं. ५२३४६४

# भ्रष्टाचार हुँदैन

रैतीमा छ प्रभुत्वशक्ति अहिले जो शक्ति सम्पन्न छन्
पानी मात्र पिएर भाषण सुने, निश्चिन्त छन्, टन्न छन्
घुम्ने मेच घुमाउने सकसमा छन् राष्ट्रका सेवक
भ्रष्टाचार हुँदैन यो मुलुकमा, खोसिन्न हाम्रो हक ।

रातारात विकासले गति लियो झुप्रो हवेली भयो
नाङ्गा पाउ चलाउने सडकमा प्राडो, पजेरो गयो
भ्रष्टाचार पुगेन तैपनि त्यहाँ आए, गए शासक
खै । को भ्रष्ट भएर यो मुलुकका मान्छे ! अँठ्याए हक ।

बस्तीबाट सहर्ष जङ्गल पसोस् ! चाहे कुनै मानिस
छोडी जन्मथलो ठुलो सहरमा पस्ने गरोस् ! कोशिश
पूरापूर स्वतन्त्रता छ अहिले छैनन् कुनै बन्धन
भ्रष्टाचर हुँदैन शक्ति छ भने जस्तै कमाओस् ! धन ।

भ्रष्टाचार विलास होइन बुझ्यौ हो सभ्यता संस्कृति
भ्रष्टाचार विनास होइन, यही हो सिर्जना सञ्चिती
छैनन् भ्रष्ट यहाँ महानगर झैं दुर्गन्ध फैलाउने
पुर्खाको इतिहास-पुष्प ढलमा फालेर मैल्याउने ।

चम्कन्छन् धनवानका महलमा सौदामिनी चाँदनी
त्यो लक्ष्मी प्रियभक्त हुन्छ अरूले उल्लू बनाए पनि
हेर्छन् हार्दिक दृष्टिले जगतका नारी सची सुन्दरी
भ्रष्टाचार हुँदैहुँदैन छ जहाँ सम्पन्नताको धुरी ।

"विश्वास कमाउन गाह्रो छ तर गुमाउन सहज छ ।"
- डेभिड वाकर

# भ्रष्टाचार विरुद्ध बोल-पत्र

**१. पशुवाक्य**

भकारा गतिला छैनन्, कीरा लाग्छन्, सताउँछन्
दिँदैनन् भोक तिर्खामा दाना पानी अत्याउँछन्
खुला सडकमा खोज्दै हिंडेका छौ स्वतन्त्रता
छ कारागारमा भन्छन् 'गाँसवास सुनिश्चित ।'

**२. जनआवाज**

छ संविधानमा पूरा स्वस्थजीवनको हक
अस्पताल बिरामी छन्, छन् दुर्लभ चिकित्सक
भन्छन् सबै बुझेकाले स्वास्थ्य हो मूल सम्पत्ति
हामी बाँचिरहेका छौं नपाए पनि ओखती ।

**३. पश्चाताप**

सिकाइएन मौकामा सही बाटो समाउन
कुबाटातिर लागेछन् धेरै पैसा कमाउन
पैसा पाए भने गर्छन् सच्चरित्र समर्पण
लुटेको धनले होला कसरी पितृतर्पण ।

भ्रष्टाचार असल शासन र कानुन विपरीत भएकाले यसको नियन्त्रणमा तपाईँको सक्रिय हातेमालोको आवश्यकता छ । देशव्यापी रुपमा भ्रष्टाचार नियन्त्रण गर्ने क्रममा तपाइँ हामी एक-एक जनाको उजुरी महत्त्वपूर्ण हुन्छ ।

# सुशासनका साझेदार बनौं

भव्य सभा समारोहहरूमा
ससम्मान प्रमुख आमन्त्रित भएर
विराजमान हुन, भ्रष्टाचार गएको छ
जहाँ रजगज र सजधज छ
त्यसको आधारशिला पनि भ्रष्टाचार भएको छ
दानापानी बत्ती र आमसंचारका
स्रोतसाधन यसैले जकडेको छ
यावत् विकास र निर्माणका क्षेत्रलाई
यसैले पकडेको छ
धन्य छ भ्रष्टाचारको सञ्जाल !
जसले ढाक्न खोजेको छ हिमाल !
भनिन्छ 'संचय भ्रष्टाचार हो,
अपव्यय भ्रष्टाचार हो
नुन नपुगेको क्षेत्रमा पुगेर
अक्षर नचिनेका असहायलाई ठुङ्ने
कानुन पनि भ्रष्टाचार हो
पारदर्शी मर्मस्पर्शी साहित्यकर्मी आऊ
अब भ्रष्टाचारका जरा खनौं
सुशासनका साझेदार बनौं ।

याद राखौं भ्रष्टाचार धेरै दिन लुक्दैन र यसको अन्त्य पनि ज्यादै डरलाग्दो हुन्छ । त्यसैले भ्रष्टाचार नगरौं र हुन नदिऊँ ।

**दीपक समीप**



**जन्म मिति** : वि.सं. २०३३ जेठ १६ गते

**जन्म-स्थान** : सूर्यपाल, सोतीपसल, लमजुङ

**शिक्षा** : स्नातक

**लेखन विधा** : गजल, कविता, मुक्तक, गीत, लघुकथा

**पुरस्कार** :

- उत्कृष्ट लघुकथाकार-२०५४
- उत्कृष्ट लघुकथाकार-२०५५
- खुल्ला मुक्तक प्रतियोगिता-२०५५ (प्रथम)

**ठेगाना** : फूलबारी-११, भानुमार्ग, पो.ब.न.-१६, पोखरा

फोन नं. ५२७८७५, ५२१८८५

मोवाइल नं. ९८४६०-२०४१०

## अनुभूति

- *कतिपय कार्यालयका प्रमुखहरू आफैं बोक्सी आफै धामी बनिरहेका छन् ।*
- *भ्रष्टाचारविरुद्ध सुशासनको पक्षमा अधिकांश कर्मचारीहरूको धारणा यस्तो सम्म पाइयो- 'काग कराउँदै छ पिना सुक्दै छ ।'*
- *पीडित जनताहरू 'यसलाई त अख्तियार लागोस्' भनेर कस कसलाई हो सत्तोसराप गर्दै थिए ।*
- *अर्धसचेत मस्तिष्कहरू कार्यालय परिसरमा भ्रष्टाचार गर्छन् तर सचेत मस्तिष्कहरू कार्यालय बाहिर भ्रष्टाचार गर्छन् ।*
- *श्री ५ बडामहाराजाधिराजको दिव्य उपदेश 'घुस खान्या र घुस लिन्या दुवै देशका महा शत्रु हुन्' कार्यालयको भित्ताबाट यो कविलाई देखेर गुहार गुहार माग्दै थियो, विचरा ।*

# राष्ट्रिय झण्डा

समयको पहिलो प्रहर
रंगीन मसी चोबेर
कलमहरू सगर्व
कविताको कार्यालय पसे
प्रशासनिक फाँट पसे- कविताको
र प्रत्येक टेबुलहरूमा संचेतनाको आगो लगाए ।

आगो-
फैलियो प्रशासनिक फाँटभरि
आगो-
फैलियो प्रशासनिक कार्यालयभरि
तर फैलिएन
कुनै कर्मचारीको मनभरि - संचेतनाको आगो
तर फैलिएन
कुनै कारिन्दाको मस्तिष्कभरि - सुशासनको आगो
र त पटक्कै छुन सकेन
त्यसैले त, कुनै सिलबन्दी खामहरूलाई - आगोले
लालची खाम फरफराइरहेको छ
कार्यालय अगाडि फरफराइरहेको राष्ट्रिय झण्डा झैं ।
प्रत्येक कार्यालयको
निधारमा
टाँगिएको छ गरुङ्गो होर्डिङ्ग बोर्ड
तसर्थ,
हामी पनि निःसन्देह गरुङ्गो हुनैपर्दछ
काम लिनलाई,
तलदेखि माथिसम्म निःसंकोच छुनै पर्दछ
नत्र भने-

प्रमाण नपुगेको कसुरमा- रोकिन्छन्, फाइलहरू
नत्र भने-
प्रमाण नपुगेको निहुँमा - छोपिन्छन् फाइलहरू
प्रमाण-
दशगजा पारिको नागरिकसँग पुग्न सक्छ
तर आफ्नै नागरिकसँग पुग्न सक्दैन
प्रमाण-
छिमेकी देशसँग नुग्न सक्छ
तर आफ्नै ठेससँग दुख्न सक्दैन
ओह महासय !
तपाईं आफैं भन्नुस्
के कुनै व्यापारी
आफ्नो व्यापार घाटा सहन सक्दछ ?
यतिखेर,
मिल्काइएको छ कुनामा दिव्योपदेश
बदलिएको छ देशको अघोषित प्रतीक चिन्ह
बडो जतनसाथ
हामी राष्ट्रिय झण्डा बोकेर
हिंडिरहेका छौं अविरल-अविरल ।

❑❑❑


**भ्रष्टाचार भए गरेकोमा कसले, कहिले, कहाँ उजुर गर्ने ?**

सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको अवस्थामा आफूसँग भएको प्रमाण समेत संलग्न राखी जोसुकैले जतिसक्यो चाँडो उजुरी दिन सकिन्छ ।

उजुरी निम्नलिखित नियका वा पदाधिकारीमध्ये कुनै एक निकाय वा पदाधिकारीसमक्ष दिनु आवश्यक हुन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
बबरमहल, काठमाडौं
वा
सम्बन्धित क्षेत्रका क्षेत्रीय प्रशासक
वा
सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी

# गजल

मौकामा हिरा खुब फोड्नु भो' हाकिम सा'ब
काग बनी मजुर प्वाँख ओढ्नु भो' हाकिम सा'ब ।

एक जमाना'थ्यो जहिले नि छाक टार्न धौ-धौ
ती अभाव ऐले कता छोड्नु भो' हाकिम सा'ब ।

नढाँट्नुस् चोखो कमाइ हो, कहाँ म पत्याउँछु ?
त्यत्रो सम्पत्ती कसरी जोड्नु भो' हाकिम सा'ब

मानें बा ! मानें हजुर, क्या गजब जादुगर
छु मन्तरमै जिन्दगी मोड्नु भो' हाकिम सा'ब !

नसोच्नु पैसाले हुन्छ ग्रहदशा नि आफन्त
अख्तियारकै दैलोमा लड्नु भो' हाकिम सा'ब !!

# गजल

आउनु भो' हजुर कति काम लिएर
फत्ते हुन्छ मैलाई भेटे दाम लिएर ।

यहाँको कागजपत्र दर्ता फाँटमै अल्झ्यो
कि आउनुस् सिफारिस नाम लिएर ।

मोही पनि माग्ने के-को ढुंग्रो लुकाउने
आए सदर हुन्छ मोटो खाम लिएर ।

चढ्नुस् हुँ म यौटा सरकारी घोडा
जान्नुपर्छ सधाउन लगाम लिएर ।

पुरानो भो' कोढीको नि पाउ मल्ने कुरा
कहाँ हुन्छ काम खाली सलाम लिएर ।

**धनप्रसाद तामाङ**



**जन्म मिति** : वि.सं. २०२६, चैत १८ गते

**जन्म-स्थान** : सैमराङ-६, कास्की

**लेखन विधा** : कविता

**ठेगाना** : पोखरा-१५, अन्नपूर्णमार्ग, फोरेस्ट्री क्याम्पसगेट

फोन नं. ५२६८४४

# अनुभूति

*साहित्यिक कार्यक्रमहरूमा घनिभूत ढंगले सहभागी हुन नसकेको कारण नर्जादिदो हृदयगत् शिथिलता र चिसोपनको बेला यस कार्य अभियानमा सहभागिता हुन पाउँदा साह्रै खुशी लागेको छ । साथै निम्न अपेक्षा पनि राखेको थिएँ ।*

*१. साहित्यकर्मी साथी/मित्रहरूसँग पूर्ववत् घुलमिल*

*२. नयाँ कविमनहरूद्वारा पुनर्ताजगी*

*३. आत्म समीक्षा*

*कार्यक्रमहरूबाट निम्नानुसारको उपलब्धि हासिल भएको अनुभव गरें ।*

*१. सामाजिक दायित्व वहन भएको*

*२. उदीयमान कविहरू सशक्त*

*३. पुन: संयोजित मैले धेरै मिहनेत गर्नुपर्ने ।*

# जमिन

इमानदार जोताहा हुनुको बकस स्वरुप
कमिला प्रताडित गड्यौलासरि
पीडाग्रस्त किसानभाइहरूको
छाल गन्दो-
रक्त असुलीकर्ता
श्रीमान् महासामन्त पुत्र
कुँदिर विशेष लेख्छन्-
हैन मान्छेलाई जमिन
चाहिन्छ र कति नै आखिर ?

त्यस्तै अर्को
युग महत्वाकांक्षी
कवि दार्शनिक जोधाहा नेता कुर्लन्छन्-
हत् संसार त
सर्वहारा चरा-श्रम साधकहरूको पोत ।

वुभिन्न
यी साराको सार के हो ?
तै पनि यिनै तोतामैनाको लहरबरीमा
लरबरिदै देश जलिरहेको चिता ।
टुक्राटुक्रा आमा काटेर भाग लाइरहेको
थलोमा
जुग छोप्ने

बेसारे गीतको रालले
विभत्स-भुस माथि लिउन लाउँदै/पर्दा हाल्दै
देश कोर्ने गोस्वारा आउँदा पो थाहा भो
भनाइका सत्यताहरू

सापेक्षताको जमिनमा पो उभिदो रहेछ
त्यही सत्य खेलेर
आफू उभिएको जमिन हेर्दा
देखियो, अमेरिका खोसिएको
'रेड इन्डियन भइया' रहेछ ।
जमिन बेगर देश स्वयम्
विदेश बन्या रहेछ ।

र साथै
यो पनि देखियो
गोस्वारा रुपि प्रच्छन्न गधा धोएर
गाई बनाउने सम्राटको साइसहरू
एक तमास काइते कुराको
रकमी कुराहरूले
चोर लाउला भैं
हेरिरहेछन्/खेदिरहेछन्
अस्तबलबाट घोडा हराएको यही बेला
जुन बेला
टाढा दूर देशको जंगली गाउँमा
कालले घोडा ब्याएकोको
स्याल हुइया लाइरहेछ
धस्सकदै
मेरो जमिन
हरेकको जमिन
देशको जमिन ॥

□□□

# भ्रष्टाचारलाई छोडेर

सोझो मान्छेको चेप्टो कुरा
विनासित्तिसँग खोलामा बालुवाको पुल हालिदैन
रंग न ढंगसँग
बाह्र सत्ताइसको कुरा पनि गरिदैन
र हुँदै नभएको कला र गलाभरि
रमिताको लप्पनछप्पन गर्ने पनि चाहिँदैन ।

कुरा त्यही हो
देखेसुनेको भनिन्छ
जानेबुझेको गरिन्छ
र कविता भन्नु भनेको पनि त
त्यस्तै हो
गर्ने भनेको आखिर
कुरै हो ।

कुरा
हिजो जे थियो ठीकै थियो
आज जे छ ठीकै छ
भोलि जे हुनेछ, ठीकै नै हुनेछ
संसार जो छ, जे छ सबै नै ठीकै छ ।

विस्तारमा भन्दा
पदार्थ, वातावरण, प्राणी र प्रकृयाको यो जगत्
अर्थ, काम, धर्म र मोक्षको यो चोला
भूमि, मान्छे, सरकार र संप्रभुताका यो राज्य
उत्पादन-विकास, शान्ति-सुरक्षा, न्याय र सुशासनको
यो सरकार

जो जति छन्
सबै यही सलामत स्वच्छ, सुन्दर छन्
सारा चोरलाई छोडेर
भ्रष्टाचारलाई छोडेर
राजा, मन्त्री, व्यापारीलाई छोडेर
कवि, नेता, वकिल र पत्रकारलाई छोडेर
म, तिमी, उनी र तिनीहरूलाई छोडेर
हाम्रो
आचार, विचार, संचार र
लोकाचारलाई छोडेर
अरु सबै यही सलामत स्वच्छ, सुन्दर छन्
स्वच्छ, सुन्दर, हराभरा पोखराजस्तै देखिन्छन्
पोखरा बसपार्क
पुलमुनिको पोखराजस्तै भेटिन्छन् ।

## अख्तियार

बाबा बाबा !
ऊ,
फुपू आइछन् ।
हत्तेरिका, यही राँडले त मारेकी छे ।

हैन,
बाबा ! आफूसँगै पोको पनि ल्याइछन् ।
त्यसैले त पालिकी छे ।

घुसखोरी एड्सरोगभन्दा भयानक सामाजिक रोग हो ।

**ध्रुव श्रेष्ठ**



**जन्म मिति** : वि.सं. २०३२, कार्तिक १५ गते

**जन्म-स्थान** : नारायणस्थान-५, बागलुङ

**शिक्षा** : एम.ए. (अध्ययनरत)

**लेखन विधा** : कविता/समालोचना

**प्रकाशित कृति** : अंग्रेजी कविताकृति The Blossom Hopeless

**ठेगाना** : एकता कम्प्युटर नेपाल प्रा.लि., चिप्लेढुङ्गा, पोखरा

फोन नं. ५२८८४४


# अनुभूति

*सिर्जनाहरू मनका संवेदना हुन् । मन छचल्किँदा भावनाहरू सिर्जनामा घनिभूत हुन्छन् र पोखिन्छन् पानाका सगरभरि । परिवारबाट भ्रष्टाचारका विरुद्ध सुशासनका पक्षमा कविता अभियान-२०६१ कार्यक्रम सञ्चालित रहिरहँदा मलाई के कुराले छोइरह्यो भने कविका संवेदनामा भ्रष्टाचार कसरी अभिव्यक्त हुनेहुन् र यसले समाजलाई कसरी दिशा निर्देशित गर्न सक्दछन् । वस्तवमा, हाम्रो प्रयास सफल भएको छ । विभिन्न सरकारी कार्यालयहरूमा व्याप्त भ्रष्टाचार विभिन्न स्वर र माध्यमबाट अभिव्यक्त भएका छन् । तर एउटा कुरा के भने यहाँ राजनीति नै भ्रष्ट छ । राजनीतिक परिवर्तनसँगै हरेक सरकारी पदहरूमा राजनीतिक भर्तीहरू गर्छन् । भ्रष्टाचारको सुरुआत त त्यहींबाट हुने गर्छ । यस पक्षमा चाहिँ हामी अलिक पछि पर्‍यौं कि ?*

# मेरो स्वाभिमान बलात्कार भएको छ

संवेदना हराएको अजिंगरझैं
म अभिषप्त छु, मौन बस्न
मेरो स्वाभिमान बलात्कार भएको छ ।

कसको केही लाग्दो रहेनछ
जब नीतिको राज नै भ्रष्ट भएपछि
यहाँ भ्रष्टहरूकै राज चलेको छ
र, संकीर्ण बाँचिरहेछन्, भ्रष्ट विरोधीहरू
जबजब सालासालीहरू भर्ती हुन्छन् सरकारी पदहरूमा
र, जबजब घरका घर ठडिन्छन् आफन्तहरूका
किनिन्छन् घडेरीहरू मुटु सडकमा वर्षदिन नहुँदै
मलाई तिमीप्रति घिन लाग्छ ।

राजनीतिको जामा ओढेर
राजनीतिको बलात्कार गर्ने नेताहरू
जब तिमी भरियाबाट पनि उसको पसिना लुटिरहेका हुन्छौ
तिम्रो मुखमा पिच्च थुक्न मनलाग्छ
र, चिच्याउन मन लाग्छ- भ्रष्ट नेता मूर्दावाद !

संवेदना हराएको अजिंगरझैं
म अभिषप्त छु मौन बस्न
मेरो स्वाभिमान बलात्कार भएको छ
प्रजातन्त्रमाथि भ्रष्टाचार भएको छ यहाँ ।

घुस दिनु अपराध हो,
घुस दिएर भ्रष्ट नबनाऔं ।

## बन्द खाम

टेबुलमुनिबाट
बन्दखाम खल्तीमा पुगेपछि
कालो पनि सेतो बन्छ न्यायलयमा ।

❑

अब त बन्दखामविना
काम नबन्ने भएको छ देशमा
खै के छ कुन्नि त्यो बन्द खामभित्र !

❑

ए सेते दाइ !
बन्द खाम छ खल्तीमा ?
नत्र महिनौं कुर्नुपर्छ है
त्यो पनि अनिश्चित ।

❑

एउटा चुरोट हजुर
र सलाई पनि
ल, हजुर पनि के मर्जी भा' भन्या
बन्द खामविना पनि काम बन्छ र आजकल ?

❑

## आधुनिक ड्रयाकुलाहरू

संवेदनारहित शुन्य आँले
उसले मलाई घोच्यो
र, भन्यो
जबसम्म समर्पित रोबोकपहरू रहिरहन्छन्
म सुरक्षित छु ।
ड्रयाकुलाझै

जब ऊ मानिसका स्वाभिमान र पसिनाप्रति
लक्षित गर्दै आफ्ना डरलाग्दा दाँतहरू उज्याउँछ
मलाई लाग्छ-
ऊ आधुनिक ड्र्याकुला हो
रक्तपिपासु भ्याम्पायर हो
चलचित्रका ड्र्याकुलाहरू
चलचित्रका भ्याम्पायरहरू
आज हाम्रा वास्तविकता भएका छन् ।

दिनमा शालिनताको खोल ओढेर
रातमा भ्याम्पायर बन्नेहरू
जबसम्म चुसिरहनेछन् मानव रगतका स्वाभिमानी बुँदहरू
र, रोबोकपहरू उनीहरूप्रति समर्पित रहनेछन्
यो चुसाइ यथावत रहनेछ
यहाँ रोबोकपहरूको स्वाभिमान बन्धकमा छ ।

ओ रोबोकप तिमी पनि
चुसाइको मतियार बनेका छौ
ज्ञानवश/अज्ञानवश खबरदार !

चलचित्रका ड्र्याकुलाहरू
चलचित्रका भ्याम्पायरहरू
आज हाम्रा वास्तविकता बेनका छन्
ऊ हेर त
हाम्रै वरिपरि छन् आधुनिक ड्र्याकुलाहरू

□□□

भ्रष्टाचार धेरै दिन टिक्दैन यसको अन्त्य डरलाग्दो हुन्छ ।

## नारायण मरासिनी



| | | |
|---|---|---|
| **जन्म मिति** | : | वि.सं. २०२९ पुस २७ गते |
| **जन्म-स्थान** | : | चिन्नेवास-१, स्याङ्जा |
| **शिक्षा** | : | एम.ए. (नेपाली), बी.एड. |
| **लेखन विधा** | : | कविता र निबन्ध |
| **पुरस्कार** | : | विभिन्न प्रतियोगिता पुरस्कृत |
| **प्रकाशित कृति** | : | • तीजको कोसेली (तीजगीत सङ्गालो), २०५० |
| | | • समयका धब्बाहरू (मुक्तक सङ्ग्रह), २०५१ |
| | | • साने (खण्डकाव्य), २०५६ |
| **सम्पादन** | : | • आरोहण, निगालो, साहित्य-प्रभा |
| **ठेगाना** | : | प्रतिभा उच्च मा.वि., पोखरा |
| | | फोन नं. ५२३८८८ (आवास), ५२१५४६ (कार्यालय) |

# भ्रष्टाचारको विरुद्धमा यौटा कविता

आदेश, तोकले देश, जनताको भलो कहाँ
भएको छ बुझौं हामी विश्वकै इतिहासमा ॥१॥
दुनो आफ्नै सिधा पारी निर्णय पटके गरी
सुब्बा, सचिव औं मन्त्री मिलेमतो घरीघरी ॥२॥
पारदर्शी नभै काम भित्रभित्रै हुने किन ?
यस्तै चाला बढेको छ मर्दछौं दिनका दिन ॥३॥
कर्मचारी बडो ठूलो इज्जतमा बसीकन
सिपालु भागबन्डामा राष्ट्रियता लुटाउन ॥४॥
स्रोत कहीं खुल्या'छैन जम्मा पो कसरी भयो ?
मानिसको बफादारी बिक्रिमा कसरी गयो ? ॥५॥
भौतिक सुविधा ज्यादा चाहने जो मनुष्य छ
नैतिक सुविधा खोज्दा गुमाउनु अवश्य छ ॥६॥
कुर्सीले बुझ हे मर्का डोको बोक्ने शरीरको
बरु आफै परोस् मर्न लुट्न हुन्न गरीबको ॥७॥
मान्छेकै हितमा मान्छे हिँड्नुपर्छ सधैंभरि
अर्काको पसिना प्यूँदा मोटाइन्न कसै गरी ॥८॥
घाँस खाने भए मान्छे पशु बरु उदार छन्
नेता, जेठा सबै भ्रष्ट जस्तै ती खरिदार छन् ॥९॥
आचरण भए राम्रो शासनमा रमाइलो
चलिन्छ जब निष्ठामा विश्व हुन्छ घमाइलो ॥१०॥

# दुष्कर्म गर्नु हुँदैन

आस्थामा जब चल्छ मानिस यहाँ नौला बिहानी तब
झुल्कन्छन. नभमा मनुष्य-हितमा छर्दै नयाँ गौरव
हाम्रो चाह फुलाउने सफलता ऐश्वय निम्त्याउने
यौटै विश्व बनाउने मिलिजुली आज्ञान मिल्काउने

मैलाफोहर औ प्रदूषण बढी हाम्रो मनैमा रहे
अर्कालाइ सताउने दुख दिने कालो मनैमा भए
केको उन्नति हुनछ खौ मुलुमा अन्याय ज्यादा सहे
सेवा-भाव लिनदिने मनुजका विश्वास नै वैलिए
खाली हात लिई छ जानु जब यहाँ तेरो र मेरो किन ?
खाई मानिस नै चपाइकन के चल्ला र यो जीवन
उस्तै सन्तति हौं भनेर अबता सोचौं हितेषी कुरा
आफू स्वच्छ बनी समाजहितको चढ्दै गरौं टाकुरा
यौटा मस्त याता छ मानिस भने अर्को उता मर्दछ
अर्काकै धनमा छ लोभ मनमा पैसा बसैं सर्दछ
सर्नेको पिछ्ही बनेर कसरी मान्छे बनौला तिमी ?
मर्नेको पसिना पिएर कसरी प्यारा बनौला तिमी ?
छोडे हुन्छ नचाहिँदा सब कुरा व्यर्थै झमेला गरी
पापाचार गरेर हुन्न समता मच्चिन्छ झन् हुन्डरी
आफ्नो ओज बढाउनै पनि कसै सक्दैन दुष्कर्मले
सग्लो शान बचाउने मन भए बच्नेछ सद्धर्मले ।

# पशु बरु उदार छन्

आदेश, तोकले देश जनताको भलो कहाँ
भएको छ गमौं हामी विश्वकै इतिहासमा
दुनो आफ्नै सिधा पारी निर्णय पटके जति
गरिन्छ तब त्यो याम लिँदैन देशले गति
पारदर्शी नभै काम भित्रभित्रै हुने किन ?
फैलनाले यही चाला झुल्किएनन् नयाँ दिन
स्रोत कहीं खुल्या'छैन जम्मा यो कसरी भयो ?
मानिसको बफदारी बिक्रीमा कसरी गयो ?
पतित कर्मचारी नै इज्जतमा बसीकन
सिपालु भागवण्डामा राष्ट्रियता लुटाउन ।

भौतिक सुविधा ज्यादा चाहने जो मनुष्य छ
नैतिक सुविधा खोज्दा गुमाउनु अवश्य छ
कुर्सीले बुझ हे मर्का डोको बोक्ने शरीरको
बरु आफै मरौं भोकै लुट्नुहुन्न गरीबको ।
मान्छेकै हितमा मान्छे हिँड्नुपर्छ सधैंभरी
अर्काको पसिना प्युँदा मोटाइन्न कसैगरी
घाँस खाने भए मान्छे पशु बरु उदार छन् ।
सेवाको मेचमा बस्ने धेरै नै अनुदार छन्
आचरण भए राम्रो शासनमा रमाइलो
चलिन्छ जब निष्ठामा विशव हुन्छ घमाइलो ।

◆◆◆



आफ्नो रचना वाचन गर्दै मुख्य सचिव डा. विमलप्रसाद कोइराला ।

## प्रकट पगेनी 'शिव'



**जन्म मिति** : वि.सं. २०१३, असोज २४ गते

**जन्म-स्थान** : देउरालीउकाली, कास्की

**शिक्षा** : आई.ए.

**लेखन विधा** : कविता, गीत, गजल, लेख

**पुरस्कार** :
- नेत्रस्मृति पुरस्कार
- वीरेन्द्र ऐश्वर्य सेवा पदक
- प्रतिबिम्ब सम्मान
- स्रष्टा अभिनन्दन
- ढुकढुकी सम्मान
- सर्वोत्कृष्ट गीतकार
- म्युजिक नेपाल सम्मान
- सर्वोत्कृष्ट अभिनेता, नाटक महोत्सव आदि

**प्रकाशित कृति** :
- यो मन कतै अल्झेको छ
- जुनको चिठी जुनालाई

**सम्पादन** :
- नव माध्यम
- सम्पदा (ली-वर्डको मुखपत्र)

**सम्पर्क सूत्र** : पगेनी आर्ट मिडिया

**ठेगाना** : ८/१०९ न्यूरोड, पोखरा
फोन नं. ५२०८०७

## अनुभूति

*अभियान आफैमा एउटा प्रयास हो, आफैमा एउटा उपलब्धि हो र आफैमा एउटा आत्मसन्तुष्टी हो । ग्रामीण कवितायात्राको सिलसिलामा धेरै नै यात्रा तय गरिए तापनि यो अभियान एउटा छुट्टै तर मीठो अनुभूति लाग्यो । सायद विषय पृथक भएर होला ।*

# बादशाहको नयाँ लुगा र मेरो देश

सानैमा एउटा कथा पढेथें
आज त्यो कथा सम्झँदै छु
कथामा एउटा लुगा बुनिंदै थियो
लुगा दुराचारीहरूले देख्न सक्तैनथे
लुगा भ्रष्टचारीहरूले छुन सक्तैनथे
लुगा व्यभिचारीहरूले हेर्न सक्तैनथे ।
कपडा बुनिंदै जाँदा
रंग भरिंदै गयो प्रशंसा बटुलिंदै गयो
कपडा बुनिंदै जाँदा
सौन्दर्य भरिंदै गयो, स्यावासी पाइँदै गयो
कपडा लगाउँदाको दिन
न बादशाहलाई पोशाकको आभाष भयो
न जनतालाई कपडाको विश्वास भयो
दुराचार, व्यभिचार र भ्रष्टाचारबाट जोगिन
बादशाहलाई जयजयकार चढाइँदै गयो ।
सबैको सोचाइको कुरा
सबैको सोधाइको कुरा
तर भन्न नसकेको कुरा
एक्कासि बाबाको बुई चढेर तमासा हेरिरहेको नाबालकले भन्यो-
'बादशाह त नाङ्गै रहेछन्'

ठीक त्यस्तै
त्यस्तै ठ्याम्मै दुरुस्तै
मैले सानोमा पढेको कथाजस्तै
अलिकति पात्र फरक तर उस्तै
अलिकति मात्रा फरक तर उस्तै
आज मेरो देश बादशाहको लुगा बनेको छ ।

हो त्यस्तै ठ्याक्कै दुरुस्तै
हामी निरीह लाचार
पदीय लोभले
पातीलाई जाती ठान्दै छौं
विष्टालाई इष्ट ठान्दै छौं
पटकपटक बादशाहको नयाँ लुगा बुनिदा र फेरिदा
हामी हार्दिकता र प्रशंसा बाँड्दै छौं
कपडा बुनिएको छैन भन्ने पनि थाहा छ
रंग भरिएको छैन भन्ने पनि थाहा छ
थाहाभित्र एउटा ठूलो डर छ हामीभित्र
थाहाभित्र एउटा ठूलो त्रासदी छ हामीभित्र
रातोलाई रातो भन्न नसकेका हामीहरू
तातोलाई तातो भन्न नसकेका हामीहरू
चुपचाप चुपचाप चुइंगम चपाइरहेछौं
र,
हीनताबोधको थुक निलिरहेछौं ।
यहाँ हरेक दिन बुनिन्छन् नयाँ लुगाहरू
हरेक दिन भेटिन्छन् अदृश्य जुगाहरू
हरेक दिन लुटिन्छन् महंगा मुगाहरू
हरेक दिन बुनिदै जानेछन् नयाँ लुगाहरू
हरेक दिन नाङ्गिदै जानेछन् बादशाहहरू
यो जात्रामा पानी मरुवा 'प्रकट पगेनी शिव'
आफ्नो छोरालाई घरमै लुकाएर
अरुको काँधमा बालअनुहार खोजी बस्छ
ताकि,
कसैले वादशाह त नाङ्गै छन् भनेर भनिदिओस् ।

**भ्रष्टाचार धेरै दिन टिक्दैन यसको अन्त्य डरलाग्दो हुन्छ ।**

# कवि र भ्रष्टाचारीहरू

जबजब लक्ष्मण थापाहरू
जबजब कृष्ण उदासीहरू
जबजब दीपक समीपहरू
भ्रष्टाचारको पिंढीमा बसेर भ्रष्टाचारकै विरुद्धमा कविता लेख्न थाल्छन्
भ्रष्टाचार पिसाब फेर्ने निहुँले
शौचालयभित्र पस्छ ।

भ्रष्टाचारको विरुद्धमा
रंगीन तुल टाँसेर कविहरू
गाजाबाजासहित कार्यालय प्रवेश गर्छन्
त्यो बेला भ्रष्टाचार लगलग काम्न थाल्छ
पसिनापसिना हुन थाल्छ
अनुनयविनय गर्न थाल्छ
क्षमा याचनासहित जीवनदान माग्छ कविहरूसँग
लाग्छ,
आज भ्रष्टाचारलाई कविहरूले निर्मूल पार्ने दिन हो
आज भ्रष्टाचारलाई कविहरूले बढारकुँढार गर्ने दिन हो
भ्रष्टाचार आत्तिन्छ कहालिन्छ
भ्रष्टाचार निसासिन्छ हत्तासिन्छ
दुलोभित्र लुक्न खोज्छ/टेबुलमुनि लुक्न खोज्छ
कविहरू,
हातमा कलमको हत्कडी बोकेर बसेका छन्
कविहरू,
कापीको नेलकडी बोकेर बसेका छन्
उम्कने ठाउँ छैन भ्रष्टाचारलाई
कविहरू अक्षरको ढाल र तरबार बोकेर बसेका छन्
आज शहरमा रमिता छ
जात्रा लागेको छ, शहरमा यतिखेर
लाग्छ आज दिग्विजय गर्ने दिन हो, कविहरूले
भोलिबाट
चाहेजस्तै सुशासन हुन्छ
सोचेजस्तै प्रशासन हुन्छ

सम्भेजस्तो अनुशासन हुन्छ ।
जबजब लक्ष्मण थापाहरू
जबजब कृष्ण उदासीहरू
जबजब दीपक समीपहरू
भ्रष्टाचारको पिंढीमा बसेर भ्रष्टाचार विरुद्धकै कविता लेख्न थाल्छन्
भ्रष्टाचार पानी पिउने निहुँले
पल्लो घरतिर लाग्छ ।

कविहरू
कविता लेखेर फर्किन्छन्, घरतिर
कविहरू
कविता सुनाएर फर्किन्छन्, घरतिर
भ्रष्टाचार शौचालयबाट निस्कन्छ
भ्रष्टाचार पल्लो घरबाट निस्कन्छ
नारा लगाउँछ, भ्रष्टाचार कविहरूको विरुद्धमा
भाषण गर्छ, भ्रष्टाचार कविताहरूको विरुद्धमा
साले कविहरू,
कविताको निहुँमा आफै अक्षरमाथि भ्रष्टाचार गर्छन र हामीलाई भ्रष्टाचारी भन्छन्
नाथे कविहरू-
कविताको निहुँमा भावनामाथि खेलवाड गर्छन् र हामीलाई व्यभिचारी भन्छन्
घुम्ने मेचमाथिको भ्रष्टाचार रिसले आगो हुन्छ र दन्दनी बल्न थाल्छ
कोठा, दराज र फाइलहरूभरि सल्किन थाल्छ
गाली बेइज्जती र मानहानीको उजुरी दिन थाल्छ कविहरू विरुद्ध
भोलिपल्ट
सखारै
लक्ष्मण थापाहरू
कृष्ण उदासीहरू
दीपक समीपहरूको हातमा हत्कडी हुन्छ
उनीहरूलाई
सच्चा, इमानदार राष्ट्रसेवकहरूमाथि भ्रष्टाचारी भनेको आरोप लागेको छ
उनीहरूलाई
निस्कलंक, पवित्र राष्ट्रसेवकहरूमाथि दुराचारी भनेको आरोप लागेको छ ।

## विष्णु अल्पविराम



**जन्म मिति** : वि.सं. २०१०, माघ १० गते

**जन्म-स्थान** : पोखरा-९, महेन्द्रपुल

**शिक्षा** : स्नातक

**लेखन विधा** : कविता, कथा, निबन्ध

**प्रकाशित कृति** : क्रान्तिकारी हिउँका फूलहरू (कविता सङ्ग्रह)

**ठेगाना** : पोखरा-८, बगालेटोल

फोन नं. ५२७३८३, ५३८१९०(घ.)

५२०४६२, २०४६३ (का.)

# ड्रेक्युलाहरूले आत्महत्या गर्नुपर्छ

स्वायम्भूव मन्वन्तरको पूर्वान्हबाट
वैवश्वत मन्वन्तरको मध्यान्हसम्म
वेद/मनुस्मृति/पुराण/उपनिषदहरूको
अन्धकार गुफाबाट निस्केका चमेराहरू
पर्यावरणको सहयोगमा
जातजातका/वर्णवर्णका
ड्रेक्युलामा विकसित भएका छन्
हिरक ड्रेक्युला
स्वर्ण ड्रेक्युला
रजत ड्रेक्युला
काँस्य ड्रेक्युला
र साधारण ड्रेक्युला ।
शिशुलाई स्तनपान गराउँदा
आनन्दानुभूतिको उत्कर्षमा पुगेकी आमाले झैं
तल्लो जातका ड्रेक्युलाहरू
उपल्लो जातको ड्रेक्युलाहरूलाई
आफ्नै छातिको रक्तपान गराउन पाउँदा
गौरवान्वित हुन्छन्
कृतकृत्य हुन्छन्
पदोन्नतिको मार्ग खुलेको अनुभूति गर्छन् ।
ड्रेक्युला बन्न र पदोन्नति हुन
पीडक परीक्षा उत्तिर्ण हुनुपर्छ
पीडक परीक्षा उत्तिर्ण हुन
भूमाफिया/जल माफिया
तस्करी/भ्रष्टाचारी
आदिइत्यादि विषय अध्ययन गर्नुपर्छ
बढीभन्दा बढी रक्तपान, कलामा निपूर्ण हुनुपर्छ ।

पीडक परीक्षा उतिर्ण ड्रेक्युलाहरू
स्तर र योग्यताअनुसार
वैवस्वत मन्वन्तरका ईन्द्रादि देवीदेवतामा नियुक्त हुन्छन् ।
मुठ्ठी फुकाएर दानदक्षिणा दिने
ड्रेक्युलाहरूलाई नर्कको द्वार बन्द हुन्छ
स्वर्गद्वार हमेसा खुल्ला रहन्छ
गरुड पुराणहरू
श्रीमद् भागवत् महापुराणहरू
धन धान्याञ्चल महायज्ञहरू
पाप र अपराध पखाल्ने कुण्ड हुन्
स्वार्थका तीर्थ हुन्
डुबुल्की लगाउँदा
सहश्र अपराध मुक्त हुन्छ
संकट मोचन हुन्छ
मान सम्मान र पदकले विभूषित हुन्छ
यतिले नपुगे मुक्तिदाता
हिरक र स्वर्ण ईक्पुला छर्दैछ ।
शिरमा स्वायम्भूव मनु
जङ्घामा वैवस्वत मनु
संस्कारको नसानसामा
टी.डी. जेसिक इन्जेक्सनजस्तै
भ्रष्टाचार प्रवाहित भएपछि
भ्रष्टाचारबाट मुक्ति पाउन
ड्रेक्युलाहरूले आत्महत्या गर्नुपर्छ ।

"कसैले भ्रष्टाचार यथार्थता हो यो जीवनको एउटा अपरिवर्तनीय पाटो हो भन्छन् । तर त्यो मूर्खता मात्र हो । यथार्थता त त्यो हो जे हामीले निर्माण गर्छौं ।"
– सुवा रीमोनि ए छोङ, पूर्व निर्देशक सामोआ तथा टी.आई. ईन्टिग्रेटि मिसन

# कविता र भ्रष्टाचार

मध्य रातमा
अचानक
कविताले चिच्याएर सोध्यो
ओह कवि !
तिमी के लेख्दैछौ ?
नाक फुलाउँदै सहज उत्तर दियो कविले
भ्रष्टाचार विरोधी कविता लेख्दैछु ।
कविताले
अनुहार विकृत पार्दै बोल्यो
अहँ ... हुँदैन
पर्ख ... नलेख ।
विस्मित कवि रोयो
किन ? ....
भ्रष्टाचारबारे किन नलेखुँ कविता ?
कविताले रोष प्रकट गर्दै बोल्यो
किनकि ....
भ्रष्टाचारबाट कविता स्वयम् मुक्त छैन
आफू स्वच्छ नभई
आफै मुक्त नभई
भ्रष्टाचार बारे कविता लेख्नु
भ्रष्टाचार हो
पाखण्ड हो ।
कविताको खप्किले कवि
सपनाको आकाशबाट खङ्गारियो ।
र अक्क न बक्क
त्यसपछि कवि
बाँकी रात निदाउनै सकेन ।

भ्रष्टाचार व्याप्त अन्धकारमा
आत्मालोचनाको दियो बालेर, कविले
आफैभित्र भ्रष्टाचार खोतलेर
भ्रष्टाचारमुक्त बिहानीको
प्रतीक्षामा ब्युँझिरह्यो ।

## हरि पाण्डे र हरि पाण्डेहरू

घुस दिएर
फरियाको साइनोसँगै
चाकडी, चुक्ली र चाप्लुसी गरेर
कुर्सीमा बस्नेहरू
प्रतिफलमा
घुसै खोज्छन्
सावाँको ब्याज, स्याज र प्याज खोज्छन्
चाकडी, चुक्ली र चापलुसी नै खोज्छन् ।
यसरी नै
थुप्रैथुप्रै हरि पाण्डेहरूले
कुर्सी ओगटेका छन्
र भ्रष्टाचार गरेका छन्
अनि नेपालआमालाई धोका दिएका छन् ।
हिजोआज
एउटा हरि पाण्डे
हरि पाण्डेहरूबाट पृथक भएर
मैले पदमा छँदा
भ्रष्टाचार गरें
भ्रष्टाचार गराएँ
र नेपालआमालाई धोका दिएँ
लौ, मलाई सजायँ गर भन्दै

आफ्नै आँखामा पट्टि बाँधेर
अनसन बसेर
विज्ञप्ति बाँडेर
आफ्नै छातिको मृदंगा बजाइरहेछ
खबर कागज र टी.भी.को हिरो भैरहेछ ।
अधिकार सम्पन्न बहालवाला हरि पाण्डेहरू
लहरो तान्दा पहरो घर्कने डरले
स्वघोषित भ्रष्टाचारी हरि पाण्डेलाई
भ्रष्टाचारको कार्वाही गर्न
लगभग कामिरहेका छन्
ओंठमुख सुकाइरहेका छन्
लाजै पचाएर
प्रकृया मिलेन भन्दै तर्किरहेका छन् ।

## कागले पो काँ–काँ गर्छ

कुन हाकिमले भन्ने गर्छ
　　　　उसको कार्यालयमा भ्रष्टाचार भएको छ ।
उहाँ त हाकिम ठुलो मान्छे
　　　　कागले पो काँ काँ गर्छ
बुझे आफैलाई हो बुझ्नुहोस्
　　　　जसरी बुझे पनि
ठूलो, सानो भ्रष्टाचार
　　　　जहाँ पनि भएकै छ ।

कविको एक थोपा मसीले
समाजको विस्तृत रुप निर्माण गर्छ ।

## विष्णुप्रसाद घिमिरे



**जन्म मिति** : वि.सं. २०४३, असार १२ गते

**जन्म-स्थान** : नदीपुर, पोखरा-३

**लेखन विधा** : गीत, गजल, कविता

**पुरस्कार** : विभिन्न प्रतियोगितामा पुरस्कृत

**ठेगाना** : नदीपुर, पोखरा-३

फोन नं. ५३०९१४

# अनुभूति

*सगुनको रातो टीका लगाएर दिनभरिको खर्चवर्च जोरजाम गरेर "त कवि कविता लेख भ्रष्टाचारीलाई नछोड" भनेर विदाइ गरिंदा कताक विदेशीन लागेको छोराको जस्तो अनुभूति भैरहेको थियो । पूर्व जानकारी भए होला ठीक १० बजे हामी नगरपालिका कार्यालयमा पुग्दा सबै कर्मचारी टेबु अगाडि तम्तयार थिए । अफशोचको कुरा, गफगाफ गरीवरी, कक्षहरू हेरे 'लौ त कविता लेख्नुपऱ्यो' भनेर बाहिर निस्क्यौं । एकछिनपछि पुनः भित्र पस त सारा कुर्सी खाली रहेछन् । "तित्राको मुखै वैरी" भन्छन्, जे देखियो, त्यह लेखियो, देखे शिवाय केही लेखिएन । अन्ततः जे भयो, जस्तो भयो, यो यात्र अविष्मरणीय नै रह्यो ।*

# गजल

आयो। आयो। फाइल आयो। मुन्टो लुकाऊ सुब्बाजी
यता फर्क, उता हेर, टाउको कन्याऊ सुब्बाजी ।

महादेवका तीन्'टा नेत्र, पैसा देखेपछि यहाँ
कस्को के पो जान्छ हजुर, जनता झुक्याऊ सुब्बाजी ।

दशैंतिहार नजिकै छ, मेसोमेलो मिलाउनुछ
जसोतसो अख्तियारको, आँखा छक्याऊ सुब्बाजी ।

हात र मुख जोर्नुमात्रै सरकारी यो नुनको के काम
राजश्व र ढुकुटीको पैसा रित्याऊ सुब्बाजी ।

कलियुगमा सोझो बन्न हुन्न भन्छ यो "विष्णु"ले
हतपताऊ, लतपताऊ, देश सिध्याऊ सुब्बाजी ।

# मुक्तक

विकासको बजेट जति आफ्नै पेटमा घोले हुन्छ
छक्याऊ झुक्याऊ जनतालाई जे-जे बोल्नु बोले हुन्छ
हात्ती, गैंडा, बाघ जति त्यही खल्तीमै अट्छन् क्यारे
हाकिम सापको खल्तीभित्रै राष्ट्रिय निकुञ्ज खोले हुन्छ ।

"कसैले भ्रष्टाचार यथार्थता हो यो जीवनको एउटा अपरिवर्तनीय पाटो हो भन्छन् । तर त्यो मूर्खता मात्र हो । यथार्थता त त्यो हो जे हामीले निर्माण गर्छौं ।"
- सुवा रीमोनि ए छोङ, पूर्व निर्देशक सामोआ तथा टी.आई. ईन्टिग्रेटि मिसन

# गजल

यो सरकारी काम हजुर
कहिले जाला घाम हजुर ।

बोहनी पनि भा'को छैन
एउटै हात्ती दाम हजुर ।

कति बस्नु कुर्सीमाथि
आउँछ, आउन्न खाम हजुर ।

चार किल्ला र सिफारिशमा
आउँथ्यो राम्रै माम हजुर ।

अख्तियारले भेटेपछि
उड्छ फेरि नाम हजुर ।




कार्यक्रममा बायाँबाट साहित्यकारद्वय सरुभक्त, तीर्थ श्रेष्ठ, लोककवि अलिमिया, ट्रान्सपरेन्सी पोखरा समूहका अध्यक्ष आनन्दराज मुल्मी, प्रमुख अतिथि डा. विमल कोइराला, पोयसाँपका अध्यक्ष ईश्वरमणि अधिकारी तथा पश्चिमाञ्चल क्षेत्रीय प्रशासक उमेश मैनाली ।

## भवसागर घिमिरे 'माइलो'



**जन्म मिति** : वि.सं. २०४०, भदौ २ गते

**जन्म-स्थान** : नदीपुर, पोखरा

**शिक्षा** : आई.ए.

**लेखन विधा** : हाँस्य-व्यङ्ग्य

**पुरस्कार** : विभिन्न प्रतियोगिताहरूमा पुरस्कृत

**ठेगाना** : पोखरा-३, नदीपुर, घर नं. ६४

फोन नं. ५३९३३२, ५२८३५४

# अनुभूति

*बिहानीको नास्ता र साइतको टीकासँगै हातमा कलम र डायरी अनि साथमा पानीको बोतल लिएर दुरसंचार ओर्लेको मान्छे कविको रुपमा सरकार ो कार्यालय चाहार्नुको नौलो अनुभव साथमा चुनौती पनि ।*

*बिल तिर्ने र कार्यालय छिर्नेको भीडमा भ्रष्टाचार विरुद्धको कार्ड भिर्ने कवि टेबुल-टेबुलमा पुग्दा कर्मचारीहरूले पनि पानीमाथि ओभानो दर्शाउनुमा कुनै कसर बाँकी राखेनन् । तै पनि कर्मचारीको टोकाइ, ग्राहकको भोगाइलाई आँखाले देखेर र कलमले लेखेर कविताको रुपमा प्रस्तुत गर्नुमा छुट्टै मजा र आत्मसन्तुष्टिको महसुस । अन्त्यमा सबै शब्द वाणहरूले भ्रष्टाचाररहित समाज निर्माणमा एउटा इट्टा थपोस् भन्ने कामना गरौं ।*

# वाह ! क्या बात छ

घाममा उभिनेको क्या क्यू छ
कुर्चीमा बस्नेको क्या जिउ छ
बोली पिच्छे सेलै पाक्ने
गफमै क्या चिल्लो घ्यू छ
बिना असुल तेर्सिएका
फाइलैफाइलको खात छ
त्यसै काम बन्दैन भन्छन्
वाह ! क्या वात छ ।

तिम्रो साइडमा पोइन्ट छैन
उसको साइडमा पोल छैन
सोध्नुको मात्र के अर्थ भो र
बोलीको कुनै मोल छैन
टेबलमाथि के छ र खै
मुनि फैलिएको हात छ
तलबले खानै पुग्दैन भन्छन्
वाह ! क्या बात छ ।

बाहिरको बजार के बजार
भित्रको बजार पो बजार छ
कुर्चीमा जो बस्छ उसैलाई
रिझाउनकै हतार छ
सोझो बोलिदिनेलाई
घातप्रतिघात छ
काम आज बन्दैन रे
वाह ! बात छ

सकिन्छ भने गर्नुपर्छ
हुन्न त पत्याउने कारण देऊ
जसले गर्छ भिन्न व्यवहार
उसलाई तिमी शरण नदेउ
यही अर्ति त दोषी ठान्छ
क्या मान्छेको जात छ
आफैले गऱ्या सही भन्छ
वाह ! क्या बात छ ।

## गजबको कुरो

हाकिम सा'बको फनन्न घुम्ने कुर्ची
हातमा कलम र जिउमा फूर्ति
छ, छैन बलवान सुर्ति ?
वाह !क्या चाल छ मुहारको
झिनो मसिनो देख्दैन केही पनि
आँखा, लाग्दछ नोट हजारको
घण्टौं बिताइदिनुहुन्छ वहाँ कान
टाँसेर टेलिफोन तारमा
मैले भने म कवि हुँ कविता
लेख्न आएको भ्रष्टाचारमा
उहाँ मुसुक्क मुस्कुराउँदै इसारा गर्नुहुन्छ
आए हुन्थ्यो नि शनिबारमा ।

कविको एक थोपा मसीले
समाजको विस्तृत रुप निर्माण गर्छ ।

## भोजराज न्यौपाने



**जन्म मिति** : वि.सं. २०३०, चैत ५ गते
**जन्म-स्थान** : चरिकोट, दोलखा
**शिक्षा** : स्नातक
**लेखन विधा** : कविता, गीत
**पुरस्कार** : स्व. इन्द्रमणि पत्रकारिता पुरस्कार, २०५५
**प्रकाशित कृति** : आकाशमाथिका देवता (कविता सङ्ग्रह)
**ठेगाना** : अन्नपूर्ण पोष्ट, महेन्द्रपुल, पोखरा
फोन नं. ५२२०४६ (का.), ५२६५६७ (नि.)
मोवाइल नं. ९८४६०-२०१२८

# अनुभूति

*धेरैलाई लाग्न सक्ला कति छलफल र कानुनी कारवाहीबाट समेत नतर्सेक भ्रष्टाचारीहरू कविले लेखेको कविताले तर्सेलान् ? कविताले पनि भ्रष्टाचार नियन्त्रणम के योगदान दिन सक्ला ? स्वाभाविक हो, कविताले एउटा सन्देश प्रवाहित गर्न सक्छ मात्र सन्देश । अरु केही गर्न सक्दैन । यति हो कि सुशासनका लागि त्यस्ता सन्देश महत्वपूर्ण भने अवश्य हुन सक्छन् ।*

*अभियानका क्रममा म आन्तरिक राजस्व कार्यालयमा पुगेको थिएँ । कार्याल प्रमुख श्यामप्रसाद कोइरालाले कार्यालयमा कुनै अनियमितता नहुने धेरै पट दोहोऱ्याउनु भयो । र उहाँकै शैलीमा कार्यालयका अधिकृतहरूले पनि आफूह कार्यालयमा आएदेखि धेरै सुधार भएको दावी गर्नुभयो । तर भुक्त भोगीहरू भन्दै थि 'छापा मार्नु र त्यसपछि कार्यालयमा बोलाएर तल्लो तहको कर्मचारी मार्फत रुपियाँ भा उनीहरूको दैनिकी नै हो ।'*

*हाम्रो अभियानमा सामाजिक दायित्वबोध भएकाले होला मलाई कवि हुनुको गर्व लाग् र भ्रष्टाचारको अखडा मानिएको कार्यालयमा पुग्दा त्यहाँका अधिकृत देखेर दया लाग्यो मात्र दया । किनभने उहीहरू राज्यको तलब, सुविधा उपभोग गर्छन् र पनि भ्रष्टाचा गर्छन् । करदातालाई सताउँछन् । तर हामी नेपाली हुनुको गर्वले देशमा बढ्दो भ्रष्टाचा नियन्त्रणमा सहयोगीको भूमिका खेलिरहेछौं, कलमको माध्यमले । हाम्रो कलमजस्तै स्वच्छ हुने अवसर उनीहरूले पनि खोज्लान् ? यदि खोजियो भने त्यही ठूलो उपलब्धी होला*

# म तक्मा बन्न पुगें कोपरा बन्न सकिनँ

धिक्कार छ
कुन जुनीको पापले,
म तक्मा हुन पुगें ।

देख्नेहरूले
मेरो सम्मान भएको सम्भलान्
भन्नेहरूले
मलाई भाग्यमानी भन्लान्
तर
म भाग्य सकिएको अभागी हुँ ।

धेरै पटक मलाई नै
छातीमा भुण्ड्याएर
चेलीबेटी बेचेको देखेको छु ।
धेरै पटक
मलाई नै छातीमा सजाएर
मूर्ति बेचेको देखेको छु ।
धेरै छन् मेरो प्रशंसा गर्नेहरू
तर, म सधैंभरि
मेरै आडमा हुने अपराधहरू
टुलुटुलु हेरेर बस्न विवश छु ।

मान्छेहरू
मलाई छातीमा टाँगेर
गर्वले फुल्छन्
घमण्डले मात्तिन्छन्
र, जीवनभरि साधु भएको अभिनय गर्छन् ।

मलाई एउटै कुराको खेद छ
म जीवनभर सिर्जनशीलहरूका
आडमा टाँसिन सकिन ।
सच्चा र कर्तव्यनिष्ठहरूका
कोटमा सजिन सकिन ।
धिक्कार छ ।
सबै धातुको मूल्य हुन्छ
तर, म बहुमूल्य वस्तुको नाममा
मूल्यहीन जीवन बाँचिरहेको छु ।

लाग्छ,
तक्मा बन्नुभन्दा त
कोपरा बन्न पाएको भए हुन्थ्यो
कम्तिमा
त्यसको प्रयोग हुन्थ्यो
र, पछि
माझेर टल्काइन्थ्यो ।
तर, अप्ठ्याराहरूमा
मौन भएरै बस्नुपर्ने,
समस्याहरूमा चुपचापचुपचाप बस्नुपर्ने
धिक्कार छ, मेरो जीवन
किन म तक्मा बन्न पुगें ?
किन म कोपरा बन्न सकिन ?

भ्रष्टाचार नगरौं गर्न पनि नदिऔं,
भ्रष्टहरुलाई समाजबाट तिरस्कार गरौं ।

# थोत्रो फाइल, फलेको वृक्ष र चौकीदारी

थोत्रो फाइल
घर्राबाट झिक्दै
पुछिरहँदा
मैले सोचें
म पनि चम्किरहेछु
हरेक क्षण - सुनजस्तै, हिराजस्तै ।

प्रत्येक दिन
केही मान्छे
मेरो सामु
बलिको बोकोजस्तै
चुपचापचुपचाप घोरिन्छन्
र, मेरो हातैमा भएका
कानुनका दफा, उपदफा र अनुसूचिहरूको
शिकार बन्छन् ।
र, केही
हरेक साँझ
रेष्टुराँ र बारहरूमा
सुरा र सुन्दरीसँगै
मलाई पर्खिरहन्छन् ।
त्यसबेला सम्झन्छु -
मेरो वैभव हिउँचुलीजस्तै उच्च छ ।

हिसाब न हो
सबै मिल्नैपर्छ भन्ने छैन
त्यसैले म
प्रत्येकचोटि हिसाब गर्दा

जरिवाना लगाइदिन सक्छु
र, प्रत्येक भेटमा
जरीवानाको मोल-मोलाई गर्न सक्छु ।

कुनै दिन त्यस्तो नहोस्
जुनदिन हात खाली होस् ।
त्यसैले मैले,
देउतादेखि मन्त्रीसम्मलाई
घुस खुवाएको छु
र, बदलामा
लटरम्म फल फलेका वृक्षको
चौकीदारी गर्न पाएको छु ।

फलहरू धेरैजसो
उपहारका रुपमा
'माथि'सम्म पुऱ्याउँदा
गर्वबोध हुन्छ मलाई
किनभने
पदोन्नतिको सूचीमा म पनि परेको छु ।
विदेश भ्रमणको सूचीमा म पनि उभिएको छु ।

**भ्रष्टाचार भए गरेकोमा कसले, कहिले, कहाँ उजुर गर्ने ?**

सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको अवस्थामा आफूसँग भएको प्रमाण समेत संलग्न राखी जोसुकैले जतिसक्यो चाँडो उजुरी दिन सकिन्छ ।

उजुरी निम्नलिखित नियका वा पदाधिकारीमध्ये कुनै एक निकाय वा पदाधिकारीसमक्ष दिनु आवश्यक हुन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
बबरमहल, काठमाडौं
वा
सम्बन्धित क्षेत्रका क्षेत्रीय प्रशासक
वा
सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी

## माधवराज पौडेल



**जन्म मिति** : वि.सं. २०३८, कार्तिक ११ गते

**जन्म-स्थान** : हेमजा-९, कास्की

**शिक्षा** : स्नातक (जीव विज्ञान)

**लेखन विधा** : कविता

**पुरस्कार** : विभिन्न प्रतियोगितामा पुरस्कृत

**ठेगाना** : हेमजा, कास्की

फोन नं. ५२९३३२

# अनुभूति

*कविता, गीत, गजल र मुक्तकहरू वा अन्य साहित्यिक विधाहरूमा कलम नचलेको होइन यद्यपी समय र सन्दर्भहरू स्वतन्त्र हुन्थे त्यहाँ कुनै सिमाना हुँदैनथ्यो । भदौ ५ गतेको ओरियण्टेशन पछि जब भदौ ६ गते म र साथी भोजराज न्यौपाने आन्तरिक राजश्व कार्यालयभित्र छिर्‍यौं त्यहाँ हाम्रो फाइलसँगै आचारसंहिता पनि थियो र हाम्रो जिम्मवारीभित्र अनुगमन र रचना लेखन जसभित्र सन्दर्भ र समयको परिधि थियो । हाकिम श्यामप्रसाद कोइरालासँगको छोटो कुराकानीसँगै मैले केही अनुकामना पछि करिब १ घण्टा कर अधिकृत मदन दाहालसँग अन्तशुल्क मूल्य अभिवृद्धि कर र अन्य प्रसङ्गहरूको बारेमा गरेको वार्तालाप यस विशेष कविता यात्राजस्तै रोचक थियो । त्यहाँ लेखिएको कविता मुख्यसचिवजस्तो व्यक्तिको अगाडि र सम्पूर्ण कार्यालय प्रमुखहरूमाझ सुनाउन पाउँदा मैले अहिलेसम्म नभोगेको अनुभूति अनुभूत गरेको थिएँ । लाग्छ यो मेरो साहित्यिक जीवनमा नवीन संस्मरण भएर रहनेछ ।*

# पसिनाको अन्तशुल्क र मूल्य अभिवृद्धि कर

महोदय !
व्यापारमा होइन
हामी रजिष्टर्ड छौ गरिबीभित्र ।
हामीसँग अडिट गर्नुपर्ने
आय-व्ययहरूका होइन
अनुभूतिका लेखा नम्बरहरू छन् ।
हाम्रो लगानी माटो हो
हामी माटोकै आन्तरिक
सिमानाहरूमा बाँधिएका छौं ।
महोदय । शायद तपाई
बेचिएका सामानहरूको
कर निर्धारण गर्नुहुन्छ
यसपालिको सेसनमा
सामानको होइन-तपाईको बेचेको
इमानको कर परीक्षण गर्नुस्
जुन हाम्रो थाप्लोमाथि
आन्तरिक उत्पादनको होइन
माटोमा मुछिंदा निधारबाट तप्किएका
पसिनाका बुँदहरूको अन्तशुल्क र मूल्य अभिवृद्धि कर भएर थपिएको छ ।
हो महोदय !
आफ्नो जिम्मेवारीभित्र पसेर
तपाई एकचोटि
देश चियाउनुस्
देशको अवशेष चियाउनुस्
मेरो तपाईलाई फेरि आग्रह
यसपालिको सेसनमा
सामानको होइन
तपाईले बेचेको
इमानको कर परीक्षण गर्नुस् ।

## माधवराज पौडेल



**जन्म मिति** : वि.सं. २०३८, कार्तिक ११ गते

**जन्म-स्थान** : हेमजा-९, कास्की

**शिक्षा** : स्नातक (जीव विज्ञान)

**लेखन विधा** : कविता

**पुरस्कार** : विभिन्न प्रतियोगितामा पुरस्कृत

**ठेगाना** : हेमजा, कास्की

फोन नं. ५२९३३२

# अनुभूति

*कविता, गीत, गजल र मुक्तकहरू वा अन्य साहित्यिक विधाहरूमा कलम नचलेको होइन यद्यपी समय र सन्दर्भहरू स्वतन्त्र हुन्थे त्यहाँ कुनै सिमाना हुँदैनथ्यो । भदौ ५ गतेको ओरियण्टेशन पछि जब भदौ ६ गते म र साथी भोजराज न्यौपाने आन्तरिक राजश्व कार्यालयभित्र छिर्‍यौं त्यहाँ हाम्रो फाइलसँगै आचारसंहिता पनि थियो र हाम्रो जिम्मवारीभित्र अनुगमन र रचना लेखन जसभित्र सन्दर्भ र समयको परिधि थियो । हाकिम श्यामप्रसाद कोइरालासँगको छोटो कुराकानीसँगै मैले केही अनुकामना पछि करिब १ घण्टा कर अधिकृत मदन दाहालसँग अन्तशुल्क मूल्य अभिवृद्धि कर र अन्य प्रसङ्गहरूको बारेमा गरेको वार्तालाप यस विशेष कविता यात्राजस्तै रोचक थियो । त्यहाँ लेखिएको कविता मुख्यसचिवजस्तो व्यक्तिको अगाडि र सम्पूर्ण कार्यालय प्रमुखहरूमाझ सुनाउन पाउँदा मैले अहिलेसम्म नभोगेको अनुभूति अनुभूत गरेको थिएँ । लाग्छ यो मेरो साहित्यिक जीवनमा नवीन संस्मरण भएर रहनेछ ।*

# पसिनाको अन्तशुल्क र मूल्य अभिवृद्धि क

महोदय !
व्यापारमा होइन
हामी रजिष्टर्ड छौं गरिबीभित्र ।
हामीसँग अडिट गर्नुपर्ने
आय-व्ययहरूका होइन
अनुभूतिका लेखा नम्बरहरू छन् ।
हाम्रो लगानी माटो हो
हामी माटोकै आन्तरिक
सिमानाहरूमा बाँधिएका छौं ।
महोदय ! शायद तपाईं
बेचिएका सामानहरूको
कर निर्धारण गर्नुहुन्छ
यसपालिको सेसनमा
सामानको होइन-तपाईंको बेचेको
इमानको कर परीक्षण गर्नुस्
जुन हाम्रो थाप्लोमाथि
आन्तरिक उत्पादनको होइन
माटोमा मुछिंदा निधारबाट तप्किएका
पसिनाका बुँदहरूको अन्तशुल्क र मूल्य अभिवृद्धि कर भएर थपिएको
हो महोदय !
आफ्नो जिम्मेवारीभित्र पसेर
तपाईं एकचोटि
देश चियाउनुस्
देशको अवशेष चियाउनुस्
मेरो तपाईंलाई फेरि आग्रह
यसपालिको सेसनमा
सामानको होइन
तपाईंले बेचेको
इमानको कर परीक्षण गर्नुस् ।

## हामी, गोही र छेपाराहरू

हामी कीरा फट्याङ्ग्राहरू
छेपाराहरूसँग जीवनको विमा गर्न तम्सिन्छौं
हामी माछाका भुराहरू
गोहीको सामुद्रिक साम्राज्यतर्फ मोडिएको
तानाशाही प्रवाह बन्न तम्सिन्छौं
दोष मात्र गोहीको कसरी हुन सक्छ ?
दोष मात्र छेपाराको कसरी हुन सक्छ ?
जब कि हामी सबैलाई थाहा छ
गोहीहरूसँग
डल्फिन मष्तिस्कहरू छैनन् ।
छेपाराहरूसँग
गौथली चेतनाहरू छैनन् ।
त्यसैले उस्तै छौं, दुरुस्तै छौं
हामी, गोही र छेपाराहरू ॥

## आधुनिक वेभसाइट

यो यस्तो वेभसाइट हो
जसभित्र पस्न कुनै कम्प्युटर चाहिँदैन
यो त्यस्तो वेभसाइट हो
जसलाई खोल्न
टेलिफोन र इलेक्ट्रिकल कनेक्सन चाहिँदैन
हो ! आजकल
सरकारी कार्यालयको नेटवर्किङभित्र
दिनहुँ यस्तै वेभसाइटहरू खुलिरहन्छन्
तह-तहका कर्मचारीहरू
खरदारदेखि हाकिमसम्म
सबै भेटिन्छन् अनलाइनमा
कृपया ! तपाई पनि पस्न सक्नुहुन्छ
डब्लुडब्लुडब्लु डट भ्रष्टाचार डट कम ॥

## रमेश श्रेष्ठ



**जन्म मिति** : वि.सं. २०२४, पौष १७ गते

**जन्म-स्थान** : बगर, पोखरा

**शिक्षा** : आई.ए.

**लेखन विधा** : कविता

**पुरस्कार** :
- राष्ट्रिय युवा कविता महोत्सव, २०५३-प्रथम
- गद्दीआरोहण रजत महोत्सव पदक, २०५३
- नव कविता पुरस्कार, २०५४
- राष्ट्रिय कवि सम्मेलन, २०५५-प्रथम
- शताब्दी युवा सम्मान, २०५६
- TOYN Award 2000 - नेपाल जेसिस स्वर्ण पदक
- नेत्रस्मृति पुरस्कार, २०५७
- चितवन साहित्य परिषद्, कृष्णकुमारी पुरस्कार, २०५७ (आमा नदीहरूका लागि)
- द रेयूकाई नेपाल, स्वर्ण पदक २०५७
- राष्ट्रिय प्रतिभा पुरस्कार, २०५७
- युवा वर्ष मोती पुरस्कार, २०५८

**प्रकाशित कृति** :
- नपोतिएका रङ्गहरू (गीत संग्रह), २०५२
- चराहरूको पहाड (कविता संग्रह), २०५५
- आमा नदीहरू (कविता संग्रह), २०५७
- बुद्धबिम्ब अक्षरबिम्ब (कविता संग्रह), २०५८
- In the Name of Buddha (कविता संग्रह), २०५८
- घाँस उखेलिरहेकी केटी (कविता-काव्य), २०६०

**ठेगाना** : बगर, पोखरा १/७३

फोन नं. ५२६७४४

## घुसको व्याकरणमा कविताको आरोहण

रामप्रसादको अभियुक्त, फरार,
डुगिष्ट छोरोको
कविता लेख्न बस्छु
इन्द्रेणी झैं पानाभरिभरि बग्छ यथार्थ
कलमको छुचो ओठबाट,
डराउँछु म
पुलिसको यातना र बन्दुकसँग
र काट्न थाल्छु कसाइले झैं
कविताका मुख्य हरफहरू
कविताको पीडा
मसँगै, मभित्रै रात भएर खस्छ;

झमकलालको जाली नागरिकताको
कविता लेख्न थाल्छु
हुरि झैं आउँछ सम्झना
सम्झनुको सीमा भत्काएर
जिल्ला अधिकारीको हैकमको तिखोजुङ्गसामु
भ्रष्टाचारीको भन्दा बढी लर्खराउँछ
उनको कुरुप तस्वीर लेखिनु अघि नै
चङ्गा झैं चुडिन्छ, बेपत्ता हुन्छ
मेरो कविताको मन;

सानुमैयाँको बलात्कार र जबर्जस्त मृत्युको कविता
कस्सिएर लेख्छु
लेखिसकेपछि काम्न थाल्छु म
भयभित हुन्छु म डाक्टरसाहेबको
हुँकार र अवैध अस्वस्थ रिपोर्टदेखि,
सरकारी जागिर खाएर विभिन्न उर्जाले चल्ने

उनको प्राइभेट कारको वेगवान गतिदेखि
त्यसपछि काट्न थाल्छु मैले
बलियो दाउरले रुखको हाँगा कोटेझैं
कविताका न्यायप्रिय हरफहरू
मेरो कविताको सिमाना
कविको कायरताको भीरबाट खसेर
बेपत्ता हुन्छ ।

प्रिय देश !
पुलिसले भन्दा बढी
जिल्ला अधिकारीले भन्दा बढी
डाक्टरले भन्दा बढी
मैले नै दुराचार गरें/भ्रष्टाचार गरें
कविताको अस्तित्वमाथि
म निरीह
आफ्नै कायर अनुहारसामु उभिएर
कसरी मागुँ कविताको उज्यालो पक्ष
लगातार लाजले मान्छे हुनुको घाउ टेक्थें
जीवनका यस्ता कुरुप सपनाहरू पनि देख्थें ....

मेरो प्रिय देश !
म ब्युझँदा
मसँग सुन्दर कलम थियो
स्वप्न निरंकुशताको विरुद्ध
कविताको जुलुस थियो
जुलुसमै समावेश भएँ म
पारदर्शी, गतिशील, परिवर्तनका लागि
आह्वानमा-
माटोको सुगन्धजस्तै जीवनको गीत थियो;
रामप्रसादको ड्रगिष्ट छोरो

झमकलालको जाली नागरिकता
सानुमैयाको बलात्कार र मृत्यु
मेरो कविताको
आरोहण बिम्ब थियो ।
सानुमैयाँको बलात्कार र जवर्जस्त मृत्युको कविता
कस्सिएर लेख्छु
लेखिसकेपछि काम्न थाल्छु म
भयभित हुन्छु म डाक्टरसाहेवको
हुँकार र अवैध अस्वस्थ रिर्पोटदेखि,
सरकारी जागिर खाएर
विभिन्न उर्जाले चल्ने
उनको प्राइभेटकारको वेगवान गतिदेखि,
त्यसपछि काट्न थाल्छु मैले
बलियो दाउरेले रुखको हाँगा काटे झैं
कविताका न्यायप्रिय हरफहरू
मेरो कविताको सिमाना
कविको कायरताको भीरबाट खसेर
वेपत्ता हुन्छ ।

प्रिय देश !
पुलिसले भन्दा बढी
जिल्ला अधिकारीले भन्दा बढी
डाक्टरले भन्दा बढी
मैले नै दुराचार गरें/भ्रष्टाचार गरें
कविताको अस्तित्वमाथि
म निरीह
आफ्नै कायर अनुहारसामु उभिएर
कसरी मागुँ कविताको उज्यालो पक्ष
लगातार लाजले मान्छे हुनुको घाउ टेक्थें
जीवनका यस्ता कुरुप सपनाहरू पनि देख्थें, ...

# कविताको आँखीझ्यालबाट

जब भ्रष्टाचारको स्वर्णजामासहित
बयान लियो अख्तियारले
मेरो शहरको
जननिर्वाचित नगरपितालाई
त्यतिबेला नगरबासीहरू
बहिरो भएर सर्प झैं घिस्रिरहेका थिए
मूल्यहीन होडमा
छेपारो झैं स्तब्ध थिए ।

खानेहरूले लास बेचेर पनि खाए
बाँचेकाहरूका श्वास-प्रश्वास बेचेर पनि खाए
जिन्दगीभरि गरीबीको गीत गाउनेहरूले पनि
देशको गीतको भाका बिसाउँदै
आफन्तहरूकै गास काटेर पनि खाए
यिनै आफ्नैजस्ता कुराहरूबाट प्रभावित
हाम्रा नगरपिताले खाए त खाए
मिलाएरै खाए
कहिले बाटो र ढल बनाउँदा खाए
कहिले अस्पतालको उचाइ र
फोहोर तह लगाउँदा खाए ।

खानेले त पसिना बगाएरै ठेला उठेका हातहरूले
आधापेट शिर नझुकाईकनै
पौरखको गीत खाएका छन्
देशका लागि सपना सुम्पेर
विचारसँगै सादा जिन्दगी पनि खाएका छन्
यिनै आफ्नैजस्ता कुराहरूबाट प्रभावित थिए

निर्वाचित हुनु अघि हाम्रा नगरपिता
तर अहिले
हस्ताक्षर दुरुपयोग गरेबापतको मोटो रकम
२१ पत्तीसँगै मदिरा र मीठा व्यञ्जन खाएका छन्
थुप्रै ठाउँका शियर र
उन्मुक्त भैरवी भावमा माइडियरहरूसँगै
स्वर्गीय सुख खाएका छन्
खाए त खाए
मिलाएरै खाए हाम्रा नगरपिताले
हाम्रो विश्वासलाई
आफ्नो गौरव सम्झेरै खाए ।

जब भ्रष्टाचारको स्वर्णजामासहित
बयान लियो अख्तियारले
मेरो शहरको
अनुहारहीन नगरपितालाई
त्यतिबेला नगरवासीहरू
बहिरो भएर सर्प झैं घिस्रिरहेका थिए
जीवनलिप्सामा
छेपारो झैं स्तब्ध थिए ।

त्यति बेलै
चोखिएर ओबानो हुन सक्ने
उनको खुट्टाको बेसुरा छमछम-छमछम
हेरिरहन्थ्यो
दोबाटोझैं चिरिएर मेरो कवि
कविताको आँखीझ्यालबाट ।

❑❑❑

## रुद्रबहादुर थापा



**जन्म मिति** : वि.सं. २००८ असार १५ गते

**जन्म-स्थान** : रुपाकोट, गाविस-९

**शिक्षा** : एस.एल.सी.

**लेखन विधा** : कविता, मुक्तक, गजल

**प्रकाशित कृति** : चार

**ठेगाना** : पोखरा एयरपोर्ट

फोन नं. ५३०१५४

# अनुभूति

मेरो जीवनको महत्त्वपूर्ण क्षणको बारेमा कसैले मसँग एकाएक प्रश्न गर्‍यो भने भदौ ६ गते आइतबारको दिनलाई मैले सम्झनु पर्ने भएको छ ।

त्यसदिन सुशासनको पक्षमा तथा भ्रष्टाचारको विरुद्धमा पोखरेली कविहरू कविता रचना गरेर भ्रष्टाचारीहरूलाई खबर्दारी गरेका थिए ।

कविहरूलाई कार्यालयहरूमा खटाउने क्रममा जिल्ला विकास समिति कास्कीको कार्यालयको अध्ययन अवलोकन गरी कविता रचना गर्नुपर्ने ममाथि जिम्मा आइपरेको थियो ।

अध्ययन अवलोकनको क्रममा कार्यालयका विभिन्न शाखाहरूमा पुग अधिकांश शाखाका कर्मचारीहरू फिल्ड भिजिटमा गएको जानकारी प्राप भयो । लेखा अधिकृतले उमेरको हदपुगी अवकाश लिएकोले आर्थिक कारोबा बन्द रहेको लेखा शाखाका कर्मचारीहरूले बताए ।

करिब आधा घण्टाको अध्ययन अवलोकनपश्चात कवि साथी महेन्द्र र मैले सल्लाह गरी कविता रचना गर्ने कार्यमा हामी जुटेका थियौं ।

# गजल

देशको मुहार फेर्ने तर्तिव सोच्दै हिडेको छु,
भ्रष्टाचारी देशद्रोही खोज्दै हिडेको छु ।

अपराधीलाई समाजमा ठड्याउन भनी,
पैल्याएर लुक्ने ठाउँ घोच्दै हिंडेको छु ।

विकृतिलाई डढाएर निर्मूल पार्न भनी,
अगेनामा ठूटा दाउरा ठोस्दै हिंडेको छु ।

विरालोलाई दूधको साक्षी राख्दा यो चाल भयो,
जिम्मा दिन असल मान्छे रोज्दै हिंडेको छु ।

जन्मभूमि आफ्नै घर भताभुङ्ग पार्ने,
नेपालीको भाग्यलाई कोस्दै हिंडेको छु ॥

# दुई मुक्तक

यहाँ मिच्नेले मिच्नुसम्म मिचेको छ
थिच्नेले थिच्नुसम्म थिचेको छ
अख्तियारको दृष्टि कुन फाइलमा अल्मिएछ कुन्नि
घिच्नेले यहाँ घिच्नुसम्म घिचेको छ ।

महंगी सल्बलाएको छ,
भ्रष्टाचार मौलाएको छ
तस्करी कमिसनखोर र
काला बजारियालाई प्रोत्साहन दिएर
मेरो देशमा प्रजातन्त्र बौलाएको छ ।

## लक्ष्मण थापा



**जन्म मिति** : वि.सं. २०१७, असोज १५ गते

**जन्म-स्थान** : सराङकोट, कास्की

**शिक्षा** : एम.ए. (इतिहास/अर्थशास्त्र) बी.एड.

**लेखन विधा** : कथा, कविता, गजल, गीत

**पुरस्कार** : जिल्ला शिक्षा पुरस्कार-२०५०, २०५२, २०५८, २०५

**प्रकाशित कृति** : मनको मुर्च्छना (गजल सङ्ग्रह)

**सम्पादन** : सिउँडी (त्रैमासिक)

**सम्पर्क सूत्र** : छोरेपाटन उच्च मा.वि., छोरेपाटन, पोखरा-१७

**ठेगाना** : ३१३, लेकसाइडमार्ग, पोखरा-६

फोन नं. ५३७०४९

# अनुभूति

*भ्रष्टाचार मानव अन्तर्मनमा रहेको निकृष्टतम् विकृति हो । सभ्यता विकाससँगै भ्रष्टाचार मौलाउन थाल्यो र विरोधी आवाज पनि । सुकरा प्लेटोजस्ता विश्वविख्यात व्यक्तिदेखि पृथ्वीनारायण शाहलगायत भानुभ आचार्यले दिएका अभिव्यक्तिबाट प्रष्ट हुन्छ - भ्रष्टाचारको जरा कति पुरा र कति गहिरो । देश कुशासन र भ्रष्टाचारको ढावमा परेर हुरहुरी जलिरहे बेला कलमको अस्त्र लिएर सार्वजनिक महत्वका कार्यालयमा गई साहि सिर्जना गरी आन्दोलनकै रुपमा साहित्यकारहरू अगाडि आउनुलाई सकारात रुपमा हेरिनुपर्छ र यस कार्यलाई निरन्तरता दिन सकेमा सबै देशप्रेमीलाई सु लाग्ने छ । भ्रष्टाचारी बाहेक ।*

# नागरिक बडा-पत्र

दोस्रो विश्वयुद्ध लडेर
अवकाश प्राप्त
नवीन सहस्राब्दीमा
गुमनाम जिन्दगीको बोझले दबिएको
जीर्ण अस्थिपञ्जरमाथि
झुत्रा युनिफर्म र टोप भिरेको
गौरवमय इतिहास
दुर्भाग्यपूर्ण वर्तमान भएको
सन्तानबाट उपेक्षित लाहुरेले
आफ्ना भग्न छातीमा
भिक्टोरिया क्रस झुण्याए झैं
सरकारी कार्यालयहरूको छातीमा
नागरिक वडापत्र झुण्डिएको छ।

दिउँसै बलात्कृत नागरिकता
सार्वजनिक स्थलबाटै अपहरित नागरिकता
घाँटीमा झुण्डाउँदैमा
रैतिहरू
मध्ययुगीन सर्फसुहरू
नागरिकको सोपान चढ्न सक्दा रहेनछन्
त्यसैले
नागरिक बडा-पत्र शब्दले
थोते कुरुपालाई ऐनाले गिज्याए झैं
नेपालीहरूलाई गिज्याइरहेछ।

संविधानका
धारा र अनुसूचीहरू
जेनेभा सम्झौताहरू
मानवाधिकारका घोषणापत्रहरू
राइन नदीका किनारहरूमा
हिटलरका पाशविक क्रुर बुटहरूद्वारा
कुल्चिएर
रक्तरंजित
भर्सेलिज सन्धिका चिथ्राहरूमा
म भोगिरहेछु
मेरो देश र नागरिकता
मार र भाग
भौतिक कारवाही
सफाया
आतंकवादी बिल्ला
झांगिरहेको फेवातालमा जलकुम्भी झैं
ओह मेरो देशको अपसंस्कृति
संयुक्त राष्ट्रसंघका वडापत्र
र घोषणापत्रहरूलाई
सिंहदरबारदेखि सिस्नेलेकसम्म
धोती लगाइदिएको बेला
सरकारी कार्यालयको निधारमा
नागरिक वडापत्र टाँगिएको देख्दा
लाग्छ
भांग्राको टोपीमा
गुएँलीको फूल टाँगिएको छ।

प्यारासाइट जुकाहरू
किर्ना, लाम्खुट्टे, उडुस र उपियाँहरू
टेबुलका चरहरूमा
कुर्चीका गद्दीहरूमा
झ्याल र ढोकाका कापहरूमा
ढुकिरहेको/कुरिरहेको बेला
कार्यालयमा प्रवेश गर्ने विचरा नागरिक
सबै प्यारासाइटहरूको एकै झम्टाइमा
चित परेको दृश्यावलीको साक्षी
नागरिक बडापत्र बनिरहेको देख्दा
लाग्छ
नागरिक वडापत्र स्वयम् एक विभत्स ठट्टा हो।

# हरि पाण्डेहरू

जबजब हरि पाण्डेहरू
कालु पाण्डेको ढाल र तरबार बोकेर
सिंहदरबारमा प्रवेश गर्छन्
आखेटको लागि
तबतब कालु पाण्डेहरूको आत्मा
आफैलाई धिक्कार्छ र
मुख लुकाउने ठाउँ खोज्दै हिड्छ ।

हरि पाण्डेहरूको यात्रा
भ्रष्टाचारको दलदलबाट सुरु हुन्छ
हरि पाण्डेहरूको यात्रा
भ्रष्टाचारको दलदलबाटै अन्त हुन्छ
हरि पाण्डेहरूको मार्गमा जोजो भेटिन्छन्
तिनको मुहारमा 'भ्रष्टाचार छाप' मोविल दलिन्छ
भ्रष्टाचारको कुम्भिपाकमा तानिन्छ
भ्रष्टाचारको सोपान चढ्दै
जबजब हरि पाण्डेहरू
शहरको सबैभन्दा अग्लो दरबारको
सबैभन्दा माथिल्लो तल्लामा पुग्छन्
तबतब हरि पाण्डेहरू
आफैलाई सबैभन्दा बाउन्ने देख्न थाल्छन् ।

जबजब हरि पाण्डेहरूको छायाँ
ज्यामी माहुरीमाथि पर्छ
तबतब ज्यामी माहुरीहरू
पतेरोले चुसे झैं ख्याउटे देखिन्छन्
जबजब हरि पाण्डेहरूको हात
हुक्के, बैठके र ढोकेहरूको शिरमा पुग्छ
तबतब हुक्के, बैठके र ढोकेहरू
एकाएक शहरका धनवान देखिन थाल्छन्

अभिशप्त चन्द्रवती झैं
हरि पाण्डेहरूको स्पर्शले
अरुणहरू सुक्न थाल्छन्
ज्यामी माहुरीहरू लुक्न थाल्छन् ।

एकाएक हरि पाण्डेहरू
नाटकको आयोजना गर्न थाल्छन्
शहरको होर्डिङ्ग बोर्डमा टाँगिएकी
लक्स सुन्दरीको विज्ञापन झैं
भ्रष्टाचारको विज्ञापन गर्न थाल्छन्
हरि पाण्डेहरू 'मैले घुस खाएँ' भन्दछन्
'मैले घुस खाएँ' भन्दैनन्
'मैले भ्रष्टाचार बढाएँ' भन्दछन्
'मैले भ्रष्टाचार गरें' भन्दैनन्
'मैले नेपाल आमालाई धोका दिएँ' भन्छन्
गाजाबाजासहित
हल्लाखल्लासहित
चौबाटोमा बसेर चुनौती दिनथाल्छन्
'म भ्रष्ट हुँ'
कोही छौ जेड्दाइ ?
आऊ मलाई समाऊ
र सजायँ दिलाऊ ।"

एकाएक
रातारात
हरि पाण्डेहरू सुकिला बन्छन्
अखबारका पानाहरूमा
टेलिभिजनका पर्दाहरूमा
चर्चित हुन्छन्
नाटक 'सुपरहिट' हुन्छ
स्थापित नाटककार, कलाकारहरू वाल्ल पर्छन्
'यस्तो नाटककार पो नाटककार,

यस्तो कलाकार पो कलाकार'
यस्तैयस्तै नाटक गरी हरि पाण्डेहरू
कालोलाई सेतो बनाउँछन्
सफा, सुग्घर र स्निग्ध बन्छन्
सधैंसधैं शहरको शीर्षस्थानमा रहन्छन् ।

जबजब हरि पाण्डेहरू
इमान्दारीको बाजा बजाउँदै
बेइमानीको बाली भित्र्याउँछन्
तबतब इमान
तबतब सुशासन
शहरको कुनै उपेक्षित कुनामा बसेर
निरीहतापूर्वक
'असत्यमेव जयते' भन्दै
हरि पाण्डेहरूको चर्तिकला हेरिरहन्छन् ।

# गजल

हाजिर गरे तलब पाक्छ काम गरे छुट्टै दाम ।
देखे अख्तियार लाग्छ टेबुलमुनिबाट पाम ॥

फोस्रा आदर्शले कहाँ सुख भोग्न पाइन्छ र ?
पैला हात्ती खल्ती छिरोस् अनि गरौंला नि काम ॥

झुत्रेझाम्रे पर जाऊ मोटा मुर्गा नजिक आउ ।
मलाई साह्रै मनपर्छ तिम्ले ल्याउने गन्हुंगो खाम ॥

पेट नभा'को को छ यहाँ मुख नभा'को छ यहाँ ।
न्यायाधिश पुलिस र हामी बस्ने एउटै गाम ॥

धन देखे महादेवको पनि खुल्छ तेस्रो नेत्र ।
अख्तियारमा पनि चोखा छैनन् कोही रामाराम ॥

## सरुभक्त



जन्म मिति : वि.सं. २०१३, भदौ, तीज

शिक्षा : स्नातकोत्तर तह

प्रकाशित कृति : (क) कविता

- बन्द खामभित्र, २०३५
- बोक्सीको आह्वान र घोषणापत्र, २०४०
- कवि, प्रेमी र पागल, २०५०
- कुरुप मशीहा, २०५४
- सारस्वत (पोखरेली प्रतिनिधि कविता संग्रह, सम्पादित)

(ख) नाटक

- युद्धः उही ग्याँसच्याम्बरभित्र (२०३९)
- इतिहासभित्रको इतिहास (२०४१)
- शिशिरका अन्तिम दिनहरु (२०४२)
- इथर (२००४)
- गाउँघरका नाटकहरु (२०५०)
- बालबालिकाहरुको नाटक (२०५३)
- असमय अमौसम (२०५४)
- निमावीय (२०५५) आदि

(ग) कथा/उपन्यास

- एक अविनवको आत्मकथा (विज्ञान कथा संग्रह-२०४४)
- छोरी ब्रह्माण्ड (विज्ञान कथा संग्रह (२०४७)
- पागल बस्ती (उपन्यास, २०४८)
- तरुनी खेती (उपन्यास, २०५३)
- यामागल (विज्ञान कथा संग्रह, २०५४) आदि ।

पुरस्कार : • सर्वोत्तम नाटक पुरस्कार (२०३८)
• त्रि.वि. साहित्य प्रतियोगिता, प्रथम (२०३१)
• बुशाक स्वर्ण पदक, नेपाल जेसीज (२०३१)
• राष्ट्रिय युवा महोत्सव, सर्वोत्तम नाटक पुरस्कार (२०...
• जी.ए.ए. प्रतियोगिता, सर्वोत्तम नाटक पुरस्कार (२०...
• राष्ट्रिय नाटक महोत्सव ने.रा.प्र.प्र. सर्वश्रेष्ठ नाटककार (२०४२)
• राष्ट्रिय कविता महोत्सव, प्रथम पुरस्कार ने.रा.प्र. २०४२) तृतीय पुरस्कार (२०३५)
• युवा वर्ष मोती पुरस्कार (२०४३)
• गाईजात्रा हास्यव्यङ्ग्य महोत्सव, ने.रा.प्र.प्र.सर्वोत्त...
• व्यङ्ग्य मुक्तककार (२०४३)
• आरोहण सम्मान (२०४७)
• मदन पुरस्कार (२०४८)
• लोकेन्द्र साहित्य पुरस्कार (२०५१)
• रत्नश्री साहित्य पुरस्कार (२०५२)
• ने.बा.सा.स. पुरस्कार (२०५४)
• शिरोमणि पुरस्कार (२०५४)
• कुमुदिनी कला-साहित्य पुरस्कार (२०५६)
• गोपीनाथ अर्याल रङ्गमञ्च पुरस्कार (२०५६)
• गणेश-खीलकुमारी दुवाल प्रतिभा पुरस्कार (२०५६) आ...

ठेगाना : बागबजार, पोखरा
फोन नं. ५२१८५५

# भ्रष्टाचारीहरूको कुनै देश हुँदैन

भ्रष्टाचारीहरू सबै देशमा हुन्छन्
तर भ्रष्टाचारीहरूको कुनै देश हुँदैन
अक्सर भ्रष्टाचारीहरू
सुकिला मयलपोस र सुट लगाएर
जीवनका यात्राहरूमा हिंड्छन्
अक्सर भ्रष्टाचारीहरू
चिल्लाचिल्ला गाडीहरूमा वातानुकूलित मन बोकेर
जीवनका सडकहरूमा गुड्छन्
अक्सर भ्रष्टाचारीहरू
अग्लाअग्ला भवनहरूका चौडाचौडा कोठाहरूमा
साँघुरा जिउहरू लुकाएर बस्छन्
अक्सर भ्रष्टाचारीहरू
सत्ताका ठूलाठूला कुर्सीहरूमा
कसैले खाएर फालेका च्युइँगमहरू झैं
टाँसिएर बस्छन्
हेर्दा भ्रष्टाचारीहरूको कुनै रङ्ग हुँदैन
हेर्दा भ्रष्टाचारीहरूको कुनै लिङ्ग हुँदैन
हेर्दा भ्रष्टाचारीहरूको कुनै जाति हुँदैन
हेर्दा भ्रष्टाचारीहरूको कुनै धर्म हुँदैन
तर ती मानवताका अर्बुद रोगहरू झैं
भित्रभित्र लुकेर बस्छन्
र मौका पाउनासाथ
सुरसा मुख वाएर
देशहरू निल्ने गर्छन्
समाजहरू निल्ने गर्छन्
सभ्यताहरू निल्ने गर्छन्
र पनि आफूलाई सधैंभरि
भोकोभोको अनुभव गर्ने गर्छन्
भोकोभोको अनुभव गर्ने गर्छन्

भ्रष्टाचारीहरू सबै देशमा हुन्छन्
तर भ्रष्टाचारीहरूको कुनै देश हुँदैन ।

# कोढ र माटोका बेहोसीहरू

पशुपति: भ्रष्टाचारित् बाग्मती ढलहरू
विरुपाक्ष पीडा रुन्छन्
अर्धमुदित् नेत्रहरू, अस्थिकलशहरूमा
आस्थाका लौहभष्म जन्माउँछन्

मन्दिरैमन्दिरको देश
कसरी मान्छेहरू मात्र भ्रष्टाचारी बन्न सक्छन् ?
एउटा हिंसक देशको कथा
रुखमा उल्टो झुण्डेर चमेराहरूले तपस्या गर्दैछन्

आत्मामा कोढ लागेको बेला
कालो चस्माभित्रका मनहरू
नश्वर जिउप्रपञ्च रचना गर्छन्
हरिपाण्डे इफिशियन्सी सिन्ड्रम
आजभोलि देशमा भ्रष्टाचार विज्ञापनको भर्ना खुलेको छ ।

ऊ भ्रष्ट मुस्कानका सुन्दरी
मन्त्रीज्यूका पारदर्शी मनभित्र प्रविष्ट भए
ओह ! प्लान्चेटको टेबिल खाली छ
आऊ, निधारमा भ्रष्टाचारका कर्कटपाता बोकेर
भ्रूणहरूको खोजी गरौं ।

समयपीडा: रगतका आहालमा सगबगाइरहेछन्
भ्रष्टाचारका किटाणुहरू
घुस खाने कि भुस खाने ? सबैलाई थाहा छ
जङ्गबहादुरहरू भ्रष्टाचार गर्दैनन्
देशको शिकार खेल्छन् ।

ओशिविकिरण: सभ्यताका महान् दुर्घटनाहरू
हरे ! आजभोलि आमाका कोखहरूबाट सन्तानहरू होइनन्
भ्रष्टाचारीहरू जन्मदै छन्
मौलोमा सदाचार बाँधिएको बेला
तलेजू प्रदक्षिणा प्रश्न गरौं
हामीहरूमध्ये को-को भ्रष्टाचारी होइनौं ?

सप्रसङ्ग न्यायालय: के न्यायदेवीको आँखामा
कुन्नि विश्वासहरू बाँधिएका छन् ?
कस्ले भन्न सक्छ, गोर्खालीका खुकुरीले
गर्दन काट्छन्, भ्रष्टाचार काट्दैनन् ?

उसलाई सबैले बहुला भने
कारण ऊ घुस्याहाहरूको समाजमा सद्दे देखापऱ्यो
हरे ! मनमा मुलुक दु:खेको बेला
म कुन भ्रष्टाचारको स्वर्गवासमा
माटोका वेहोसीहरू रोऊँ ?


**भ्रष्टाचार भए गरेकोमा कसले, कहिले, कहाँ उजुर गर्ने ?**

सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको अवस्थामा आफूसँग भएको प्रमाण समेत संलग्न राखी जोसुकैले जतिसक्यो चाँडो उजुरी दिन सकिन्छ ।

उजुरी निम्नलिखित नियका वा पदाधिकारीमध्ये कुनै एक निकाय वा पदाधिकारीसमक्ष दिनु आवश्यक हुन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

बबरमहल, काठमाडौं

वा

सम्बन्धित क्षेत्रका क्षेत्रीय प्रशासक

वा

सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी

# उठ हे, ज्यूँदा प्राणहरू हो, उठ !

नदुख्ने मनहरू दुखाउनु हुँदैन
धेरैधेरै मनहरू जलाइदिन सक्छ
रुन नजान्ने मनहरूलाई रुवाउनु हुँदैन
साह्रै भएपछि धरती पनि लगाई दिन सक्छ
विद्रोह त्यतिबेला स्वाभाविक हुन जान्छ
जब त्यसबेला धैर्यको बाँध फुट्न खोज्छ
जुनबेला भ्रष्टाचारीहरू खुबै सल्बलाउँछन्
सोझा मनहरू भाँडिएर अनि खल्बलाउँछन्
विद्रोह सडकमा नराम्रो मात्र घन्किँदैन
एकएक नेपालीका दरिला मुट्ठि भएर उठ्छ
प्रत्येक बस्तीबस्तीहरूबाट आगोको मुस्लो भई जुट्छ
अनि हरेक आँगन आँगनबाट ज्वालामुखी भई फुट्छ ।
बुद्धिमानी ठानिएका कुबुद्धिहरूले
सत्य जनआवाज दबाउनु हुँदैन
कुशासन र भ्रष्टाचारीलाई काखी च्यापी
सस्ता गोली र लाठीहरू छरिनु हुँदैन
कुशासन र भ्रष्टाचारीलाई शिरमा राखी
निरंकुशताको अहमता पोख्न खोजे
हिंस्रक कठोर पहाड पनि बन्न सक्छ
तातोराप बढ्दै गए चिसा मुहान पनि जल्न सक्छ ।
मुख्यत कुशासन र भ्रष्टाचारी हटाउन
जनचेतना नै जगाउनुपर्छ
जनचेतनाकै जनशक्तिले भ्रष्टाचारी भगाउनुपर्छ
साह्रै शोषित र पीडित छन् मान्छेहरू
त्रस्त त्यतिकै छन्, ग्रस्त त्यत्तिकै छन्
मात्र हाँसिरहेका छन् अत्याचारी र भ्रष्टाचारीहरू
मात्र नाचिरहेका छन् उनी र उनकै पृष्ठपोषकहरू ।

समय कहिले फेरिने हो भ्रष्ट र भ्रष्टाचारीका
ताण्डव नृत्य कहिले रोकिने हो अफ उनैका आफन्तीका
कसैसँग डराउँदैनन् ती पशुसमानका मान्छे
न्याय निसाफले पनि छोएनन् ती अदृश्य शक्तिका मान्छे ।
कति सहन्छौ जिउँदै मरिरहन्छौ
उठ हे ज्यूँदा प्राणहरू हो उठ ।
कति नामर्द भई हटिरहन्छौ
ब्यूँफ हे शोषित पीडित नेपाली हो ब्यूँफ
फोड्नुपर्छ बन्द ढोका राम्रो मुखले नखोलेमा
बोल्नै पर्छ चर्को बोली अधिकार खोस्छन् नबोलेमा ।

## भ्रष्ट र भ्रष्टाचारी मूर्दावाद !

जहाँसुकै जाउँ अन्याय अत्याचार मात्र छ
जस्ले जतिसुकै ध्वाँस् लगाओस्
भ्रष्ट र भ्रष्टाचार मात्र छ ।
सुशासनको पक्षमा जति चर्को नारा उठाए पनि
दुःशासनको हालीमुहाली भएसम्म
छुल्याहा र मुल्याहाको राज भएसम्म
सुशासनको नाउँमा कुशासनले जरो गाडिरहनेछ
जनता सत्य न्यायबाट टाढिरहनेछ ।
यस्तै भोगिरहेछौं हामी नेपाली
यस्तै सहिरहेछौं हामी नेपाली
एउटा पकेटमा सरकारी तिरो
अर्को पकेटमा फाँटवालालाई तिरो
नबुफाई सुखै छैन, नबुफाई कामै हुन्न
नत्र भने कति दिन धाउने ? कति दिन भ्याउने ?
चरमसीमा नाघेको ढिला सुस्ती
अदालतमा फगडियालाई तारिख दिए फैं

हैरानी सहन परेको छ,
बाक्कदिक्क भएर बहुलाउनु परेको छ ।
सुशासन कुरोले मात्र हुँदैन बाबै सत्यकर्म चाहिन्छ
भ्रष्टाचार निवारण भाषणले मात्र हुँदैन सत्यधर्म चाहिन्छ ।
फितलो कानुन, देश नदुख्ने पापी मनहरू
मन कहिल्यै नअघाउने पापी जनहरू
धेरै मीठो चाहिने जिब्राहरू छचल्किएसम्म
यो देशबाट सुशासन भागी नै रहनेछ ।
सुशासनको पक्षमा भ्रष्टाचार चपाउन
मुख्यत: कानुनका हरफहरू फेरिनुपर्छ
अत्याचारी भ्रष्टाचारीहरूलाई
फाँसीको फन्दामा लट्काउनुपर्छ
नत्र त्यसै भाषण र गोष्ठीले मात्र
सुशासनको पक्षमा भ्रष्टाचार विरुद्ध देश मुक्त हुँदैन ।
आऊ सबै मिलौं जनचेतना जगाउँ
भ्रष्टाचारीहरूलाई समाजबाट नंग्याऊँ ।
एकपटक फेरि चर्को नारा लगाऊँ
भ्रष्ट र भ्रष्टाचारी मुर्दाबाद ।

- भ्रष्टाचारलाई समाजबाट तिरस्कृत गरौं।
- घुसखोरी एड्सरोग भन्दा भयानक सामाजिक रोग हो।
- भ्रष्टाचार धेरै दिन लुक्दैन यसको अन्त्य डरलाग्दो हुन्छ।

## सुमन थापित



**जन्म मिति** : वि.सं. २०३४, पुस २८ गते

**जन्म-स्थान** : तित्याङ-५, बागलुङ

**शिक्षा** : बी.ए.

**लेखन विधा** : गीत, गजल, कविता

**प्रकाशित कृति** : विछोडको वेदना (कविता सङ्ग्रह)

**ठेगाना** : नेपाल सुनचाँदी व्यवसायी संघ, पोखरा शाखा, मोहरियाटोल

फोन नं. ५२६८९५, ५२२०१०

# अनुभूति

*लाग्छ भ्रष्टाचारको विरुद्धमा कविता खोज्ने क्रममा त्रसित ती कार्यालय र अरु दिनको भन्दा भ्रष्टाचार विरुद्धमा उभिएको कविहरुको उपस्थितिको दिनको कर्मचारीहरूको सजकताले युद्ध बन्दुकले मात्रै नभएर कलमले पनि जितेझैं भ्रष्टाचार साहित्यले पनि साम्य हुन सक्छ ।*

# मेरो कार्यालयमा भ्रष्टाचारै छैन

म अक्षरअक्षरहरूको माला उनेर
शब्दशब्दको भऱ्याङ चढ्दै
म सुशासनको पक्षधर बनेर
म भ्रष्टाचारको अन्वेषक बनेर
म मेरो कविताको देश हुँदै
म कुनै एउटा कार्यालमया पुग्छु
मैले खोज्छु
यता खोज्छु उता खोज्छु
न त मैले सुशासन नै पाउँछु
न त भ्रष्टाचार नै देख्छु
मेरो तलासका सुशासन
मेरो अन्वेषणको भ्रष्टाचार
मैले नपाएपछि
प्रश्न सोध्छु
हाकिमसाब यहाँ भ्रष्टाचार छ ?
बन्द खामभित्र
धनबहादुरले दिएको
छोरीको विहेको निम्तो कार्ड पनि
टेबुलमुनिबाट हातमा लिँदै
हाकिमसा'ब भन्नुहुन्छ
अहँ मेरो कार्यालयमा भ्रष्टाचारै छैन ।

## कर्मचारी

घरकै छेउमा महल बन्यो आफ्नो त धनै छैन
मोटरगाडी चढ्ने के कुरा साइकल चढ्ने उपाय भनै छैन
घर बंगाला बनाउन पुग्ने मोटर गाडी चढ्न पुग्ने
सरकारले तलब दिए हजुर धरोधर्म भ्रष्टाचार गर्ने मनै छैन ।

## सूर्यचन्द्र बस्नेत



**जन्म मिति** : वि.सं. २०२८, फागुन १२ गते

**जन्म-स्थान** : दमौली, तनहूँ

**शिक्षा** : स्नातक

**लेखन विधा** : गजल, यात्रा संस्मरण

**ठेगाना** : रासस, पोखरा

फोन नं. ५२०१०५

मोवाइल नं. ९८४६०-२४४५१

# अनुभूति

*सबै ठाउँमा ढिलासुस्ती, अनाहकमा दुःख दिइन्छ र सबै भ्रष्टाचारी हुन् भन्ने होइन । तर कहीं हुन्छ भने त्यसलाई दण्डनीय बनाउनुपर्छ । पोउमनपाका शाखाहरू घुम्ने क्रममा सबैमा एक प्रकारको के के न आयोजस्तो भएको देखिन्थ्यो । एउटा शाखामा जाँदा के.सी. थरका शाखाका सहायक कर्मचारीले हामीले परिचय दिएपछि ठाडो शब्दमा भन्नुभो- "तपाइँहरूलाई भन्नु नै बेकार छ ।" नरमकरम शब्दमा बोलेपछि उहाँको अर्को जवाफ थियो- "अरु शाखाले के गर्छ थाहा छैन मेरोमा नजराना भन्ने र भोलि भन्ने छैन ।" यो शाखामा न कुनै भ्रष्टाचार छ, न कुनै शिष्टाचार छ ।*

*साढे दश बजे पुगेर कार्यालयका कर्मचारीसँग कुरा गरेर हतारमा लेख्नुपर्ने त्यो पनि तोकिएको विषयमा निकै हतारले किचेको थियो । दुई बजे लेखिसकेर सुनाउनु नै थियो । सबै कुरा सुन्ने र डुल्ने अनि सर्वसाधारण सबैका गुनासो सुन्ने समय थिएन । कार्यालय पस्नासाथै बडापत्र, विभिन्न शाखामा भ्रष्टाचारविरोधी भनाइहरू टाँगिएका थिए ।*

*बरु खानु कोदो मकै बरु खानु फापर*
*घुस खानेलाई कानुनले लाउँछ ठूलो झापड ।*

# गजल

तपाइँ मेरो, म तपाइँको हाँसीहाँसी आउनुस्
सिफारिशको माथि शिरमा दाम टाँसी ल्याउनुस्

नक्सापास नागरिकता अरु केके सिफारिश
मिले रीतका कागजात, बाँकी खाम गाँसी ल्याउनुस्

सरकारसँगै रुप फेर्ने भर्ती हुने कर्मचारी
निष्ठा किन इमान्दारी, भ्रष्ट बदमासी ल्याउनुस्

घुस लिने घुस दिने दुवै देशका शत्रु हुन्
केको जेल जरिवाना, भ्रष्टलाई फाँसी ल्याउनुस्

बन्दै गर्छ सिंचाई सडक होला देश विकास
पजेरो र महल मलाई, कमिशनको राशी ल्याउनुस्

कति वाहियात कति कर्कश सुशासन र पारदर्शी
सग्ला खुट्टा यिनकै कति, टुक्राटुक्रा भाँची ल्याउनुस्

किन हुन्छौ कलियुगमा इमान्दारी युधिष्ठिर
सिधा औलो घ्यू आउन्न आज्ञाकारी दासी ल्याउनुस् ।

**स्ट्रगल राना**



**जन्म मिति** : २२ डिसेम्बर, १९७४

**जन्म-स्थान** : नागाल्याण्ड

**शिक्षा** : एम.ए. (अंग्रेजी)

**लेखन विधा** : कविता

**पुरस्कार** : गण्डकी साहित्य संगमद्वारा आयोजित राष्ट्रव्यापी कविता प्रतियोगितामा प्रथम

**ठेगाना** : पोखरा-८, रत्नचोक
फोन नं. ५२२१८४
मोवाइल नं. ९८५६०-२२९७३

## अनुभूति

*भ्रष्टाचार भौतिक मात्र होइन आत्मिक जगत्मा पनि व्याप्त छ । यसको निर्मूलिकरण 'म'बाट सुरु हुनुपर्छ ।*

# लाग्छ मलाई

बिसे नगर्चीको मोहर पनि
पोहरजस्तै लाग्छ मलाई
जुन मेरा पृथ्वीले लिए, उठाए र नेपाल बनाए
गाह्रो लगाउने कालु पाण्डेहरू
ढुंगा पु¥याउने विराज बखेतीहरू
छानो छाउने बहादुर शाहहरू
इमानका अमरसिंहहरू
त्यही मोहरको विरासत खातिर
सिन्धुका बगरहरूमा
किल्ला, काँगडाहरूमा
अझै जागै छन्जस्तो लाग्छ मलाई ।
आस्थाको विशाल आकाशमुनि
पृथ्वीको एउटै मन्त्र बोकी
बलभद्रहरू सल्बलाइरहेका छन्
कति सर्वजितहरू
राष्ट्रिय अस्मिता रक्षा गर्न
टिष्टामा तरवार पखालिरहेका छन्
लालच र लोलोपोतोलाई लल्कार्दै
विश्वासका बलिया भीमसेनहरू
अझै जिउँदै छन्जस्तो लाग्छ, मलाई ।
स्वाभिमानी पूर्वजका वंशज तिमी
राष्ट्रिय अस्मितालाई बचाउनू
पूर्खाको विरासत जोगाउनू
दुष्टको एक मोहरमा नबिक्नू है ?
इमानदेखि आँखा नझिक्नू है ?
जनताको पसिनाले पोल्यो भने
भष्मखरानी होइन्छ

पसिनाको मूल्य नबिर्सनु है ?
किनभने मेरा अभिमान सिंहहरू
जंगेको कालो उछितो पार्न
सूर्योदयका भक्तिसँगै
अझै जिउँदै छन्जस्तो लाग्छ, मलाई ।

## गीत

इमान र सदाचार कालो बादलभित्र लुक्यो
कुशासन र भ्रष्टाचारले फेरि मेरो देश दुख्यो ।

अगुवा ती राष्ट्रसेवक देश हाँक्छु, भन्नेहरू
जनताको भावनालाई शिरमा राख्छु, भन्नेहरू
व्यभिचारी बनिदिंदा देश नर्ककुण्ड पुग्यो
कुशासन र भ्रष्टाचारले फेरि मेरो देश दुख्यो ।

अयोग्यको चलखेल नातावादको जालभित्र
अधिकार जमाउने घुसाएर इष्टमित्र
ठालुको यो दुष्ट रीतले सदाचारको मूल सुक्यो
कुशासन र भ्रष्टाचारले फेरि मेरो देश दुख्यो ।

पापी हुन यी भ्रष्टाचारी पठाउनुपर्छ नर्क
मुलुकलाई उठाउन पृथ्वीका छोरा फर्क
समाजलाई डोऱ्याउन अबेला भो बेला चुक्यो
कुशासन र भ्रष्टाचारले फेरि मेरो देश दुख्यो ।

**कविको एक थोपा मसीले
समाजको विस्तृत रुप निर्माण गर्छ ।**

## हरिलाल तिम्सिना



**जन्म मिति** : वि.सं. १९९९, जेठ ६ गते

**जन्म-स्थान** : पोखरा-१६, बाटुलेचौर

**शिक्षा** : एस.एल.सी.

**लेखन विधा** : कविता र गीत

**पुरस्कार** :
- जिल्ला शिक्षा पुरस्कार
- दीर्घसेवा प्रमाणपत्र

**ठेगाना** : पोखरा-१६, बाटुलेचौर
मोवाइल नं. ९८४६०-२३२५२

# अनुभूति

*सुशासनको पक्षमा र भ्रष्टाचारविरुद्धमा सशक्त कलम चलाउन जुटेको कविता यात्राले विभिन्न कार्यालयहरूमा गई अवलोकन गरी जनगुनासाका चासोलाई अति महत्त्वका साथ कविता, गीत र गजलको माध्यमद्वरा जनमानसमा चेतना फैलाउने कार्य सुरुआत भएको निकै सराहनीय छ । कविताले हरेक मानिसको अन्तरभावना परिवर्तन गर्न सक्छ । ऊ लठिन्छ, मुग्ध हुन सक्छ । यसैले पोखरेली कविता अभियानले नागरिक समाजलाई निर्धक्क भएर भ्रष्टाचारविरुद्धको वकालत गर्न केही हदसमम बल पुगेको कुरा जानकारी गराउन छाहन्छु ।*

## गीत

खानेपानी परिसरको भित्र पसेपछि
केही कुरा बुझ्न थालें हाकिमसँग बसी
सबैकक्ष डुलिसकें जाने व्यवस्थापन
सन्तोषजनक पाइन मैले गरें टिपनटापन
प्रबन्धक, हाकिम र अरु भाइ, स्वच्छ पानी पिउन देउ हामीलाई ।[२]

❑

हाकिमले कर बल मिस्त्री खटाइदिए
भोलि, पर्सि आउँछौं भनी सातदिन लगाइदिए
बनाइदिए रिसाइ-रिसाइ खोजे दिनको खाजा
कामदारले खाए भनी नभने है राजा
प्रबन्धक हाकिम अरु भाइ, स्वच्छ पानी पिउन देऊ हामीलाई ।[२]

❑

खपत युनिट नलेखेर खाली रकम लेख्ने
उपभोक्ता, नागरिकको रैछन् ढाड सेक्ने
सरसफाई औषधीको कस्ले गर्ने ख्याल
झाडाबान्ता हैजा आदि त्यही पानीको ताल
प्रबन्धक, हाकिम र अरु भाइ, स्वच्छ पानी पिउन देऊ हामीलाई ।[२]

❑

कर्तव्यको ख्यालै छैन अधिकारको खोजी
थर्काएर, मर्काएर भर्नैपर्ने गोजी
ढिलासुस्ती आलटाल कर्मचारीभित्र
गीतद्वारा देखाइदिएँ अस्थिपञ्जर चित्र
प्रबन्धक, हाकिम र अरु भाइ, स्वच्छ पानी पिउन देऊ हामीलाई ।[२]

❑

# माइत गइनन् छोरी

छोरी- वर्ष दिनको तीज आयो दिदी लिन आउँछन् भाइ
अख्तियारले पक्र्यो भन्छन् हाम्रा बाबालाई
सबैका दिदीबहिनी आँगनीमा रमाउनी
हाम्रा बाबा जेलभित्र साङ्लो समाउनी
खानसम्म खा'रछन् अति जोडे सम्पत्ति
एक्ला-एक्लै जीवन काटून् बूढा दम्पती

ससुरा- कान्छी बुहारी जान्छु भन्छेउ राम्रो छैन साइत
घुसखोरीकी छोरी भन्लान् नजाऊ माइत
वरिपरि दिदीबहिनी हेला गर्लान् तिमीलाई
घरै छोडी भागे अरे तिम्रा दाजुभाइ

छोरी- घाँसदाउरा गर्न जाँदा तेरा बाउ त जेलमा
भ्रष्टाचारीकी छोरी पनि आइछ मेलामा
ढाकछोप् गरी राखौं भने मिडियाले फिजाउँनी
पढ्न जाँदा छोरीलाई साथी गिज्याउनी
ठाडो शिर नहुने भो घुसखोरीको बातले
छोरी पनि आउनै छाडिन् भन्लिन् माताले

मलामी- जति धन कमाए नि एक्लै छोड्छम् घाटामा
देश डुबाउनी भ्रष्टाचारी भन्छन् बाटामा
दश पुस्तापछिसम्म सन्तानलाई पिर्नेछ
आफू मरी गए पनि बिल्ला भिर्नेछ ।

पितृहरू- अशुद्ध छौ आज बाबु नदेऊ हामीलाई तर्पण
चाहिँदैन हिरामोती मर्ने अर्पण ।

## हेमराज पहारी



**जन्म मिति** : वि.सं. २००२, कार्तिक १९ गते

**जन्म-स्थान** : बैदाम, पोखरा

**शिक्षा** : बी.एड.

**लेखन विधा** : कविता, गीत, निवन्ध र यात्रा संस्मरण

**पुरस्कार** : अर्जुन स्वर्णपदक (नेपाली रचना : त्रि.वि. २०२७)

**प्रकाशित कृति** : देशको अभिभारा (कविता सङ्ग्रह), २०६१

**भ्रमण** : भारत, जर्मनी, होल्याण्ड, इंगल्याण्ड, अमेरिका, मेक्सीको, जापान, हङ्कङ, थाइल्याण्ड

**ठेगाना** : ८ लालुपाते मार्ग, लेकसाइड (बैदाम) पोखरा

फोन नं. ५२१०३०

**ई-मेल**: hemrajpahari@hotmail.com

# भ्रष्टको परिचय

भ्रष्ट हुन् देशका रोग, टी.बी. र रक्तक्यान्सर
इलाजै नगरी यिनको ढुक्कले बस्न हुन्छ र ?
भ्रष्ट हुन् तारकासुर, कंश र अन्य दानव
अम्बाका बोटमा ढेडु पाल्ने हो कति लौ अब ?

भ्रष्ट हुन् वनका साँप, बिच्छी र अनि गंगटा
यिनै हुन् देशका राहु, शनि र अनि संकटा
देशका जति छन् क्षेत्र ग्रहग्रस्त भए सब
गंगटा घरमा पाली बस्ने हो कति लौ अब ?

भ्रष्ट हुन् देशका ब्वाँसा, जुका र अनि चितुवा
यिनै हुन् राष्ट्रका भारी खञ्चुवा अनि घिचुवा
ब्रम्हलुट गरे यिनले रित्तियो राष्ट्र-वैभव
बाखाको खोरमा बाघ पाल्ने हो कति लौ अब ?

# को हुन् भ्रष्ट ?

जुन् राष्ट्रका बासिन्दा छन् अशान्तिले त्रस्त
त्यही राष्ट्रका वरिष्ठ छन् भ्रष्टाचारले ग्रस्त
जुन व्यक्ति छ लोभलालच र कुचलनले ग्रस्त
त्यही व्यक्ति हो दुराचारी त्यही व्यक्ति हो भ्रष्ट ।

जसले हातमा लिएको छ स्वार्थ साध्ने अस्त्र
त्यही व्यक्ति हो दुराचारी त्यही व्यक्ति हो भ्रष्ट
जुन मान्छेले लगाउँदैन सत्कर्मको वस्त्र
त्यही मान्छे हो दुराचारी त्यही मान्छे हो भ्रष्ट ।

चाहे ती हुन् 'पूजा' संस्था चाहे ती हुन् ट्रष्ट
पारदर्शी छैनन् भने ती सबै हुन् भ्रष्ट
जीब्रो चबाई बोल्दाखेरि स्वर हुँदैन प्रष्ट
यस्तो तालले बोल्छौं भने हामी नै हौं भ्रष्ट ।

# सर्वव्यापी भ्रष्टाचार

कुञ्चिएका छन् मानापाथी
र, एकातिर बङ्ग्याइएको छ तराजुको तुलो
लाल दन्तमञ्जनमा मिसाइएको छ
रातोमाटो र इट्टाहरुको धूलो
भ्रष्टाचार भ्रष्टाचारै हो
चाहे त्यो सानो होस् अथवा ठूलो ।

पेट्रोलका नदीहरुमा
मिसाइएको छ एउटा अदृश्य मट्टितेलको कुलो
चित्ताकर्षक पुरिया र प्याकेटहरुमा
सुसज्जित गरिएको छ प्राणहीन औषधि र ओखती मूलो
भ्रष्टाचार भ्रष्टाचारै हो
चाहे त्यो सानो होस् अथवा ठूलो ।

दीर्घसेवी र मौनसेवीदाइहरुको भान्छामा
बलिरहेको छ चतुरे र चैते भाइहरुको चुलो
विद्यूत प्राधिकरण र नेपाल आयल निगमका डिपोहरुमा
अहोरात्र खुलिरहेको छ जनघाती चुहावटको दुलो
भ्रष्टाचार भ्रष्टाचारै हो
चाहे त्यो सानो होस् अथवा ठूलो ।

"कसैले भ्रष्टाचार यथार्थता हो यो जीवनको एउटा अपरिवर्तनीय पाटो हो भन्छन् । तर त्यो मूर्खता मात्र हो । यथार्थता त त्यो हो जे हामीले निर्माण गर्छौं ।"
- सुवा रीमोनि ए छोड, पूर्व निर्देशक सामोआ तथा टी.आई. ईन्टिग्रेटि मिसन

# जिल्ला प्रशासन कार्यालयको प्रतिबद्धता



हाम्रो देश नेपालको वर्तमान अवस्थामा भ्रष्टाचारले हरेक क्षेत्र मुछिएको महसुस हुँदै गएको छ । भ्रष्टाचारलाई समयमै नियन्त्रण नगर्ने हो भने एका तर्फ देशको विकास अवरुद्ध हुन जान्छ भने अर्कोतर्फ सर्वसाधारण जनता र सरकारबीचको दूरी बढ्न गई अशान्ति र विद्रोहले ठाउँ पाउँछ । जसबाट अन्ततः सम्पूर्ण समाज र राष्ट्र नै पीडित हुन पुग्दछ ।

आजको खाँचो भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नु हो भन्नेमा दुई मत हुन सक्दैन । जनतामा सुशासनको प्रत्याभूति दिनको लागि अन्य कुराको अलवा भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिनुपर्छ । भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न सरकारी, निजी, गैरसरकारी क्षेत्र र नागरिक समाज मात्र हैन व्यक्तिव्यक्तिले आ-आफ्नो क्षेत्रबाट सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने हुनजान्छ । किनभने राष्ट्रनिर्माणमा राष्ट्रवासीको भूमिका सधैं अपेक्षित रहिरहन्छ । भ्रष्टाचारजन्य कार्य वा त्यसको परिणामको बारेमा छलफल गर्दा एकले अर्कोलाई दोष लगाई आफू पन्छिने वर्तमान प्रवृत्तिलाई निरुत्साहित गरिनु पनि पर्दछ ।

हामीसँगै विकासको सुरुआत गर्ने कतिपय देश उभों लागि सके, हामी अझै प्राप्त साधन र स्रोतको सदुपयोग राष्ट्र पिछडिएको अवस्थामा छौं । प्राप्त साधन र स्रोतको सदुपयोग राष्ट्र समाजको लागि नभई कुनै व्यक्ति र समूहको स्वार्थमा प्रयोग भइदिंदा देशले विकासको गति लिन सकेको छैन । कतिपय देशले आफ्नो समाजमा जरा गाडेको भ्रष्टाचारलाई त्यो देशको राजनैतिक, प्रशासनिक नेतृत्वले जनताको समर्थनमा नियन्त्रण गर्न सकेको उदाहरण पनि पाइन्छ । यसर्थ भ्रष्टाचार दुःसाध्य रोग पनि होइन ।

भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने सन्दर्भमा सार्वजनिक क्षेत्र नै अगुवाइ गर्नुपर्छ । हाल हाम्रो देशमा यसतर्फ संस्थागत् प्रयास भइसकेका छन् । कतिपय कुरामा स्पष्ट रुपमा सकारात्मक परिणाम देखिइसकेका छन् । यस शुभ कार्यलाई प्रोत्साहन दिनु सम्पूर्ण सर्वसाधारण, संघ-सं

कर्तव्य पनि हो । यसै सिलसिलामा ट्रान्सपरेन्सी इन्टरनेशनल पोखरा सहयोगी समूहले यस कास्की जिल्लामा गर्दै गरेको कार्य र हालै पोखरेली युवा सांस्कृतिक परिवारले आरम्भ गरेको साहित्यिक अभियान यस तर्फको प्रशंसनीय कदम हो । भ्रष्टाचार नियन्त्रण र सुशासनका पक्षमा उभिएका उक्त संस्थाहरूको सुदृढीकरणको अपेक्षा समेत गर्दछु ।

म एक सार्वजनिक पदाधिकारी भएकोले आफूलाई प्राप्त जिम्मेवारी मन, वचन, कर्मले पूरा गर्न र जिल्लास्तरको भ्रष्टाचार नियन्त्रण गरी यस जिल्लामा कानुन बमोजिम सुशासन कायम गर्न प्रयत्नशील एवं प्रतिबद्ध छु । मलाई प्राप्त अधिकारको सदुपयोग गर्नका लागि सम्बन्धित सबै पक्षको सकारात्मक एवम् समयोचित सहयोगको समेत अपेक्षा गर्दछु ।

**कृष्णप्रसाद लम्साल**
का.मु. प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, कास्की

# असल शासनको सन्दर्भमा जिविस कास्कीको प्रतिबद्धता



हाम्रो मुलुकमा बहुदलीय प्रजातन्त्रको पुन:स्थापनापछि जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले नागरिकहरूको शासन प्रणालीमा जनभावना, जनआकांक्षा र अपेक्षाको सही प्रतिनिधित्व गर्न स्थानीय निकायहरूको रुपमा गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरू गठन भएका हुन् । यी निकायहरूमा प्रतिनिधित्व गर्ने व्यक्तिले स्थानीय बासिन्दाहरूको आवश्यकताअनुसार विकासनिर्माण तथा सेवा सुविधाका विषयमा स्वतन्त्रतापूर्वक र सक्षम तरिकाले जनआवाजको उद्घोष गर्दछन् । यस्ता जनप्रतिनिधिहरू चुनावी प्रक्रियाले आवधिक समयका लागि पदासिन हुने र ती निकायहरूभित्र विकेन्द्रीकरण तथा स्वायत्त शासन पद्धतिलाई अवलम्वन गरिएको हुँदा अन्य सरकारी कार्यालयहरूमा भन्दा केही भिन्न किसिमले यहाँ भित्रको प्रशासनिक कामहरू हुने गर्दछन् । श्री ५ को सरकारले यी निकायहरूको पद्धतिलाई कानुनले बाँधनका लागि स्थानीय स्वायत्त शासन ऐन-२०५५ तत्सम्बन्धी नियमावली-२०५६, तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली-२०५६, श्री ५ को सरकारले व्यवस्था गरेको छ ।

अन्य सरकारी कार्यालयहरूमा झैं स्थानीय निकायहरूमा पनि जनउत्तरदायी शासनप्रणाली लागू गरी स्थानीयस्तरमा सेवाहरू सरल, सुलभ र छिटो तरिकाले प्रत्याभूत गर्न सुशासन र विकेन्द्रीकरण सिद्धान्त अपरिहार्य हुन्छ । त्यसैले जनप्रतिनिधिमूलक समितिले गरेको नीतिगत कुराहरू कार्यक्रममा ढाली कार्यन्वयन गर्न/गराउन स्थानीयस्तरका स्थायी सरकारका कर्मचारीको रुपमा प्रशासन यन्त्रको व्यवस्था भएको छ । सामान्यतया: प्रशासन यन्त्र अर्थात् राष्ट्रसेवक कर्मचारीहरू भनेका निष्पक्षता र तटस्थताका द्योतक, हुन तथापि तोकिएको कार्य प्रभावकारी रुपमा सम्पादन गर्न/गराउन आफू कार्यरत निकायका वहालवाला पदाधिकारी तथा केन्द्रीय सरकारमा रहेका व्यक्तिहरूसँग

यी कर्मचारीहरूको नङ्ग र मासुको सम्बन्ध अपेक्षित हुन्छ ।

हाल हाम्रो मुलुकमा विशेष कठीन परिस्थितिका कारणले प्रजातन्त्रको बलियो सांगठानिक आधारस्तम्भ भनिएका यी निकायहरूमा स्थानीय नागरिकहरूको प्रतिनिधित्व गर्ने पदाधिकारीहरू पदमा नभएको कारणले यस्ता निकायहरूका कर्मचारहिरूको प्रमुखको रुपमा कार्यरत कर्मचारीहरूलाई नै जनप्रतिनिधिमा निहीत अधिकारको अलवा थप कार्यकारिणी अधिकार पनि सुम्पिएको अवस्था हुँदा यस परिस्थितिलाई चुनौती साथै अवसरको रुपमा पनि लिइएको छ ।

मुलुकमा दिनानुदिन व्याप्त संकटको अलावा खस्कँदो शान्ति सुरक्षाका साथै, बढ्दो बेरोजगार र भोकमरीका कारणले स्थानीय जनता धेरै आक्रान्त छन् । यस्ता परिस्थितमा जिल्ला विकास समितिलाई केन्द्रबाट दिइने कार्यक्रम र बजेट पनि हरेक साल घट्दो क्रममा छ र जिल्लाभित्रको स्रोत संकलन पनि आशातित रुपमा जुटाउन सकिएको छैन । कर्मचारीहरू काम गर्दा आफ्नै किसिमका सीमा र विधिव्यवस्थाअनुरुप चल्नुपर्ने बाध्यता हुँदा जनप्रतिनिधिको जस्तो आँट र सामर्थ्य कदापि हुन सक्दैन । विद्यमान यस अवस्थामा यदाकदा केही सरकारी कार्यालयका अलावा स्थानीय निकायहरूमा पनि मौलाउँदै गएको भ्रष्टाचारको सन्दर्भमा जिल्ला विकास समिति कास्कीको अध्यक्ष एवं स्थानीय विकास अधिकारीको हैसियतले विशेष सतर्क तथा जागरुक हुँदै यसै सन्दर्भमा देहाय अनुरुपमा सेवाहरू जिल्लावासी, नागरिकहरूमा प्रत्याभूत गर्ने- गराउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

१. प्रथमत: सेवा प्रवाह गर्ने सन्दर्भमा जो कोहीले व्यक्त गरेका गुनासा, प्रतिक्रियाहरूलाई सुधारको लागि अवसरको रुपमा लिई तद्नुरुपको व्यवस्थापन गर्ने प्रयत्न गरिनेछ ।
२. नागरिकहरूका जनगुनासा सुन्ने सोको वास्तविकता बुझाउन एकजना जनसम्पर्क एवम् सूचना अधिकारीको रुपमा कर्मचारी खटाइएको छ ।
३. जनताहरूलाई सेवासम्बन्धी पूर्ण जानकारी दिने नागरिक बडा-पत्र, सूचना बोर्ड र सार्वजनिक भेला गराउँदै आइएको प्रचलनलाई अझ व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिनेछ ।
४. जनताहरूका काम छिटो-छरितो, सर्वसुलभ तरिकाले जनगुनासो नआउने हिसाबले कम खर्चमा सम्पादन गर्नेतर्फ कम्तिमा महिनाको एकपल्ट

Staff Meeting राख्ने प्रचलन यथावतै रुपमा कायम गरिनेछ ।

५. जिल्ला विकास समिति हरेक राजनैतिक आस्थाका राजनैतिक व्यक्तिहरूको साझा चौतारी हो, त्यसैले उहाँहरूबाट प्राप्त राय-सुझावहरूलाई विशेष मनन गरिनेछ । साथै निवृत्त तथा भूतपूर्व जिविस पदाधिकारीहरूसँग सदा सम्पर्कमा रही बौद्धिक आरक्षण लिइनेछ ।

६. जिल्लावासीको उच्चतम् भलाइ र कल्याणका खातिर विशेष ख्याल राखी जो कोहीले पनि स्थानीय विकास अधिकारीको कार्यकक्षमा सिधै सम्पर्क गर्न पाउनेछन् ।

७. प्रशासन यन्त्र चुस्त र सक्षम बनाउन उनीहरूमा तोकिएको कामप्रति सैद्धान्तिक एवं व्यावहारिक ज्ञान प्रदान गर्न र जनहितको लागि वकालत पनि गर्न सक्ने गरी अन्तरक्रिया तथा तालिमको व्यवस्था गरिनेछ ।

८. सबै विषयगत् कार्यालयहरूसँग निकै नजिकको सम्बन्ध स्थापित गरी सक्रिय समन्वयात्मक भूमिका स्थापित गरी जनताहरूका सही जनगुनासोहरू उपर वकालत गरिनेछ । साथै, जहाँ हाम्रो (जिविस)को उपस्थिति र पहुँच हुन सक्दैन त्यस्ता क्षेत्रहरूमा अझ मितव्ययी र विशेष प्रभावकारी रुपमा दक्षताका साथ कार्यक्रम संचालन गर्न गैससहरूसँग हातेमालो गरी साझेदारी रुपमा कार्यक्रम गर्न पहल गरिनेछ ।

९. कार्य प्रक्रियामा पारदर्शिता, आफ्नो कर्तव्यप्रति उत्तरदायी, हरेक कार्यक्रममा जनसहभागितालाई विशेष ध्यान दिँदै नागरिक समाजका विद्धत् वर्ग, पत्रकार र प्रत्यक्ष लाभान्वित समूहका अलवा महिला बालबालिका, अपाङ्ग र जेष्ठ नागरिकहरूका साथै दलित र अति विपन्न वर्गहरूलाई हरेक आयामहरूमा सहभागिता गराइनेछ ।

**नारायणराज** तिमिल्सिना
स्थानीय विकास अधिकारी, कास्की

# सुशासनको पक्षमा र भ्रष्टाचार निर्मूल पानि चालिएको पहल कदम



जनताको महत्वपूर्ण अचल सम्पत्तिको रुपमा रहेको जग्गाजमिनको अभिलेख राख्ने, अभिलेख संरक्षण गर्ने र दर्ता एवम् हक हस्तान्तरणको कार्य गर्नेजस्ता जग्गाप्रशासनको जिम्मेवारी लिई स्थापित मालपोत कार्यालयको काम अत्यन्त महत्वपूर्ण एवम् उत्तिकै जवाफदेही छ ।

प्रत्येक दिन मालपोत कार्यालयमा जग्गाजमिन सम्बन्धी विभिन्न काम लिई कार्यालय प्रवेश गर्ने सेवाग्राहीहरूलाई छिटोछरितो र स्वच्छ सेवा दिनु मालपोत कार्यालयको काम हो । जनताको काममा ढिलासुस्ती गर्ने, आलटाल गर्ने, दुःख दिनेजस्ता गलत प्रवृतिलाई निरुत्साहित गरी श्री ५ को सरकारको नीति, नियम र सेवाग्राहीहरूको चाहनाअनुसार सुशासनको पहिचान दिई भ्रष्टाचारलाई निर्मूल पार्ने दिशामा मालपोत कार्यालय कास्कीबाट निम्न अनुसारको सूचना प्रवाह, पारदर्शिताजस्ता महत्वपूर्ण कदम चालिएको छ :

- मालपोत कार्यालयबाट दिनहुँ गरिने जनतासँग सम्बन्धित कामको विवरण, सो काममा सेवाग्राहीहरूले पेश गर्नुपर्ने प्रमाण कागजात, नियमानुसार लाग्ने दस्तुर रकम, दस्तुर, बुझाउने ठाउँ र काम सम्पन्न गर्न लाग्ने समयावधिलाई निश्चित गरी सम्पूर्ण कार्यलाई नागरिक बडापत्रमा लिपिवद्ध गरी सो बडापत्रमा तोकिएको समयावधिभित्रै सेवाग्राहीहरूलाई सेवा प्रदान गर्ने उद्देश्यले सबैले देख्न सक्ने ठाउँमा नागरिक बडापत्र (Citizen charter) बनाई वि.सं. २०६० माघदेखि लागू गरी सोअनुसार दैनिक रुपमा जनतालाई सेवा प्रदान गरिएको छ । जनतालाई सुशासनको अनुभूति गराई भ्रष्टाचार नियन्त्रण गर्ने यो एउटा महत्वपूर्ण कदम हो ।
- कुन काम के कसरी कहाँबाट हुन्छ भन्ने कुरा जनतालाई तत्काल जानकारी र निर्देशन गराउन कार्यालयमा एक Front Desk को व्यवस्था गरी नायव सुब्बास्तरको कर्मचारीद्वारा सो सेवा प्रदान गरिएको छ ।

- सुशासनको पक्षमा र भ्रष्टाचार नियन्त्रण गर्ने बारेमा श्री ५ को सरकारको नीति, नियम तथा विभागीय निर्देशनको आधारमा समयसमयमा कार्यालयमा स्टाफ मिटिङ गरी कर्मचारीहरूलाई समयसापेक्ष भई इमान्दारितापूर्वक छिटो-छरितो रुपमा जनताको सेवा गर्न अधिकृत स्तरबाट निर्देशन दिई आइएको छ ।
- जनगुनासो आउन नपाओस् भन्ने दृष्टिकोणले अधिकृतस्तरबाट कार्यालयको विभिन्न फाँटफाँटमा समयसमयमा दैनिक रुपमा सुपरिवेक्षण अनुगमन गरिएको छ । तत्काल देखिएका गुनासा तथा समस्याहरूलाई तत्कालै फाँटफाँटमा सुनी समस्या समाधान गर्ने गरिएको छ ।
- कार्यालयको काम सम्बन्धमा सिकायत वा गुनासा आएमा गुनासा सुन्ने र तत्काल समाधान गर्नको लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयको निर्देशनमा एक नोडल अधिकृतको व्यवस्था गरिएको छ सो अनुसार जनताका गुनासालाई नोडल अधिकृतले तत्काल सुनी समस्या समाधान गर्ने गरिएको छ ।
- जग्गादर्ता, मालपोत कार्यालयको अर्को महत्वपूर्ण पाटो हो । यस विषयमा व्यक्तिको नम्बरी जग्गादर्ता गर्न छुट भएकोमा प्रमाण कागजात पूरा भै अंग पुगेमा तत्काल रीत पुऱ्याई व्यक्तिको नाममा दर्ता गर्ने गरिएको छ । व्यक्तिको माग दावी भए पनि दर्ता हुन नसक्नेमा यो यति कारणले हुन नसक्ने वा अदालतबाट हक कायम गरी ल्याउन भनी निकास दिने कार्य भएको छ भने सरकारी सार्वजनिक प्रकृतिको जग्गालाई श्री ५ को सरकारको नाममा दर्ता गरी संरक्षण गर्ने कार्य गरी आइएको छ ।
- जग्गाप्रशासनसम्बन्धी कार्य गर्दा नियमानुसार लाग्ने राजस्वमा कमी वा हिनामिना हुन नपाउने वातावरणलाई कायम गरिएको छ ।
- क्षेत्रीय प्रशासन कार्यालय पोखराको निर्देशनमा सबैले देख्ने ठाउँमा सेवाग्राही सुझाव पुस्तिका राखी कार्यालयसम्बन्धी काममा जनताका गुनासा वा सुझाव केही भए तत्काल खुला एवम् सहज रुपमा सो पुस्तिकामा गुनासा वा सुझाव लेख्न पाउने व्यवस्था गरिएको छ ।
- त्यस्तै कार्यालयसम्बन्धी केही गुनासा वा सिकायत लेखी उजुरीपेटिका राख्न पाऊन् भन्ने उद्देश्यले कार्यालयमा सबैले देख्ने ठाउँमा पेटिका पनि राखिएको छ ।

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा वितरीत सुशासनको पक्षमा र भ्रष्टाचार विरुद्धमा लेखिएको पोष्टर पम्प्लेटलाई कार्यालयको भित्ता, ढोकामा टाँसी प्रचार भएबाट जनचेतना अभिवृद्धि गर्नमान राम्रो मद्दत पुगेको महशुस गरिएको छ ।
- First in first out को सिद्धान्तमा सेवाग्राहीहरूलाई पालैपालोसँग सेवा प्रदान गर्ने गरिएको छ ।
- यसरी मालपोत कार्यालय कास्कीले आफूसँग भएको मौजुदा जनशक्ति र क्षमतालाई परिचालन गरी प्रचलित ऐननियमको परिधिभित्र रही जनतालाई सुशासनको प्रत्याभूति दिलाउन पारदर्शीता एवम् समयसापेक्ष बन्दै कुनै पनि काममा ढिलासुस्ती हुन नपाउने वातावरण सिर्जना गरी सकेसम्म छिटोछरितो सेवा दिई आएको छ ।

अन्तमा, जनतालाई सुशासन अर्थात् असलशासनको बोध गराउन भ्रष्टाचारमा नियन्त्रण हुन अपरिहार्य हुन्छ । यो जटिल विषयमा स्वयम् सेवाग्राही जनताले साथ दिनु उत्तिकै जरुरी देखिन्छ । जनचेतना अभिवृद्धि गरी सुशासन कायम गर्ने पक्षमा मालपोत कार्यालयले प्रयाप्त मात्रामा सूचना प्रवाह गरी जनतालाई छिटोछरितो र स्वच्छ सेवा पुऱ्याउन विभिन्न कार्यनीति अघि सारेको छ । जुन मैले माथि उल्लेख गरिसकें । यसलाई पूर्ण सफल तुल्याउन नागरिक समाजको सहयोग आवश्यक हुन्छ । अत: म विनम्र अनुरोध गर्दछु कि- आउनुहोस् ! हामीहरूसँग अझै रहेको कमीकमजोरी हटाउन उक्त कार्यमा सहयोग गर्नुहोस् । तपाईहरू अर्थात् नागरिक समाजको रचनात्मक सुझावलाई कदर गर्दै ढिलासुस्तीको अन्त गरी जनतालाई सहज सरल रुपमा छिटो सेवा प्रदान गर्न हामी प्रतिबद्ध छौं ।

**पदमबहादुर थापा**
(मालपोत अधिकृत)
मालपोत कार्यालय, कास्की

# ८ नं. नापी गोश्वाराको प्रतिबद्धता



मानव सभ्यताको विकाससँगै अन्योन्याश्रित सम्बन्ध रहँदै आएको भूमि र सोको लगत लिने कार्यको थालनी नेपालमा वि.सं. १९८० बाट सुरुआत गरिए तापनि भूमि सम्बन्धी ऐन २०२१ को प्रारम्भमा तयार पारिएको लगत नै अद्यावधिक कार्यान्वयन भएको पाइन्छ ।

नेपाल अधिराज्यको चौतर्फी विकासमा टेवा पुऱ्याउन आवश्यक पर्ने नक्साहरूको उत्पादनमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रसँग समन्वय राखी जग्गा नापजाँच ऐन २०१९ को प्रारम्भ पछि २०२१ मा सुरु भएको भूमिसुधार कार्यक्रमलाई सफलीभूत बनाउन थालनी भएको योजनाबद्ध कित्तानापी कार्यक्रमले अधिराज्यभर एकोहोरो नापजाँच कार्य सम्पन्न गरिसकेको छ । मोहीयानी हकको सुरक्षा, मालपोत असुली तथा तयार पारिएको जग्गाधनीको लगतका आधारमा हदबन्दी तोक्ने व्यवस्था आदि उद्देश्यकासाथ थालनी भएको भूमिसुधार कार्यक्रमलाई सहयोग जुटाउन सुरुआत भएको कित्तानापी कार्यक्रमले वर्तमान अवस्थामा आएर बढ्दो जग्गाजमिनको महत्त्व, अधिक शहरीकरणबाट जमिनको खण्डिकरणले हकस्वामित्वमा आइपर्ने जटिलता आदिलाई न्यूनिकरण गरी जग्गाप्रशासनलाई सरलीकरण र जनभावना अनुकुल बनाएर भरपर्दो सेवा प्रदान गर्न विशुद्ध नापनक्साको महसुस गरी पुन: नाप जाँचको कार्य थालनी गरिएको हो । यसले माननापबाट हुने त्रुटी, उपयुक्त प्रविधिको अभावमा देखा परेको त्रुटी तथा भोग र प्रमाणमा देखिएका अन्तरजस्ता समस्याहरूलाई सच्याउन ठूलो मद्दत पुऱ्याउनेछ ।

यसै उद्देश्य परिपूर्तिका लागि नापी विभाग अन्तर्गत कित्ता नापी महाशाखाको मातहतमा रही २०५७ सालमा नापी कार्यालय तत्पश्चात् ८ नं. नापी गोश्वाराको स्थापना भै हालसम्म पोउमनपा वडा नं. १ र १६ मा पुन: नाप जाँच कार्य सम्पन्न भै दर्ता तथा पुर्जा वितरण कार्य प्रारम्भ भैसकेको छ भने वडा नं. २ र ३ को पुन: नाप जाँच कार्य चालु अवस्थामा रही सूचना प्रकाशित भैसकेका क्षेत्रको विवादरहित कित्ता जग्गादर्ता गरी पुर्जा दिने कार्यको समेत थालनी भएको छ । त्यस्तै वडा नं. ४, ५, १०, ११, १२ र १३ को पुन: नापी कार्य चालु अवस्थामा छन् भने आगामी फिल्ड सिजनमा वडा नं. ६, ७, ८ र

९ नं. वडामा पुनः नाप जाँच कार्य शुरुवात गरिने लक्ष्य राखिएको छ । अत्याधिक जनसहभागिता जुटोस्, बढीभन्दा बढी जनता नापजाँच कार्यमा संलग्न रहून, जनताको सुसुचित हुने अधिकार सुरक्षित रहोस् भन्ने धारणालाई आत्मसाथ गरी नाप जाँच कार्यमा खटिनु पूर्व सो क्षेत्रमा सूचना जारी गर्ने, नापी कार्यमा खटिने सबै तहका कर्मचारीहरूलाई (Orientation Class) दिने अमिन कर्मचारीहरूलाई प्रत्येक कित्ता जग्गामा छुट्याइएको चार किल्लाको मुचुल्का तयार गर्न लगाउने र नापजाँच कार्य भैसकेपछि सम्बन्धित जग्गा धनीबाट हक स्वामित्वको प्रमाण लिएर नक्सामा हाल साविक भिडाउने । तत्पश्चात् नापी निरीक्षक, टोली प्रमुख, नापी अधिकृत र प्रमुख नापी अधिकृत समक्ष साविक र हालमा रहेका नक्साको अवस्था चेक निरीक्षण गराई सरकारी, सार्वजनिक जग्गा पूर्ण रूपले सुरक्षित राखी मसी भर्ने र नक्सामा मसी भरी सकेर पुनः सबै तहबाट चेक निरीक्षण गराएर क्षेत्रफल एकिन गर्ने फिल्डवुक कायम गर्नेजस्ता महत्त्वपूर्ण विषयमा जानकारी गराइन्छ । साथै नक्सा फिल्डवुक तयार भैसकेपछि सम्बन्धित सबैको जानकारीका लागि ७ दिने सूचना सार्वजनिक स्थलहरूमा प्रकाशित गर्ने, सूचनाको म्यादभित्र परेको उजुरी निवेदनहरूको छानविन गरी किनारा लगाउने, साविक नक्सा स्रेस्ता भिडाई सम्बन्धित जग्गाधनीको नाउँमा स्रेस्तापुर्जा तयार गरी तत्कालै पुर्जा उपलब्ध गराउने र उक्त पुर्जामा फिल्डवुकको व्यहोरा फरक पर्न गएको भए ६० दिन भित्रमा गोश्वारामा निवेदन गरी सुधार गर्न सकिने व्यवस्था गरिएको छ । सर्वसाधारणको जानकारीका लागि कार्यालय अगाडि नागरिक बडापत्र राखी प्रत्येक कर्मचारीबाट सम्पादित हुने कार्यको विवरण र उजुरी सुन्ने नुडल अधिकृतको समेत व्यवस्था गरिएको छ । "भ्रष्टाचार विरुद्धको प्रतिबद्धता, सुशासनकालागि कटिबद्धता" भन्ने मूल मन्त्रकासाथ पोखरा उपमहानगरपालिका क्षेत्रभित्रको पुनः नापजाँच कार्यमा जुटेको यस ८ नं. नापी गोश्वाराले पारदर्शी तरिकाबाट सामूहिक निर्णय गर्ने परिपाटीलाई अधिक जोड दिई यथासक्य छिटो र सरल कार्यशैली अपनाई आम जनमानसमा सुशासनको अनुभूति दिलाउने र मानवीय भूलबाट हुन जाने त्रुटीलाई समेत न्यूनिकरण गर्दै जाने लक्ष्य लिएर अगाडि बढेको छ ।

**वामदेव दीप**
प्रमुख नापी अधिकृत

# प्रतिबद्धता



पोखरेली युवा सांस्कृतिक परिवार र ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपाल पोखरा सहयोगी समूहको संयुक्त आयोजनामा सुशासनको पक्षमा भ्रष्टाचार विरुद्ध साहित्यिक अभियान २०६१ संचालन गर्ने क्रममा पोखरा स्थित १४ वटा कार्यालय मध्ये नापी शाखा, कास्कीलाई पनि छनौट गरिएकोमा खुशी लागेको छ ।

भनिन्छ, साहित्य समाजको दर्पण हो । साहित्यकारहरूको सिर्जनाले समाजका राम्रा नराम्रा विकृति र विसंगतिहरूका विरुद्ध प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सन्देश दिइरहेको हुन्छ । साहित्यकारहरूबाट १४ वटा कार्यालयहरूको अवलोकन गरी त्यति कार्यालयहरूको कार्यशैली, कर्मचारीहरूको आचारण, सेवाग्राहीको मनोभावना र धारणा बुझी रचनाहरू श्रृजना गरी ती रचनाहरू कवि गोष्ठीका रुपमा परिणत भई वाचन गर्ने सन्दर्भमा यस नापी शाखाको काम कारवाही पनि प्रतिबिम्बित हुनेछ भन्ने मलाई लागेको छ ।

यस अभियानबाट मनोवैज्ञानिक दवाव सिर्जना भई कमीकमजोरीलाई सुधार गर्दै सुशासन कायम गर्न र भ्रष्टाचार निर्मूल गर्ने काममा सम्बन्धित पक्ष र सम्बन्धित जनशक्तिमा सकारात्मक प्रभाव पर्नेछ ।

यस शाखाको कार्यमा-

(क) मालपोत कार्यालय मार्फत आउने कामहरू र

(ख) सोझै नापी शाखाबाट हुने कार्यहरू पर्दछन् ।

१) मालपोत कार्यालयबाट आउने कामहरू-

- जग्गा खरिद-बिक्री, बकसपत्र, अंशवण्डा, अदालतको फैसला, अधिग्रहण, लगत कट्टा आदि कारणले गर्दा जग्गाको स्वामित्व परिबर्तन हुने गरी कित्ताकाट गर्ने ।
- नक्सा सुधार तथा संशोधन गर्ने ।
- नापी गर्न छुट भएका जग्गा नापनक्सा गर्ने र हाल साविक भिडाउने ।

२) सोझै नापी शाखाबाट हुने कार्यहरू-

- फिल्डबुक उतार, प्लट रजिष्टर उतार ।

- नक्सा प्रिन्ट ।
- नक्सा ट्रेस ।
- फिल्ड रेखाङ्कन ।
- कित्ता एकीकरण गर्ने ।
- कित्ता नक्सा Parcel Map तयार गर्ने (नापी विभागले तोकेको क्षेत्रमा मात्र) ।
- क्षेत्रफल ट्रायल चेक गर्ने छन् ।

बढी जनसम्पर्क हुने कार्यालयहरूमध्ये नापी शाखा पनि एक हो । शिक्षित, सचेत, अनपढ, असहाय, विधवा, गरीब, धनी, पहुँचवाल र जनसाधारणलाई ऐनकानुन, नीतिनियम, मन्त्रालय, विभागजस्ता उपल्ला निकायहरूको निर्देशन आदेश पालना गर्दै निष्पक्ष र समानरुपले जनताको सेवा गर्नु यस शाखाको प्रमुख कर्तव्य हो ।

देशको वर्तमान असहज परिस्थितिले गर्दा जनता आकुलव्याकुल भएका छन्, अशान्त र चिन्तित् छन् । उनीहरू शान्तिको स्वास फेर्न चाहन्छन् । यस्तो परिस्थितिमा जनताका कार्यहरू छिटोछरितो पारदर्शी र सरल हुन्छन्, लाग्ने दस्तुर राजश्व एकिन हुन्छ, कुनै दुःख हुँदैन भन्ने अनुभूति दिलाउन सक्नु नै सुशासनको पक्षमा एउटा टेवा दिनु हो भन्ने मलाई लागेको छ । यसका लागि नापी शाखा कास्की सदा हर किसिमले सहयोग गर्नेछ भन्ने विश्वास दिलाउन चाहन्छ ।

अन्त्यमा, यो अभियान एउटा शुभकार्यको रुपमा देखापरेको छ । त्यसैले यो प्रशंसनीय कार्य पनि हो । यस अभियानले सुशासन कायम गर्न र भ्रष्टाचार निर्मूल गर्न अवश्य नै एउटा भरोसा लाग्दो कदमको रुपमा सफल हुनेछ भन्ने अपेक्षा राखेको छु ।

**भरतराज आचार्य**
**निमित्त नापी अधिकृत, नापी शाखा, कास्की**

# सुशासनको पक्षमा र भ्रष्टाचार निर्मूलको लागि हाम्रो प्रतिबद्धता

स्थानीयस्तरबाट साहित्य, कला, सङ्गीत र संस्कृतिको विकासमा संलग्न रहदै आएको पोखरेली युवा सांस्कृतिक परिवार, पोखराले सुशासनको पक्षमा तथा भ्रष्टाचार विरुद्ध साहित्यिक अभियान २०६१ संचालन गर्न लागेको सुखद् समाचार सुन्न पाउँदा म अति नै हर्षविभोर भएँ । यस ऐतिहासिक एवम् साहसिक कदमले सफलता तथा निरन्तरता पाउन सकोस् भन्ने शुभकामना यो केन्द्रले दिन चाहन्छ ।

नेपाल विद्युत प्राधिकरण नेपालको अथाह जलशक्तिलाई विद्युतशक्तिमा रुपान्तरण र त्यसको कार्यमा संलग्न रहेको एक विशिष्ट अर्धसरकारी संस्था हो । देशको आर्थिक, सामाजिक विकासमा यसले अहम् भूमिका खेलेको कुरामा दुईमत नहोला । सार्वजनिक स्वामित्व र उत्तरदायित्व भएका यस संस्थाको पनि आफ्नै चुनौती तथा समस्याहरू छन् । त्यसो भए तापनि यसको समाधानका लागि यससित सम्बन्धित क्षेत्र एवं जनताको सहयोगको आवश्यकताको अपेक्षा गरिएको छ । यो सबै विषयहरू आ-आफ्नो स्थानमा रहँदारहँदै पनि ने.वि.प्रा.ले नेपाल अधिराज्यभरि नै आफ्ना शाखा एवं प्रशाखाहरूको विस्तार गरेको छ ।

यस पोखरा वितरण केन्द्रले ग्राहकलाई अधिकतम् सेवा एवम् सुविधा दिन समयसापेक्ष कम्प्युटरको उपयोग गरेको छ । जस्तै: कम्प्युटर विलिंगका अतिरिक्त लेजर, काउण्टर आदि स्थानमा पनि कम्प्युटरको व्यवस्था गरिएको छ । यसका साथै ग्राहकलाई घण्टौंसम्म लाइनमा उभिन नपरोस् भनी टोकन डिस्प्ले र बस्ने बेन्चको व्यवस्था गरिएको छ । यसका अतिरिक्त हाम्रो प्रत्यक्ष जनसम्पर्क हुने स्थान : ग्राहक सेवा, नोलाईट, सिकायत आदि फाँटहरू पनि रहेका छन् । यी सबै फाँटहरूले गर्ने कार्य र कार्याविधि निम्नानुसार रहेको छ ।

क) नोलाईट : फ्यूज सेवा, जलेको मीटर बदली, अन्य भैपरी आउने कार्य । यी सबै कार्यहरू सूचना पाएको २४ घण्टा भित्र शहरी क्षेत्रमा र ३ दिनभित्र ग्रामीण क्षेत्रमा सम्पन्न गरिनेछ ।

ख) नयाँ ग्राहक : नयाँ विद्युत जडान र क्षमता थपघट ग्राहकले रीतपूर्वक आवेदन दिए र सेवा दस्तुर प्राप्त भएको मितिले ७ दिनभित्र नयाँ विद्युत मीटर जडान गरिने छ ।

ग) ग्राहक सिकायत:

- सर्भिस तार बदली, मीटर बदली, एम.सी.बी. बदली आदि । यी सम्पूर्ण कार्यहरू शर्त पूरा गरी निवेदन परेका खण्डमा २४ घण्टाभित्र कार्य सम्पन्न गरिने छ ।
- ठाउँ सारी, लगत खारेज आदि कार्य । यी सम्पूर्ण कार्यहरू सर्त पूरा गरी निवेदन परेका खण्डमा १ हप्ताभित्र कार्य सम्पन्न गरिने छ ।

यसरी ग्राहकहरूसित प्रत्यक्ष सम्बन्धित कार्यहरू यथासमयमा सम्पन्न गर्न यस वितरण केन्द्र दत्तचित एवम् सुचारु रुपमा लागिपरेको अवगत् हुन आउँछ । यसका अतिरिक्त यस केन्द्रले भैपरी आउने ग्राहकका अन्य कार्यहरू पनि सम्पन्न गर्ने गरेको छ । तर यी सबै कार्यहरू ग्राहकको सेवामा पर्याप्त छन् भन्न सकिदैन । केही कमिकमजोरीहरू पनि रहनसक्ने कुरालाई नकार्न सकिँदैन । यसका बाबजुद पनि ने.वि.प्रा., पोखरा वितरण केन्द्र आफ्ना ग्राहकहरूलाई चाहिंदो सेवा प्रदान तथा कार्यालयमा हुन सक्ने अनियमिततालाई कम गर्न सक्दो प्रयासरत् रहनुका साथै सुशासनको पक्षमा र भ्रष्टाचार निर्मूलको लागि हाम्रो प्रतिबद्धता जाहेर गर्दछ ।

**बद्रीनारायण साह**
केन्द्र प्रमुख
पोखरा वितरण केन्द्र
नेपाल विद्युत प्राधिकरण

# कार्यकारी अधिकृतको पहल सम्बन्धमा प्रतिबद्धता

पोखरा उपमहानगरपालिका कार्यालय एउटा जनप्रतिनिधिमूलक संस्था हो । नगरवासीहरूको आशा र भरोसाको केन्द्र मात्र नभई स्थानीय समस्या समाधानको महत्वपूर्ण थलो हो भन्ने संस्थागत् महत्वलाई मैले बुझेको छु । विगतका कार्यकारी अधिकृतहरूले अपनाएका कार्यशैलीमा मैले समयसापेक्ष रुपमा धेरै परिवर्तन र सुधार गर्दै आइरहेको छु । पारदर्शिता र सार्वजनिक उत्तरदायित्वका भावना र मर्मलाई केवल गोष्ठी र भाषणहरूमा मात्रै अल्झिरहेको अवस्थामा मैले यस न.पा.को वार्षिक नीति, वजेट तथा कार्यक्रम एवं कार्य प्रक्रियालाई विगतमा भन्दा अझ पारदर्शी गरेको छु । यो कुरा पोखराका नगरवासीले पक्कै अनुभव गरेको हुनुपर्छ । विगत वर्ष कर्मचारीले स्थानीय निकाय नेतृत्व गरेको समयमा मैले करीब ७ महिना नगरप्रमुखको जिम्मेवारी पालना गरेको अवधिमा नगरवासीबाट गुनासो आएको थिएन । राज्यको विशेष परिस्थितिमा अब फेरि मैले नगरप्रमुखको समेत जिम्मेवारी पाई हाल कार्य संचालन गरिरहेको छु ।

नगरवासीलाई वितरण गरिने सार्वजनिक सेवाको गुणस्तर र छिटो समयमा कार्य गरी पठाउने कुनै कार्यालय छ भने त्यो पो.उ.म.न.पा. नै हो भन्ने मलाई विश्वास छ । न.पा. जनताको कार्यालय हो भन्ने अनुभूति गराउने काममा म सदैव प्रयत्नरत छु । नगर क्षेत्रका विकास आयोजनाहरूमा पनि अधिकांश योजनाहरूको कार्यान्वयन जनसहभागिता जुटाई उपभोक्ता समितिहरूको सक्रियतामा भइरहेको छ । पोखरा नगरको पत्रपत्रिका र संचार माध्यममा बढी चर्चा र प्रचार हुने संस्था नै न.पा. भएको छ । नागरिक बडापत्रको स्वीकृत प्रक्रियालाई सेवाग्राही जनताबाट पनि राम्रै अभ्यास भएको छ । न.पा. कार्यालयभित्र सेवा प्रदान गर्ने कर्मचारीहरूलाई आफ्नो पदीय आचरण पालना गराउन मैले आफ्नो सम्पूर्ण दक्षता र अनुभव प्रयोग गरिरहने छु । भ्रष्टाचारको विरुद्ध र सुशासनका पक्षमा म स्वयम् कलम चलाउने व्यक्ति भएकाले यसमा मेरो प्रतिबद्धता कम हुने कुरै छैन ।

**केदारबहादुर बोगटी**
कार्यकारी अधिकृत
पोउमनपा, कार्यालय

# सुशासनको पक्ष र भ्रष्टाचार विरुद्ध नेपाल टेलिकमको प्रतिबद्धता



विद्युतीय शक्तिको माध्यमबाट एक ठाउँबाट अर्को ठाउँमा खबर आदानप्रदान गर्ने प्रविधिलाई दूरसंचार भनिन्छ । वि.सं. २०१६मा दूरसंचार विभागबाट शुरु भएको यसको इतिहास दूरसंचार समिति, दूरसंचार संस्थान हुँदै हाल दूरसंचार कम्पनीमा परिणत भएकोछ । पोखरामा वि.सं. २००७ मा आकाशवाणी सेवाबाट शुरु भएको संचार सेवा वि.सं. २०३० मा एक्सचेन्जको रुपमा विकास भएको हो । हाल यस संस्थाबाट दिइने मुख्य सेवाहरूमा साधारण टेलिफोन सेवा (१८०००), मोवाइल टेलिफोन सेवा (१३,५००), इमेल, इन्टरनेट, भ्वाइस मेल, भिडियो टेक्स्ट, फ्याक्स, लिजलाइन, पेफोन आदि छन् ।

हालै मात्र संचालनमा आएका केही सीमित सेवाप्रदायक नीजि संस्थाबाहेक संचार सेवाको माग नेपाल टेलिकमले नै थेग्नु परेको छ । हालैका दशकहरूमा विश्व बजारमा आएको संचारक्रान्तिले नेपालमा पनि व्यापक असर पारेको छ । नेपालमा अन्य क्षेत्रहरूमा भैरहेको तुलनात्मक मूल्य वृद्धि र विकासको गतिभन्दा संचार सेवा झन्झन् सस्तो र सुलभ हुँदै गएको छ । प्राविधिक कारणले टेलिफोन वितरण प्रकृयामा देखा परेको समस्या समाधान गर्न ताररहीत नयाँ प्रविधिमा आधारित (CDMA) टेलिफोन विस्तार यसै आर्थिक वर्षको अन्त्यसम्म गर्न कार्य भैरहेको छ । तथापि देशको अस्थिर राजनीति र प्रतिकूल परिस्थितिले गर्दा गर्नुपर्ने विकास र प्रगतिमा निश्चय नै बाधा परेको छ ।

समग्रमा भन्नुपर्दा यससंस्था कम्पनीमा परिणत भैसकेपछि यसले दिने सेवालाई अझ सर्वसुलभ, छिटोछरितो र सर्वसाधारणको पहुँचसम्म पुग्ने बनाउने कार्य तदारुपकताका साथ भैरहेको छ । ग्राहकहरूसँग प्रत्यक्ष सम्पर्क हुने शाखाहरूको नियमित अनुगमन तथा निरीक्षण गर्ने र कार्यालयमा नागरिक

बडापत्र लागू गरेका छौं । राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कार र नराम्रो काम गर्नेलाई पहिलो सुधिने मौका र नसुधिएमा सजायको व्यवस्था गरेका छौं । यदि कुनै कर्मचारीबाट व्यक्तिगत् लाभ लिने उद्देश्यले ढिलासुस्ती भएमा वा कार्यमा वाधा परेमा सोझै कार्यालयमा सम्पर्क गरी उजुरी गरेमा त्यस्ता कर्मचारी उपर कारवाही गर्ने बाचा गर्दछौं । साथै यस कार्यालयको कामको शिलशिलामा कुनै जानकारी चाहिएमा असम्बन्धित व्यक्तिसँग सम्पर्क नगरी सोझै कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं । सकारात्मक कुराहरूको कम प्रचार हुने र कमीकमजोरीहरूको बढी प्रचार हुने हुनाले पनि ग्राहक वर्गहरूमा केही असन्तुष्टि रहेको कुरालाई हामी आत्मसात् गर्दछौं । हरेक समस्याले समाधानको बाटो खोज्छ भन्ने उक्तिलाई हामी भुल्दैनौं । श्रीमद्भागवत् गीतामा भनिएको छ- जसरी आगो धुवाँले घेरिएको छ त्यसरी नै कर्महरू दोषले घेरिएका छन् । हामीबाट भएका कमीकमजोरीहरू भए त्यसलाई सुधार गर्नुका साथै ग्राहक वर्गहरूबाट प्राप्त सुझाव सल्लाहहरूको उच्च सम्मान गर्दै सुशासनको पक्ष र भ्रष्टाचारमुक्त समाजको निर्माणका लागि सदैव हाम्रो सहभागिता रहने प्रण गर्दछौं ।

ई. सञ्जयराज अधिकारी
नेपाल टेलिकम
दूरसञ्चार कार्यालय, पोखरा

# सुशासनको पक्षमा तथा भ्रष्टाचारको विरुद्धमा गरिएको प्रतिबद्धता



नेपाल खानेपानी संस्थान, पोखरा शाखा कार्यालयको मूल गेटमा नै नागरिक बडापत्र राखिएको छ । त्यसमा उल्लेखित प्रक्रियालाई कडाइका साथ लागू गरिएको छ । कार्यालयमा आउने सेवाग्राहीलाई प्रत्येक कर्मचारीले सदा झैं शिष्टतापूर्वक व्यवहार गरून भनी शिष्टाचार अभियान चलाइएको छ । सेवाग्राहीले कार्यालय प्रमुखसँग भेट्नु परेमा कुनै रोकतोकविना सिधै भेट्न कार्यालय प्रमुखलाई भन्न सकिन्छ या त मूल गेटमा राखिएको सुझाव पेटिकामा गोप्य रुपमा लेखेर खसाल्न सकिन्छ । सुझाव पेटीका कर्मचारीहरूको रोहवरमा कार्यालयमा प्रमुखले मात्र खोल्ने व्यवस्था मिलाइएको छ ।

नेपाल खानेपानी संस्थान, पोखरामा नयाँ धारा वितरण केही वर्ष देखि समय तालिका मुताविक निवेदकले सम्पर्क गरेको क्रमानुसार गर्ने प्रणालीलाई नै कायम गरिएको छ । खानेपानीको मागको तुलनामा आपूर्ति कम भएको परिप्रेक्षमा प्राविधिक रुपमा सम्भव भएसम्म समानुपातिक वितरण प्रणाली लागू गर्दै जाने क्रममा कुन क्षेत्रमा कुन समयमा पानी वितरण गर्न सकिन्छ भन्ने कुरा प्राविधिक टोलीको स्थलगत् अध्ययनपश्चात् सामूहिक छलफलद्वारा निर्णय गरी चावी चालकहरूलाई चावी चलाउने समय निर्धारण गर्ने गरिएको छ । तजबीज वा स्वविवेकीय निर्णय गर्ने परम्परा हटाउँदै लगिएको छ । आगामी दिनमा पनि यसलाई अझ जोडतोडले लागू गरिनेछ ।

नगद काउण्टरमा खुद्रा पैसाको विवादलाई न्यूनिकरण गर्न चलनचल्तिमा रहेका खुद्रा पैसा नेपाल बैंकबाट साटी काउण्टरमा राख्ने गरिएको छ । सम्भव भएसम्मका खुद्रा पैसा फिर्ता गर्ने गरिएको छ । यसलाई पूर्ण रुपमा निराकरण गर्न कम्प्युटराइज्ड बिलिङ्ग प्रणाली भई त्यसैमा घटी/बढी पैसा अकिंत गर्न मिल्ने हुनाले सो प्रणाली लागू गर्न पहल गरिएको छ । यसै आ.व.को अन्त्यसम्ममा मीटर रिडिङ्गको बिलिङ्ग प्रणाली कम्प्युटराज्ड गर्ने

कार्यको शुरुआत गरिनेछ ।

ग्राहक वर्गको माग, गुनासोलाई टेलिफोनबाट समेत टिपी ग्राहक आफै उपस्थित हुनुपर्ने स्थितिमा बाहेक अन्य कार्यमा कर्मचारीहरू आफै तोकिएको स्थानमा गई समस्या समाधान गर्ने गरेका छन् । सेवाग्राहीले सेवा पाए/पाएनन् भन्ने कुराको निक्यौल गर्नका लागि फोन नं. टिपी कार्यालयबाट नै फोन गरी सेवाग्राहीबाट जानकारी लिने गरिएको छ ।

कार्यालयको अन्य प्रशासनिक तथा आर्थिक कार्यहरू गर्दा प्रचलित ऐनकानून एवम् विद्यमान विनियमावलीहरूको कडाइका साथ पालना गर्ने गरिएको छ ।

पोखरावासीलाई यस नेपाल खानेपानी संस्थानबाट प्राप्त हुने सेवा प्राप्त गर्दा कार्यालयमा तिर्नुपर्ने नियमानुसारको दस्तुर (नगदी रसिद काटिएको) बाहेक अन्य कुनै नगद वा जिन्सी कोही कसैलाई पनि नदिन हुन आग्रह गर्दछु । अप्ठेरो परेमा संस्थानको फोन नं. ५२००९१, ५२५४७५ र ५२०२७९ मा कार्यालय प्रमुख वा जिम्मेवार कर्मचारीलाई सिधै सम्पर्क गर्न हुन समेत अनुरोध गर्दछु ।

रमेश रिजाल
कार्यालय प्रमुख
नेपाल खानेपानी संस्थान, पोखरा

# भ्रष्टाचार र सुशासनको दोबाटो

नेपालमा अहिले भ्रष्टाचार र सुशासनको बीचमा ठूलो संग्राम चलिरहेको छ । कोही भ्रष्टाचारको पक्षमा छन् भने कोही सुशासनको पक्षमा । भ्रष्टाचारको बाटो सजिलो हुन्छ, एकछिन आनन्दमयी हुन्छ तर कहीँकाँही चिप्लो हुन्छ र अन्तमा गएपछि ठूलो खाडल आउँछ । सुशासनको बाटो कठीन हुन्छ । ठाउँ ठाउँमा झाडीहरू पन्छाउँदै जानुपर्छ, डरलाग्दो र उराठलाग्दो उकालो डाँडो चढ्नुपर्ने हुन्छ । तर डाँडो चढिसकेपछि आनन्दमय हरियो फाँट, विकासका लहलहाउँदा बगैंचाहरू र आत्मसन्तुष्टी एवम् स्वर्गमयी चौतारामा पुगिन्छ जहाँ चारैतिर विकासैविकासका अनुभूतिहरू देख्न पाइन्छ ।

सुशासनको मार्गमा हिड्न धेरै गाह्रो हुन्छ । पछिपछि भ्रष्टाचारीहरूले पछ्याउने गर्दछन् । कतिलाई त फर्काएरै छाड्छन् । परापूर्व कालदेखि नै देवताहरूले राम्रो र सत् कर्म गर्दा राक्षसहरूले दुःख दिए झैं वर्तमान समयमा राम्रो काम गर्ने, समाजसेवा गर्ने र निस्वार्थ भावनाले सेवा गर्नेले धेरै जटिल परिस्थितिको सामना गर्नुपर्छ । अनावश्यक शंकाउपशंका गर्नेदेखि लिएर खुट्टा तान्ने काम र पुगेन भने दुष्टहरूले ठाउँठाउँमा उजुरी गरी निजको इज्जत र इमानमाथि नै धक्का पर्ने गरी कुकार्य गर्ने प्रयास गर्छन् । ठाउँठाउँमा भ्रष्टाचारको मह चटाएको हुनाले सम्बन्धित ठाउँहरूबाट पनि निजलाई धेरै सोधपुछ र दुःख दिने काम हुन्छ । तर सत्यको कहिल्यै हार हुँदैन । हामीले गरेका कामहरू यहाँ कसैले देखे पनि नदेखे पनि ईश्वरले देखिरहेका हुन्छन् । एक न एकदिन उनले भ्रष्टाचारी, दुराग्रही र देशद्रोहीलाई अवश्य नै मानसिक, आर्थिक र भौतिक कारवाही गर्दछन् । प्रत्येक भ्रष्टाचारीले यसको प्रमाण पाएकै छ ।

नेपालमा प्रशासन तथा नियमहरु धेरै कमजोर छन् । प्रशासनको कुनै शिक्षा वा तालिम नलिएको व्यक्तिलाई प्रमुखको पदमा आसिन गराइदिने र उसबाट भ्रष्टाचारीले आफूले चाहेअनुसारको काम गराउने, भ्रष्टाचारीले जे जति भ्रष्टाचार गरे पनि कानुनी रुपमा प्रमाणित गर्न गाह्रो हुने, ऊ समाजमा शिवजीको साँढे भएर हिड्ने र जसले जसलाई उजुरी गरे पनि हुने तर कारवाही भएमा उजुरी पर्ने व्यक्तिलाई मात्र हुने, उजुरी गर्ने व्यक्तिलाई कुनै

कारबाही नहुने, कुनै काम, ठेगाना नभएको व्यक्तिबाट पनि उजुरी लिंदा अनावश्यक दु:ख दिने प्रचलन पनि बढेको पाइन्छ । यदि सत्यता छ भने त्यो सच्चा नागरिकले आफ्नो नाम, ठेगानासहित सत्य कुरा व्यक्त गर्न वा उजुरी दिन सक्नुपर्छ । नेपालमा सुशासन ल्याउने नै हो र नेपालको विकास गर्ने हो भने हामी नेपालीले आफ्ना धेरै बानीहरूमा सुधार ल्याउनुपर्छ । प्रशासनमा पनि धेरै सुधार ल्याउनुपर्छ । जनसाधारणमा पुऱ्याउने सेवाहरु पारदर्शी रुपले प्रदान गर्नुपर्छ । गलत प्रवृत्तिमा लागेका तथा भ्रष्टाचारलाई ढाकछोप गरी सुशासनमा लागेका व्यक्तिलाई पथ भ्रष्ट गर्न व्यक्ति वा कर्मचारीलाई प्रशासनिक सजाय मात्र होइन सामाजिक सजाय पनि दिनुपर्छ । राम्रो कार्य गर्ने व्यक्ति वा कर्मचारीलाई सरकार एवम् प्रशासनले पनि सहयोग गरी निजलाई कदर गर्नुपर्छ । तर बिडम्बना त यो छ कि नेपालमा जसले भ्रष्टाचार गऱ्यो उसैको डाँको ठूलो हुन्छ । उसैलाई प्रशासनले पनि इज्जत दिएको हुन्छ, सुरक्षा दिएको हुन्छ । उसको एक इशारामा सत्यवादी हरिशचन्द्रलाई पनि सजाय दिई मसानघाटमा पुऱ्याइन्छ । एक सच्चा नागरिकको हैसियतले देशको सेवा गरी नेपालको नाम विश्वमा उज्जल पार्ने हामी सबैको साझा कर्तव्य हो । हामी आजैदेखि यस पुण्य कार्यका लागि जुटौं र सुशासनको लागि लड्दै भ्रष्टाचारलाई धराशायी पारौं ।

डा. कालु शर्मा सुवेदी
मेडिकल सुपरिन्टेन्डेन्ट
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा

# सुशासनको पक्षमा र भ्रष्टाचारको विरुद्धमा प्रतिबद्धता



कार्यालयको आन्तरिक व्यवस्थापन, नागरिक बडापत्र कार्यालयबाट प्रदान गरिने नागरिक सेवा, सुविधाहरू रूपले प्रदान गर्ने प्रतिबद्धता गर्दछु । कुनै पनि किसिमका तत्काल नै निरूपण गर्ने कार्यमा सदा तत्पर रहने सेवाग्राहीलाई प्रदान गर्ने सेवा निष्पक्ष रूपमा, समयमा गर्ने प्रतिबद्धता गर्दछु । सुशासनको पक्षमा नियम क विना मोलाहिजा, विना भेदभाव र विना आर्थिक प्रलोभनमा परी सम्पादन गर्ने प्रतिबद्धता गर्दछु । नागरिक समाजको आवाज करदाताको सेवा गर्ने नै विषय प्रमुख ध्येय रहनेछ । भ्रष्टाचार उन्मुलन र सुशासन पक्षमा सदा नै कर्मशील रहनेछु । स्वच्छ प्रशासन, सेवाग्राहीको सम्मान गर्ने कार्यमा कतैबाट सुझाव प्राप्त भएमा वा कतै त्रुटी भएमा सोको निराकरण गर्ने पहल कदमी तर्फ सदैव सचेत र सतर्क रही इमानदारीपूर्वक आफ्नो दायित्व निर्वाह गर्ने प्रतिबद्धता एवम् वचतबद्धता यसै मार्फत व्यक्त गर्दछु ।

**श्यामप्रसाद कोइराला**
प्रमुख वा अधिकृत
आन्तरिक राजश्व कार्यालय, पोखरा

# सुशासन र बैंकिङ्ग क्षेत्रमा हुने भ्रष्टाचारविरुद्ध प्रतिबद्धता



देशमा रहेका सामाजिक तथा आर्थिक श्रोतह परिचालन गर्दा सरकारी कृयाकलापहरूलाई जनताव इमान्दारिता, समानता, पारदर्शिता, प्रदर्शन गर्नु नै सुशा सन्दर्भमा सुशासन घरदेखि देश विकासमा समेत आ पक्षमा गरिने सरकारी प्रतिबद्धताहरू नेपालको सन्द असफल भई जनताको पक्षमा विकासका सुविधाहरू वितरण गर्न सकिरहेको छैन । हाम्रो देशलाई आर्थिक सहयोग गर्ने दातृसंस्थाहरूले समेत असल शासनतर्फ सचेत बनाइरहेका छन् । अठारौं शताब्दीको अन्तमा असल शासनको कारणबाट नै विश्व बैंकले विकासशील देशहरूको आर्थिक अवस्था सुधार्न सफल भएको थियो ।

असल शासनको बारेमा नेपाका अनुसन्धानकर्ताले भन्ने गरेका छन् कि गरिबी मुलुकहरूमा सुशासनको व्यवस्था लागू गर्न कठिन विषयवस्तु हो । सुशासनको लागि राजनीतिक प्रतिबद्धता हुन आवश्यक छ । वातावरण अनुकूल हुन आवश्यक छ । असल शासन तब सम्भव छ जब देशको सम्पूर्ण स्रोतहरूलाई पूरापूर प्रयोगमा ल्याउन सकिन्छ । समानुपातिक विकासको अवधारणलाई अपनाउनुपर्छ । जनशक्तिलाई नैतिक, चरित्रवान् बनाउन सक्नुपर्दछ । देशमा नयाँ टेक्नोलोजी भित्र्याउनुपर्छ । राम्रो सेवा दिन सक्नुपर्छ साथै सेवाको ग्यारेण्टी सम्बन्धमा जनता विश्वस्त हुनुपर्छ । सारंशमा भन्नुपर्दा असल शासनले त्यस देशमा जनताको मानवअधिकार नागरिक अधिकार, आर्थिक राजनीतिक अधिकारको पहिचान गराउँदछ ।

नेपालको सन्दर्भमा भन्नुपर्दा परिवर्तन भैरहने सरकारको कारणबाट देशको प्रशासनिक क्षेत्रमा पर्ने असरबाट सुशासनलाई असर परिरहेको छ ।

नेपालको बैंकिङ्ग क्षेत्रमा पनि सुशासनको कमी नभएको होइन । जसको फलस्वरुप आर्थिक सुधार कार्यक्रमअन्तर्गत श्री ५ को सरकारको दुई ठूला वाणिज्य बैंकहरूको व्यवस्थापन विदेशी कम्पनीलाई करारमा व्यवस्थापकीय

सुधारको लागि गुहार्नुपऱ्यो । व्यवस्थापकीय सुधार भन्नाले बैंकका कृयाकलापहरू सुशासनअनुरुप हुनुपर्ने भन्ने खोजिएको हो । पुराना यी वाणिज्य बैंकहरूमा सुशासनको कमी हुनाका कारक तत्त्वहरूमा पुरानो मानसिकताबाट ग्रसित जनशक्ति, काम गर्ने पुरानो शैली, कर्मचारीहरूमा आर्थिक लाभ गर्ने लालसा, अदृश्य जनशक्ति नै कारक तत्वहरू हुन् । व्यवस्थापन करारमा दिएपश्चात बैंकिङ्ग क्षेत्रको सुशासमा सुधार हुन गई आर्थिक वर्ष २०६०/०६१ मा नेपाल बैंक लिमिटेडले ७१ करोड ८० लाख र राष्ट्रिय वाणिज्य बैंकले १ अरब मुनाफा गर्न सफल भएको छ ।

आर्थिक कारोवार हुने संस्थाहरूमा समेत भ्रष्टाचारका खबरहरू अखबारमा प्रशस्तै आइरहेका छन् । आज मुलुकमा भ्रष्टाचार छैन भनी कुनै पनि कार्यालय, संघ-संस्थाले भन्नसक्ने स्थिति छैन । नेपालमा भ्रष्टाचार र कुशासन हुनुमा कानुन नै नभएर भ्रष्टाचार नरोकिएको भन्न सकिने आधार छैन । त्यस्ता दावी भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित हाम्रा कानुनी व्यवस्थाहरूसँग मेल खाँदैन । हरेक निकायका आ-आफ्नै क्षेत्रगत र विषयगत कानुन, नियमभित्र प्रवेश नगरी 'भ्रष्टाचार निवारण ऐन २०१७' र 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८' लाई मात्रै हेरे पनि स्पष्ट हुनेछ । भ्रष्टाचार रोक्न चाहने हो भने कानुनको अभाव छैन यो देशमा ।

कर्मचारीले आफ्नो ओहोदाको काम वापत कानुनी पारिश्रमिकबाहेक अरु घुस लिनु हुँदैन । लिए २ वर्षदेखि ६ वर्ष कैद, जरीवाना वा दुवै हुन्छ र त्यो घुस जफत गरी सरकारी कोषमा दाखिल गर्नुपर्दछ । यति मात्र होइन कर्मचारीहरूलाई प्रभाव पार्न अरु कसैले घुस दिएमा पनि कारवाही हुने व्यवस्था गरेको छ । 'भ्रष्टाचार निवारण ऐन २०१७' ले त्यही कानुनअनुसार कुनै राष्ट्रसेवकले आफ्नो कार्यालयको कामसँग सरोकार भएको कुनै व्यक्तिबाट आफ्नो वा अरु कसैको निम्ति सरकारको अनुमतिविना कुनै मानववस्तु कोसेली उपहार वा सहायताको रुपमा वा जानीजानी कम मूल्यमा लिनु हुँदैन । लिए ६ महिनादेखि ३ वर्षसम्म कैद हुन्छ । बैंकबाट ऋण स्वीकृत गरिदिए वापत घुस माग्नेलाई कठघरामा उभ्याउन यही प्रावधान पर्याप्त छ । जहाँसम्म भ्रष्टाचार विरुद्ध मेरो अभियान छ, म कार्यरत् संस्थामा हरेक कर्मचारीलाई कामको बाँडफाँड गरी हरेक कर्मचारीलाई कामको दायित्वबोध गराएको छु । "Right man Right Place" को आधारमा लागू गरेको छु । कामलाई

गुणस्तर पारदर्शी बनाउन कर्मचारीलाई तालिम (Training)को व्यवस्थाको लागि पहल गरिरहेको छु । ऋण प्रवाहमा कसैले सो वापत कोसेली लिएको छ/छैन मैले सावधानीपूर्वक (Watch Dog) को रुपमा हेरिरहेको छु ।

नयाँ व्यवस्थापनले गर्न खोजेको कार्य सम्पादन (Performance)को आधारमा कर्मचारीको मूल्याङ्कन र नीतिनियमको विरुद्धमा जाने कर्मचारीलाई Hire and fire को रणनीति अपनाएको छु ।

वास्तवमा सुशासन कायम गर्न र भ्रष्टाचार निर्मूल गर्न हरेकले आ-आफ्नो क्षेत्रबाट प्रतिबद्धता जाहेर गर्नुपर्दछ । साथै उक्त नैतिक चरित्रको निर्माण गर्न सक्नुपर्दछ । तल्लो तहदेखि माथिल्लो निकायसम्म आपसी सम्झौता पारदर्शीताको माध्यमबाट काम हुन सके सुशासनको साथै भ्रष्टाचार निर्मूल हुन सक्छ ।

**किरणकुमार श्रेष्ठ**
शाखा प्रबन्धक
नेपाल बैंक लिमिटेड, पृथ्वीचोक, पोखरा

# सुशासनप्रतिको प्रतिबद्धता

जनताको इच्छा, आकांक्षा, चाहनाअनुसार संचालन गरिने शासनलाई सुशासनको रुपमा हेर्ने गरिन्छ । छिटो, छरितो, भरपर्दो, जवाफदेही पादर्शी किसिमले शासन संचालन गरिने परिपाटीलाई नै असल शासन भनिन्छ ।

कुनै पनि मुलुकको शासन व्यवस्था कति सफल छ कति असफल छ भन्ने सन्दर्भमा विचार गर्दा उक्त देशमा सरकार वा सरकारका विभिन्न संयन्त्रहरूले जनतालाई कसरी सेवा पुऱ्याइरहेका छन् भन्ने विषयवस्तुलाई हेरिन्छ । कुनै पनि सरकारी कार्यालयहरूमा जनतालाई पुऱ्याइने सेवा, सुविधा सम्बन्धमा नागरिक बडापत्रको व्यवस्था गरिएको छ कि छैन ? राष्ट्रसेवक कर्मचारीहरू जनताप्रति कत्तिका उत्तरदायी छन् ? जनताका समस्याहरूलाई गम्भीरतापूर्वक सुन्ने तथा उक्त समस्याहरूको समाधान सम्बन्धमा कत्तिका जवाफदेहीपूर्ण कार्य सम्पादन गरिन्छ भन्ने विषयवस्तुहरूलाई आधार बनाइएको पाइन्छ ।

सुशासनको सम्बन्धमा विगत केही समय यता विभिन्न कार्यालयहरूमा केही राम्रा कार्यहरू भएका छन् भन्ने सुन्नमा आएको पाइन्छ र केही हदसम्म जनताहरूले पनि अनुभूति गरेको हुनुपर्दछ ।

सुशासनको सन्दर्भमा हाम्रो यस यातायात व्यवस्था कार्यालय, गण्डकी पोखरामा पनि केही सुधारात्मक कार्यहरू भएका छन् । उदाहरणको रुपमा जनतालाई प्रदान गरिने सेवाहरू सम्बन्धमा नागरिक बडापत्रको व्यवस्था गरिएको छ । त्यसैगरी श्री ५ को सरकारको श्रोत र साधनको कमीबाट कार्यालयबाट उपलब्ध हुन नसक्ने विभिन्न फारामहरू सरकारी नीतिअनुसार नै (Non Profit motive) का संस्थाहरूलाई Nominal, मूल्यमा उक्त फारामहरू उपलब्ध गराउने सिलसिलामा अन्धा संघले उक्त कार्य श्रावणको तेश्रो हप्ताबाट यस कार्यालयको परिसरबाटै सुलभ रुपमा उपलब्ध गराइरहेको छ ।

त्यसैगरी सुशासनकै सन्दर्भमा जनतालाई कसरी छिटो, छरितो र सुलभ, किफायती किसिममले सेवा दिने भन्ने सिलसिलामा सरकारी नीतिअनुसार नै चिकित्सकले उपलब्ध गराउने निरोगिताका प्रमाणपत्र (जन स.चा.अ.प.का. लागि आवश्यक पर्छ) लाई पनि कम मूल्यमा यस कार्यालयको हाता वरिपरिबाट उपलब्ध गराइने छ । सोही अनुसार स.चा.अ.प.को कम्प्युटर टाइपिङ र

लेमिनेशन पनि छिट्टै नै सुपथ मूल्यमा उपलब्ध गराउने व्यवस्था हुने भएको छ ।

आगामी दिनहरूमा पनि नागरिक समाजको सुझाव, सल्लाह बमोजिम नै यस कार्यालयबाट प्रदान गरिने सेवाहरूमा अझ सर्वसुलभ, छिटो छरितो र पारदर्शी किसिमले उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । हाम्रो यस कार्यालयबाट हुने गरेका कमीकमजोरीहरूलाई हटाउँदै लगिने । हाम्रो सेवा प्रदायीहरूलाई छिटोछरितो किसिमले सेवा पुऱ्याउने सन्दर्भमा जनशक्तिको पनि अभाव खटकिरहेको सन्दर्भमा यसलाई पनि छिटो भन्दा छिटो परिपूर्ति गरी व्यवस्थापनमा सहज बनाइने छ । अन्तमा आगामी दिनहरूमा सुशासन दिलाउने सन्दर्भमा हाम्रो यस कार्यालयबाट भ्रष्टाचार मुक्त किसिमले सेवा सुविधाहरू दिलाउने कटिबद्धता रहने प्रण गर्दछु ।

रुद्रबहादुर मल्ल
कार्यालय प्रमुख
यातायात व्यवस्था विभाग, गण्डकी, पोखरा

# जिल्ला प्रहरी कार्यालय कास्कीद्वारा सुशासनको पक्षमा र भ्रष्टाचारविरुद्धमा चालिएका कदमहरू



सत्य सेवा सुरक्षणम्को मूल मर्मलाई आत्मसात् गर्दै नेपाल प्रहरी आफ्नो उद्देश्य प्राप्तिको लागि सदैव कृयाशील रहँदै आएको छ। अपराध अनुसन्धान, नियन्त्रण तथा शान्ति, सुरक्षा कायम गरी देश विकासमा टेवा पुऱ्याउनु प्रहरीको प्रमुख दायित्व एवम् कर्तव्य रहेको छ । सीमित स्रोत साधनको बाबजुद पनि नेपाल प्रहरीले विभिन्न चुनौतीहरूसँग मुकाविला गर्दै आम नागरिकको हितको लागि सदैव आफूलाई समर्पित गरेको तथ्य सर्वविदितै छ ।

मुहान स्वच्छ नभए स्वच्छ पानीको अपेक्षा गर्न प्राय: सम्भव नहोला । वर्तमान समयमा प्राय: विभिन्न निकाय क्षेत्रमा सुशासनको चर्चाले प्रश्रय पाउनुमा सुशासनको कमी भएको आभास प्रष्ट हुन्छ, यो यथार्थ हो । अन्य निकायको बारेमा चर्चा नगरी म आफ्नो संगठनको बारेमा अर्थात् यस कास्की जिल्ला प्रहरी कार्यालयको तर्फबाट आफ्नो र मातहत प्रहरी इकाईको सम्बन्धमा सुशासन र भ्रष्टाचारको विषयमा केन्द्रित हुन चाहन्छु ।

वास्तवमा "सुशासन" एक व्यक्ति एक निकायले मात्रै कायम गर्न असम्भव छ, न कि कठोर कानुन, आचारसंहिता वा नीतिनियमको तर्जुमा गरेर । जबसम्म प्रत्येक राष्ट्रसेवक कर्मचारीको मानसपटलमा विवेक, इमान्दारिता, सदाचार, सेवाको भावना, राष्ट्रपतिको स्नेहको भावना जागृत हुँदैन तथा आमनागरिक समाज पनि सचेत हुँदैनन् तबसम्म सुशासनमा प्रश्न चिन्ह खडा हुन पुग्दछ ।

**सुशासनको पक्षमा चालिएका कदमहरू:**

१. नागरिकको व्यक्तिगत स्वतन्त्रता तथा मानवअधिकार संरक्षणको लागि अनावश्यक रुपमा, पर्याप्त प्रमाणविना कोही कसैलाई पक्राउ नगर्ने ।

२. सम्बन्धित निकायको अनुमतिविना २४ घण्टाभन्दा बढी समय प्रहरी

हिरासतमा मानिस नराख्ने ।

३. प्रहरी हिरासतमा रहेको व्यक्तिलाई शारीरिक तथा मानसिक यातना दिने कार्यलाई निरुत्साहित गरी प्रमाणमुखी अनुसन्धान पद्धतिको विकास गरिएको ।

४. प्रहरीको क्षेत्राधिकारभित्र नपर्ने विषयवस्तु भएका उजुरी, निवेदनका सम्बन्धमा निवेदकलाई अन्य कानुनी उपचारको लागि सम्बन्धित निकायमा जाने व्यहोराको जानकारी गराउने गरिएको ।

५. शान्ति, सुरक्षासँग जोडिएका सामाजिक अपराध तथा सामान्य प्रकृतिका विवादका सम्बन्धमा स्थानीय भद्रभलाद्मी, पक्षविपक्षलाई उपस्थित गराई छलफल गराउने र नैतिक दायित्वको आधारमा एक आपसमा मेलमिलाप गराउने नीति लिइएको ।

६. महिला तथा बालबालिका विरुद्ध हुने अपराधका सम्बन्धमा पीडितको गोपनीयता तथा संवेदनशीलतालाई मध्यनजर राखी 'महिला सेल' को स्थापना गरी कार्य संचालन गरिएको ।

७. स्थानीय नागरिक समाजका व्यक्तिहरूसँग हातेमालो गरी आफ्नो टोल, इलाकामा विद्यमान विकृति, विसंगतिहरूलाई स्थानीय रुपबाटै हटाइ आदर्श समाज निर्माणको लागि सामुदायिक प्रहरी सेवा केन्द्रको स्थापना गरिएको छ । (सामुदायिक प्रहरी सेवा केन्द्र, पृथ्वीचोक, माटेपानी र बैदाम)

८. पोखरा पर्यटकीय क्षेत्र भएको कारण भ्रमणमा आएका पर्यटकहरूको समस्या समाधानार्थ व.प्र.का. बैदाममा पर्यटक प्रहरीको स्थापना गरी सेवा प्रदान गर्दै आएको ।

९. लागू औषध दुर्व्यसनी, सडक बालबालिकाहरूलाई सम्बन्धित संघ-संस्था, स्थानीय आमा समूहसँग सम्पर्क, समन्वय गरी सुधार गृह तथा उपचार केन्द्रमा राख्ने कार्य भएको । साथै लागूऔषध नियन्त्रण गर्नको लागि मजकुर क्षे.प्र.ई.का. पोखरामा लागूऔषध नियन्त्रण शाखा स्थापना गरी कार्य शुरु गरिएको तथा यस कार्यालय समेतबाट लागूऔषध नियन्त्रण, वसारपसार, बेचविखन, सेवन, विरुद्ध विशेष कार्यक्रम लागू गरी कानूनी कारवाही समेत भैरहेको ।

१०. दैवीविपत्ति तथा अपराधिक कृयाकलाप नियन्त्रणको लागि तत्काल सहयोग पुऱ्याउने उद्देश्यले प्रहरी नियन्त्रण कक्ष स्थापना गरी सेवा प्रदान गरिदै आएको ।

११. आम नागरिकको चारित्रिक प्रमाण-पत्र सिफारिस गर्ने कार्यमा बिलम्ब

नगरिएको ।

भ्रष्टाचार विरुद्धमा चालिएका कदमहरू:

१. काम कारवाहीमा पारदर्शीता, शिघ्रता ।

२. गल्ति गर्ने प्रहरी कर्मचारी उपर विभागगीय कारवाही हुने गरेको ।

३. भ्रष्टाचारमा दुईवटा तत्व 'लिने र दिने' हुने भएकाले दिने तत्व बढी सचेत हुन आवश्यक छ ।

४. नागरिकको आफ्नो तर्फबाट जिज्ञासा, सुझाव, सूचना आदि दिनको लागि जिप्रका अगाडि उजुरी पेटिका राखिएको ।

५. मातहत प्रहरी कर्मचारीहरूद्वारा गरिने काम कारवाहीको नियमित अनुगमन, निरीक्षण गरिएको ।

६. जिल्ला प्रहरी कार्यालयबाट हुने गरिएका काम कारवाहीको बारेमा सर्व-साधारण जनताको जानकारीको लागि 'नागरिक बडा-पत्र' राखिने कार्यको थालनी भइरहेको ।

७. जिप्रका र मातहतमा रहने कुनै पनि कर्मचारीले गरेको गल्तिलाई तत्काल सम्बन्धित कार्यालय प्रमुख वा माथिको कार्यालय प्रमुखसमक्ष जानकारी दिनुहुन अनुरोध ।

"स्वच्छ प्रहरीसेवा हाम्रो प्रतिबद्धता"

**हेमराजबहादुर मल्ल**
(प्रहरी उपरीक्षक)
जिल्ला प्रहरी कार्यालय, कास्की

# सुशासनको पक्षमा तथा भ्रष्टाचारविरुद्धको साहित्यिक अभियान २०६१

(पोयुसाँप तथा ट्रान्सपरेन्सी ईण्टरनेशनल, पोखरा सहयोगी समूहको संयुक्त आयोजनामा)

सहभागिताका आचार संहिता :

१. सहभागीले आयोजकद्वारा निर्धारण गरिएको कार्यालयमा जानुपर्नेछ ।

२. आफ्नो सहभागिताको कन्फर्मेशन यसैसाथ संलग्न गरिएको फाराम भरी २ प्रति पासपोर्ट साईजको फोटोसहित २०६१।४।१५ गते भित्रमा पोयुसाँपका सचिव श्री ध्रुव श्रेष्ठ (एकता कम्प्युटर) गैह्रापाटनमा अनिवार्य रुपमा बुझाउनुपर्नेछ ।

३. सम्बन्धित कार्यालयमा पुगी सामान्य शिष्टाचारका नियमहरूलाई पालना गर्नुपर्नेछ ।

४. सम्बन्धित कार्यालयमा आयोजकद्वारा प्रदान गरिएको परिचयपत्र देखिने गरी लगाउनुपर्नेछ ।

५. आफू पुगेको कार्यालयमा उक्त दिन आफ्नो व्यक्तिगत् कामको लागि अनुरोध गर्न पाइने छैन ।

६. सम्बन्धित कार्यालयमा तपाईको आगमन बारेको सूचना आयोजकद्वारा उक्त कार्यालयमा दिइने छ ।

७. कार्यालय हाताभित्र धुम्रपान, मद्यपान गरी प्रवेश गर्न पाइने छैन ।

८. आफ्नो रचनामा सामान्यतया कसैलाई प्रत्यक्ष रुपमा पूर्वाग्रही भई उल्लेख नगरी आचरण र प्रवृत्तिको बारेमा एवं भ्रष्टाचार र सुशासनको पक्षमा रचना गर्न सकिने छ ।

९. कार्यालयमा पुगेपछि सम्बन्धित कार्यालयका कार्यालय प्रमुखसमक्ष पुगी आफ्नो उद्देश्यको बारेमा अवगत गराई कार्यालयको कक्ष अवलोकनको लागि अनुमति लिनुपर्नेछ । साथै सम्बन्धित कार्यालयका कर्मचारीहरूको अनुरोधमा खाजा, चिया तथा पानीसमेत सहभागीहरूले लिनु, खानु हुँदैन ।

१०. सम्पूर्ण सहभागीहरूलाई बिदाइ समारोह स्थल बालमन्दिरबाट सम्बन्धित कार्यालयमा पुग्न सवारीको व्यवस्था र सोही दिन २:०० बजे जिविस सभाकक्षमा हुने कवि गोष्ठीमा सहभागिताका लागि सम्बन्धित सहभागीलाई लिन सम्बन्धित कार्यालयमा आयोजकद्वारा सवारी साधनको व्यवस्था

गरिएको छ ।

११. उक्त दिन सम्बन्धित कार्यालयमा कुनै समस्या परेमा वा आयोजकबाट कुनै सहमति लिनु परेमा ९८४६०-२१६०० मा फोन सम्पर्क गर्न सकिनेछ ।

१२. सम्बन्धित सहभागी खाना, खाजा र काबु बाहिरको परिस्थिति परेमा बाहेक बिहान सम्बन्धित कार्यालयमा पुगेपश्चात् बेलुका आयोजकद्वारा पठाइएको यातायात नपुगिन्जेलसम्म सम्बन्धित कार्यालय परिसर बाहिर जानुहुँदैन ।

१३. आफ्नो रचनाको विधामा गीत, मुक्तक, कविता, गजलको माध्यम प्रयोग गर्न सकिनेछ ।

१४. सहभागीले आफ्नो १ दिनको यात्रा बारेको छोटो अनुभूति ८० शब्दमा नबढाई २०६१।५।१४ भित्रमा पोयुसांपका सचिव श्री ध्रुव श्रेष्ठ (एकता कम्प्युटर) गैह्रापाटनमा अनिवार्य रुपमा बुझाउनुपर्नेछ ।

१५. सहभागीहरूद्वारा १ भन्दा माथि ३ वटासम्म रचना गर्न सकिनेछ ।

१६. रचना सिर्जना गर्दा बढी भन्दा बढी सम्बन्धित कार्यालयमा प्रयोग हुने शब्दावलीहरू राखी सिर्जना गर्दा उपयुक्त हुन जानेछ ।

१७. सहभागी आफूले रचना गरेको सिर्जनालाई उक्त दिन आयोजना हुने कविता गोष्ठीमा प्रमुख अतिथिलाई हस्तान्तरण गर्नुपर्ने भएकाले आफ्नो रचनाको १ प्रति छायाप्रति उतार गरी राखेमा उपयुक्त हुनेछ । प्रमुख अतिथिलाई रचना बुझाउनुपूर्व रचनाको माथिल्लो भागमा सम्बन्धित सहभागीले नाम लेख्नुपर्नेछ । प्रमुख अतिथिज्यूले प्राप्त गर्नुभएको रचनाहरू कार्यक्रमको अन्तमा आयोजकलाई हस्तान्तरण गर्नुहुनेछ ।

१८. सम्बन्धित कार्यालयमा सहभागी पुगी अन्य कसैको पक्षमा वकालत एवं कसैको हक अधिकारको बारेमा विवेचना गर्न पाइने छैन । सहभागीले आफूलाई एक अवलोकनकर्ता एवम् पर्यवेक्षकको रुपमा लिनुपर्नेछ ।

१९. सहभागीहरूलाई सहभागिताको प्रमाणपत्र, पुस्तक विमोचन समारोहमा उपलब्ध गराइनेछ ।

२०. काबु बीहरको परिस्थिति परेमा बाहेक भ्रष्टाचार सम्बन्धी पोखरामा सेरोफेरोमा आयोजकद्वारा आयोजना गरिएको (लेखनाथ, हेमजा, बाटुलेचौर, छोरेपाटन) कवि गोष्ठीमा सहभागी भई आफ्नो रचना पाठ गर्न उपस्थित हुनुपर्नेछ । (पोखराको सेरोफेरोमा आयोजना हुने कवि गोष्ठी सार्वजनिक बिदाको समयमा पारिनेछ भने आतेजाते सवारीको व्यवस्था एवम् कार्यक्रमसम्बन्धी पूर्व जानकारी आयोजकद्वारा दिइनेछ ।

# अभियान अन्तर्गतका गतिविधिहरू

१. मिति २०६१।०५।०५ गते अभिमुखीकरण कार्यक्रम, बालमन्दिर नदीपुरमा सम्पन्न भयो । अभियानमा संलग्न रहनुभएका साहित्यकारहरू, पो.यु.सां.प.को कार्यसमिति, टी.आई. पोखरा, सहयोगी समूहको कार्यसमिति गरी जम्मा ५७ जनाको उपस्थितिमा कार्यक्रम सम्पन्न भयो । अभिमुखीकरण कार्यक्रममा स्रोत व्यक्तिका रुपमा साहित्यकार श्री तीर्थ श्रेष्ठले 'सामाजिक आचार व्यवहार र भ्रष्टाचार', कवि तथा साहित्यकार श्री सरुभक्तले 'राष्ट्रियता र साहित्यकार एवम् कविता यात्रा एक अनुभूति' विषयमा र टी.आई. पोखरा सहयोगी समूहका सदस्य, पत्रकार श्री रविन्द्र बाँस्तोला र प्रा.डा.राधेश्याम कायस्थले 'नेपालमा भ्रष्टाचार एवम् सुशासन'का सम्बन्धमा प्रकाश पार्नुभएको थियो । पो.यु.सां.प.का अध्यक्ष ईश्वरमणि अधिकारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा क्षेत्रीय प्रशासक उमेश मैनाली टी.आई. पोखरा सहयोगी समूहका अध्यक्ष श्री आनन्दराज मूल्मीले स्वागत मन्तव्य, अभियानका संयोजक श्री भोजबहादुर जि.सी.ले कार्यक्रम माथि प्रकाश पार्नु भएको थियो भने कार्यक्रम संचालन पो.यु.सां.प.का सचिव ध्रुव श्रेष्ठले गर्नुभएको थियो ।

२. मिति २०६०।५।६ गते बिहान ८ बजे नदीपुर स्थित पार्कमा आयोजना गरिएको विदाई समारोहको प्रमुख अतिथि श्री ५ को सरकारका मुख्य सचिव एवम् साहित्यकार श्री विमल कोइरालाको आतिथ्यतामा सम्पन्न भएको थियो । सहभागी कविहरूलाई शुभ-साइतको टीका श्री कोइरालाले, सहभागिहरूको परिचयपत्र श्री आनन्दराज मुल्मीले र फाइल हस्तान्तरण साहित्यकारद्वय श्री सरुभक्त र तीर्थ श्रेष्ठले गर्नुभएको थियो । विदाइ समारोहको प्रारम्भमा अभियानका संयोजक श्री भोजबहादुर जि.सी.ले अभियानको गतिविधिका बारेमा जानकारी दिनुका अतिरिक्त निर्धारित आचारसंहिताको बारेमा सहभागीहरूलाई स्मरण गराउनुभएको थियो । प्रमुख अतिथि श्री कोइरालाको शुभारम्भ मन्तव्य पश्चात सहभागी कविहरू निर्धारित कार्यलयमा प्रस्थान गरेका थिए । विदाइ समारोहमा पो.यु.सां.प.का कार्यसमिति, टी.आई. पोखरा सहयोगी समूहका कार्यसमिति, पत्रकार, क्षेत्रीय प्रशासक श्री उमेश मैनाली, सह क्षेत्रीय प्रशासक श्री बोधराज अधिकारी, प्रहरी नायव महानिरीक्षक श्री अमर नेवाङ लगायतका महानुभावको उपस्थिति रहेको थियो । विदाइ समारोहपश्चात् सहभागी कविहरू प्रकट पगेनी

'शिव' र दीपक 'समिप' जिल्ला प्रशासन कार्यालयमा, रमेश श्रेष्ठ र इन्द्र राना 'प्रतीक' पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा लक्ष्मण थापा र कृष्ण उदासी मालपोत कार्यालयमा, अदिती शर्मा र गणेश शर्मा नेपाल विद्युत प्राधिकरणमा, विष्णु 'अल्पविराम' र हरिलाल तिम्सिना 'नेपाल खानेपानी संस्थानमा, कृष्ण भण्डारी 'मुमुक्ष' र भावसागर घिमिरे 'माइलो' नेपाल दुरसंचार संस्थानमा, कौशलचन्द्र जि.सी. र अशोक शेरचन जिल्ला नापी शाखामा, जीवन 'सागर' भण्डारी, नेपाल वैंक लिमिटेड, पृथ्वीचोक शाखामा, भोजराज न्यौपाने र माधवराज पौडेल आन्तरिक राजश्व कार्यालयमा, रुद्रबहादुर थापा जिल्ला विकास समितिमा, सूर्यचन्द्र बस्नेत र विष्णु घिमिरे पोखरा उपमहानगरपालिकामा, नारायण मरासिनी र सुमन श्रापित यातायात व्यवस्था कार्यालयमा, धनप्रसाद तामाङ र तीर्थ गुरुङ, ८ नं. नापी गोश्वारा कार्यालयमा, सर्वज्ञ श्रेष्ठ र केशु शर्मा जिल्ला प्रहरी कार्यालय गरी १४ वटा कार्यालयमा र अतिथि कविको रुपमा सरुभक्त, तीर्थ श्रेष्ठ, तेजनाथ घिमिरे, कुलबहादुर के.सी., तीर्थराज अधिकारी हेमराज पहारी पो.यु.सां.प.द्वारा सराङ्गकोट-८, लामागाउँमा निर्मित चन्द्र लक्ष्मी सृजनाग्राममा रचना सृजनाका लागि प्रस्थान गरेका थिए ।

३. मिति २०६१।०५।०६ गते दिउँसो २ बजे जिल्ला विकास समितिको सभाकक्षमा सम्पूर्ण सहभागी एवम् अतिथि सहभागीहरूले सृजना गरेका रचनाहरूलाई मुख्य सचिव एवम् साहित्यकार श्री विमल कोइरालाको प्रमुख आतिथ्यतामा विशेष कवि गोष्ठीमा वाचन गरिएको थियो । कार्यक्रमको प्रारम्भमा टी.आई. पोखराका अध्यक्ष श्री आनन्दराज मुल्मीले स्वागत मन्तव्य दिनुभए पश्चात ३७ जना कवि एवम् कवयत्रीहरूले तत्स्थानमा रचना गरेका कविताहरू वाचन गरेका थिए । पो.यु.सां.प.का अध्यक्ष श्री ईश्वरमणि अधिकारीको सभापतित्वमा सम्पन्न उक्त विशेष कवि गोष्ठीमा ७ वटा कार्यालयका कार्यालय प्रमुखहरूद्वारा आफ्नो क्षेत्राधिकार अन्तर्गत भ्रष्टाचारलाई नियन्त्रण तथा सुशासनलाई बढावा दिने प्रतिबद्धता मुख्य सचिव श्री कोइरालालाई हस्तान्तरण गर्नुभएको थियो भने १४ वटै कार्यालयका प्रमुख एवं निमित्त प्रमुख, क्षेत्रीय प्रशासक, वरिष्ठ मानवाधिकारकर्मी टेकनाथ बराललगायतका महानुभावहरूज्यूहरूद्वारा सहभागी कविहरूलाई प्रोत्साहन स्वरुप 'सुशासनको पक्षमा एवम् भ्रष्टाचारविरुद्ध तपाईंको कलम कहिल्यै नरोकियोस्' अंकित लेबल टाँसिएका डायरी वितरण गरिएको थियो । कार्यक्रम स्थलमा सरकारी कर्मचारीहरू विभिन्न संघसंस्थाका मानवाधिकारवादीहरूले हल खचाखच भरिएको थियो । २०६१।०५।१२ गते बिहान ८ बजे बेगनास युवा क्लब लेखनाथको

स्थानीय आयोजकत्वमा बेगनास बसपार्कमा सहभागी कवि कवयत्री तथा स्थानीय कविकवयत्रीहरूको सहभागितामा कवि गोष्ठी सम्पन्न भयो । बेगनास युवा क्लबका अध्यक्ष श्री कृष्ण ढुंगानाको अध्यक्षतामा सम्पन्न उक्त कवि गोष्ठीको प्रमुख आतिथ्यता लेखनाथ विकास समाजका अध्यक्ष श्री चन्द्रकृष्ण कर्माचार्यले गर्नुभएको थियो । अभियानमा संलग्न ३४ जना सहभागी एवं ८ जना स्थानीय कविहरूले काव्य वाचन गरेका थिए भने लेखनाथ नगरपालिकाका पूर्व मेयर एवं टी.आई.पोखरा सहयोगी समूहका सदस्य श्री शालिकराम पौडेल र टी.आई. पोखरा सहयोगी समूहका अध्यक्ष श्री आनन्दराज मुल्मी लगायतकाले आ-आफ्नो मन्तव्य प्रकट गर्नुभएको थियो । कार्यक्रममा स्थानीय बुद्धिजीवी विभिन्न तहका व्यक्तित्वहरू, आमा समूहका सदस्यहरू गरी ९६ जनाको उपस्थिति थियो । उक्त कवि गोष्ठी कार्यक्रम संचालन क्लवका सचिव मदन कोइराला र पो.यु.सां.प.का सचिव ध्रुव श्रेष्ठले संयुक्त रुपमा गर्नुभएको थियो ।

५. ०६१।०५।१२ गते दिउँसो ४ बजे सिद्धार्थ क्लव पोखराको स्थानीय आयोजकत्वमा चिप्लेढुंगामा संचालन भएको कवि गोष्ठीको अध्यक्षता सिद्धार्थ क्लवका अध्यक्ष श्री सुमन श्रेष्ठले गर्नुभएको थियो भने स्वागत मन्तव्य क्लवकै सचिव श्री कृष्ण मर्सानीले व्यक्त गरेपश्चात् काव्यवाचन सुरु भएको थियो । जसमा अभियानमा संलग्न २६ जना र स्थानीय १२ जना गरी ३८ जनाले काव्य वाचन गरेका थिए । उक्त कार्यक्रममा स्थानीय संघसंस्थाका प्रतिनिधिहरू, सिद्धार्थ क्लवका कार्यसमितिका पदाधिकारी एवं सदस्यहरू र स्थानीय वासिन्दाहरूको समेत गरी १०० जनाको उपस्थिति रहेको थियो । उक्त कवि गोष्ठीको प्रमुख आतिथ्यता पो.यु.सां.प.का सम्मानित आजिवन सदस्य श्री तेजनाथ घिमिरेले गर्नुभएको थियो भने कविगोष्ठीमा पो.यु.सां.प.का अध्यक्ष श्री ईश्वरमणी अधिकारी, टी.आई. पोखरा सहयोगी समुहका सदस्य श्री राजेन्द्र बाटाजू, अभियानका संयोजक श्री भोजबहादुर जि.सी. लगायतका वक्ताहरूले मन्तव्य राख्नुभएको थियो ।

६. मिति २०६१।०५।१४ गते नवनीत साहित्य सागर छोरेपाटनको स्थानीय आयोजकत्वमा छोरेपाटनमा कवि गोष्ठी सम्पन्न भयो । प्रारम्भमा सिद्धार्थचोकमा गर्ने भनिएको कवि गोष्ठी वर्षात्को कारणले गुप्तेश्वर महादेव व्यवस्थापन समितिको सभाकक्षमा सम्पन्न भएको उक्त कार्यक्रमको सभापतित्व नवनीत साहित्य सागरका अध्यक्ष श्री लक्ष्मण थापाको अध्यक्षतामा सम्पन्न भएको थियो । कवि गोष्ठीको प्रारम्भमा नवनीत साहित्य सागरका सदस्य सुश्री सुष्मा पौडेलले स्वागत गर्नुभएको थियो भने कार्यक्रममाथि प्रकाश जनप्रिय उच्च

मा.विका प्रधानाध्यापक एवं टी.आई. पोखरा सहयोगी समूहका सदस्य श्री रामबहादुर थापाले गर्नुभएको थियो । कवि गोष्ठीमा स्थानीय संघसंस्थाका प्रतिनिधिहरू, छोरेपाटन उच्च मा.वि. व्यवस्थापन समितिका अध्यक्ष श्री तीर्थराज अधिकारी, छोरेपाटन टोलसुधार समितिका अध्यक्ष श्री रविलाल शर्मालगायतका १०४ जनाको उपस्थिति रहेको थियो । अभियानमा संलग्न २६ जना र स्थानीय १२ जना गरी जम्मा ३८ जना कवि कवयत्रीहरूले काव्य वाचन गरेका थिए । उक्त कार्यक्रमको संचालन सागरका सचिव श्री डिल्लीराम भुषाल र पो.यु.सां.प.का सचिव श्री ध्रुव श्रेष्ठले संयुक्त रुपमा गर्नुभएको थियो ।

७. मिति २०६१।०५।१९ गते हेमजा साहित्य प्रतिष्ठानको स्थानीय आयोजनामा गौरीशंकर उच्च मा.वि. हेमजाको सभाकक्षमा प्रतिष्ठानका अध्यक्ष श्री कृष्णप्रसाद पौडेलको अध्यक्षतामा एवं साहित्यकार सरुभक्तको प्रमुख आतिथ्यतामा कविगोष्ठी सम्पन्न भयो । कार्यक्रमको प्रारम्भमा प्रतिष्ठानका उपाध्यक्ष श्री लक्ष्मीशरण उपाध्यायले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने टी.आई. पोखरा सहयोगी समूहका अध्यक्ष श्री आनन्दराज मुल्मीले कार्यक्रम माथि प्रकाश पार्नुभएको थियो । कवि गोष्ठीमा अभियानमा संलग्न २८ जना र स्थानीय १२ जना गरी जम्मा ४० जनाले काव्य वाचन गरेका थिए । कविता वाचनको क्रमसँगै प्रतिष्ठानका सल्लाहकार एवं अधिवक्ता रामचन्द्र त्रिपाठी, सहप्राध्यापक टीकाराम बाँस्तोला, गीतकार प्रकट पगेनी 'शिव' प्रतिष्ठानका पूर्व अध्यक्ष एवं नाटककार कृष्ण उदासीलगायतका महानुभावहरूले मन्तव्य व्यक्त गर्नुभएको थियो । कवि गोष्ठीमा हेमजा स्थित विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, सदस्यहरू, स्थानीय बुद्धिजीवी, राजनीतिज्ञ, शिक्षाप्रेमी र नागरिक समाजका १५७ प्रवुद्ध महानुभावहरूको उपस्थिति रहेको थियो । कवि गोष्ठीको संचालन प्रतिष्ठानका सचिव श्री माधवराज पौडेल र परिवारका सचिव श्री ध्रुव श्रेष्ठले गर्नुभएको थियो ।

८. मिति २०६१।०५।२१ गते शुक्ला साहित्य समिति बाटुलेचौरको स्थानीय आयोजकत्वमा श्री विन्ध्यवासिनी उच्च मा.वि.को सभाकक्षमा समितिका अध्यक्ष श्री रामबहादुर बानियाको सभापतित्व एवं साहित्कायर तथा संस्कृतिकर्मी श्री तीर्थ श्रेष्ठको प्रमुख आतिथ्यतामा कवि गोष्ठी सम्पन्न भयो । कार्यक्रमको सुरुमा समितिका उपाध्यक्ष श्री ताराप्रसाद तिमिल्सिनाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रममको औचित्य एवं प्भावकारीता सम्बन्धमा अभियानका संयोजक श्री भोजबहादुर जि.सी.ले प्रकाश पार्नुभएको थियो । उक्त कवि गोष्ठीमा अभियानमा संलग्न २१ जना र स्थानीय ११ जना गरी ३२ जना कवि कवयत्रीहरूले

काव्य वाचन गरेका थिए । समितिका पूर्व अध्यक्ष कुलबहादुर के.सी. कवि तेजनाथ घिमिरे, लगायतकाले मन्तव्य व्यक्त गरेको कार्यक्रममा स्थानीय संघसंस्थाका प्रतिनिधि, बुद्धिजीवी, शिक्षक, विद्यार्थीहरू गरी १८६ जनाको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमको संचालन समितिका सचिव अग्निधर शर्मा तथा पो.यु.सां.प.का सहसचिव जीवन 'सागर' भण्डारीले गर्नुभएको थियो ।

९. अभियानको अन्तिम कार्यक्रम समापन समारोहको रुपमा मिति २०६१।०६।१ मा स्थानीय बालमन्दिर, नदीपुरमा दिउँसो ३:०० बजे अभियानमा संलग्न साहित्यकारहरूद्वारा सिर्जित रचनाहरू, चौध कार्यालयका प्रमुखहरूद्वारा व्यक्त प्रतिवद्धताहरूलाई समाहित गरी 'उत्खनन' शीर्षात्मक पुस्तक प्रकाशन गरी चौध कार्यालयका प्रमुखहरूद्वारा विमोचन गरिने कार्यक्रम निश्चित गरिएको छ ।

यसरी पोखरा र यसको वरिपरिका विभिन्न ७ क्षेत्रहरूमा संचालन गरिएको कवि गोष्ठीबाट सहभागी साहित्यकारहरूको उद्देश्यअनुरुपको रचना शिल्पमा परिस्कृतता आएको, अभियानबाट व्यापक जनचेतना अभिवृद्धि गर्ने कार्यमा उल्लेखनीय उपलब्धी हासिल भएको, सर्वत्र चर्चा र चासो बढेको, स्थानीय कविहरूलाई भ्रष्टाचार र सुशासनका सम्बन्धमा रचना सिर्जना गर्नमा अभिप्रेरणा मिलेको र भ्रष्टाचारीहरूलाई सामाजिक रुपमा बाहिस्कार गर्नुपर्ने सन्देश फिँजिएको सर्वत्र महसुस गरिएको छ ।

अभियानमा संलग्न कविहरूद्वारा प्रत्येकले ३ वटाको दरले १११ वटा रचनाहरू र स्थानीय कविहरूद्वारा सिर्जित ४९ गरी जम्मा १६० वटा रचनाहरू ८४८ मानिसहरूले श्रवण गर्ने अवसर पाएका थिए । कार्यक्रम भएका सबै ठाउँमा सिर्जनशील कलाकार समूहद्वारा सिर्जित व्यङ्ग्य चित्रहरू पनि प्रदर्शित गरिएको थियो र उक्त चित्रहरू पनि सबै स्थानका उपस्थिति महानुभावहरूद्वारा बडो रुचिपूर्वक अवलोकन गरिएको थियो ।

नेपालमै पहिलो पटक नवीन प्रयोगको रुपमा संचालित यस अभियानको सम्बन्धमा विभिन्न स्थानीय तथा राष्ट्रिय सञ्चार माध्यमहरूले उच्च प्राथमिकता दिई समाचार सम्प्रेषण गरेका थिए ।

❑❑❑

# पोखरेली युवा सांस्कृतिक परिवारको सम्बन्धमा

पोखरेली युवा सांस्कृतिक परिवारको जन्म २०३४ सालमा पोखराका केही उत्साही युवाहरूको पहलमा भयो । नेपाली साहित्य, कला र संगीतको उत्थान र प्रर्बद्धन गर्ने आकांक्षाका साथ स्थापित यस संस्थाले आफ्नो २७ वर्षको लामो इतिहास पार गरिसकेको छ ।

संस्था जन्मनु ठूलो कुरा होइन तर यसलाई संस्थागत् रुप दिई निरन्तरता प्रदान गर्नु ठूलो कुरा हो । स्थानीयतवरमा साहित्य, संगीत र कलासँग सम्बन्धित व्यक्तिहरूलाई संगठित गरी उनीहरूको सिर्जनाको जगेर्ना गर्दै उनीहरूलाई साहित्यिक, सांगीतिक र कलाको अनुकूल वातावरण सिर्जना गर्नु परिवारको मुख्य उद्देश्य हो । यसका लागि परिवारले मासिक रुपमा समता काव्य सन्ध्याको आयोजना गरिरेहको छ र हामीले १३४ औं समता काव्य सन्ध्या सफलतापूर्वक सम्पन्न गरिसकेका छौं । हरेक महिनाको पहिलो शनिबार पोखरा नदीपुरको बालमन्दिरमा समता काव्यसन्ध्या सम्पन्न हुने गर्दछ । त्यसैगरी हरेक २/२ महिनाको तेस्रो शनिबार समता सांगीतिक कार्यक्रम र हरेक ३/३ महिनाको अन्तिम शनिबार समता कला कार्यशालाको आयोजना गर्दै आइरहेका छौं । साथसाथै परिवारले विभिन्न समयमा भिन्न भिन्न साहित्यिक एवं गैर साहित्यिक संघसंस्थाहरूसँग मिलेर विभिन्न साहित्यिक गतिविधिहरूमा सक्रिय भूमिका निर्वाह गरेको छ । ग्रामीण कविता यात्रा, राष्ट्रकविको रथारोहण, तालमाथि कविता, भ्रष्टाचार विरुद्ध साहित्यिक अभियान-२०६१, बहुभाषिक कवि गोष्ठी, पश्चिमाञ्चल क्षेत्रीय कवि गोष्ठीजस्ता महत्वपूर्ण कार्यक्रमहरू परिवारबाटै गरिएका हुन् । अन्य परिवारका उल्लेखनीय कार्यहरूमध्ये नेपालमै पहिलो पटक टिकटमा मुक्तक कार्यक्रम २०३५ सालमा परिवारले नै संचालन गरेको थियो । परिवारका अन्य कार्यक्रम जस्तै फत्तेमान साँझ, चिनीयाँ तथा जापानी कविहरूसँगको अन्तरक्रिया कार्यक्रम, आख्यान शतवार्षिकीका उपलक्ष्यमा आख्यान विशेष कार्यक्रम, राष्ट्रिय समसामयिक चित्रकला प्रदर्शनी आदि पनि उल्लेखनीय रहेका छन् ।

प्रकृतिको राजधानी पोखरालाई संस्थागत् रुपमै संस्कृतिको पनि राजधानी बनाउने पहल भैरहेको छ । पोखराबाट राष्ट्रिय वाङ्मयलाई नै

प्रभावित पार्ने धेरै साहित्यकारहरू, कलाकारहरू र संगीतकारहरू जन्मेका छन् । उनीहरूको यथोचित सम्मान गर्ने, नवोदित प्रतिभाहरूलाई समुचित प्रेरणा र प्रोत्साहन प्रदान गर्ने पुरस्कारहरू कुनै क्षेत्रबाट पनि स्थापना गरिएका थिएनन् । वाङ्मयिक क्षेत्रको यस अभावलाई दृष्टिगत् गरी परिवारले तीन विशेष पुरस्कारहरू यसै क्षेत्रबाट स्थापना एवं संचालन गरेको छ । शिरोमणि पुरस्कार प्रत्येक २/२ वर्षमा गण्डकी क्षेत्रमा रही वाङ्मयिक विकासमा आजीवन उल्लेखनीय योगदान दिने साधकलाई प्रदान गरिने गरिन्छ । नेत्रस्मृति पुरस्कार पनि हरेक २/२ वर्षमा साहित्य, कला, संगीतको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने युवा प्रतिभालाई प्रदान गरिने गरिन्छ भने ललितकला पुरस्कार गण्डकी अञ्चलमा रही ललितकलाको क्षेत्रमा विशेष योगदान दिने प्रतिभालाई प्रत्येक दुई वर्षमा प्रदान गरिने गरिन्छ । परिवारको अर्को महत्वपूर्ण काम भनेको चन्द्रलक्ष्मी सिर्जनाग्राम रहेको छ । लगभग ६० प्रतिशत काम सकिइसकिएको चन्द्रलक्ष्मी सिर्जनाग्राम दक्षिण एशियामा नै नौलो र महत्वपूर्ण आयाम हो । स्वदेशी तथा विदेशी कला, संगीत र साहित्य साधकहरूलाई शान्त, सुरम्य र तनावरहीत वातावरणमा आफ्नो साधना सिर्जना गर्ने उपयुक्त वातावरण सिर्जना गर्नु सिर्जनाग्रामको प्रमुख उद्देश्य हो । परिवारको सचिवालयदेखि करिब २ कीमी पश्चिम सराङकोट जाने बाटोमा पर्ने लामागाउँमा सिर्जनाग्राम अवस्थित छ । यातायात, खानेपानी, संचारसुविधालगायत अन्य आवश्यकीय सुविधाहरूले सुसज्जित चन्द्रलक्ष्मी सिर्जनाग्राम पोखराका लागि मात्र नभै राष्ट्रका लागि नै महत्वपूर्ण सम्पदा हो भन्ने हामीलाई लागेको छ ।

यसरी परिवारले आफ्नो स्थापना समयदेखि नै साहित्य, कला, संगीत र संस्कृतिका विविध उद्देश्यहरू राखेर स्थानीय रुपमा संगठित हुँदै यस क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । नेपाली वाङ्मयिक गतिविधिका संस्थागत इतिहासलाई हेर्ने हो भने अधिराज्यभरिका वाङ्मयिक संघसंस्थाहरूमा यो संस्था (परिवार) अविच्छिन्नरुपले सर्वाधिक कृयाशील संस्थाको रुपमा परिचित एवं प्रतिष्ठित भएको छ ।

**ध्रुवराज श्रेष्ठ**

सचिव, पोयुसाँप

## भ्रष्टाचारका विरुद्धमा जुर्मुराए पोखरेली कविहरू

## क्या मजाको शुभ–कामना

